رئاسة الشؤون الدينية
بالمسجد الحرام والمسجد النبوي

नेपाली | نيبالي | مَا لَا يَسَعُ المُسْلِمَ جَهْلُهُ

# मुस्लिमले जान्नैपर्ने कुराहरू

वैज्ञानिक समिति

मस्जिद हराम र मस्जिद नबवीका धार्मिक मामिलाहरूको अध्यक्षतामा

ⓗ جمعية خدمة المحتوى الإسلامي باللغات ، ١٤٤٧هـ

جمعية خدمة المحتوى الإسلامي باللغات
ما لا يسع المسلم جهله - نيبالي. / جمعية خدمة المحتوى
الإسلامي باللغات .- الرياض ، ١٤٤٧هـ
..ص ؛ ..سم

رقم الإيداع: ١٤٤٧/١٤٣٢٦
ردمك: ٩-١٢٢-٥١٧-٦٠٣-٩٧٨

# مَا لَا يَسَعُ المُسْلِمَ جَهْلُهُ

# मुस्लिमले जान्नैपर्ने कुराहरू

اللَّجْنَةُ العِلْمِيَّةُ

بِرِئَاسَةِ الشُّؤُونِ الدِّينِيَّةِ بِالمَسْجِدِ الحَرَامِ وَالمَسْجِدِ النَّبَوِيِّ

वैज्ञानिक समिति

मस्जिद हराम र मस्जिद नबवीका धार्मिक मामिलाहरूको अध्यक्षतामा

# प्रस्तावना

सम्पूर्ण प्रशंसा एवं महिमागानहरू अल्लाहकै लागि छन्, जो सम्पूर्ण जगतका पालनकर्ता हुनुहुन्छ।

दरूद र सलाम (शान्ति र आशिर्वाद) अवतरण होस् सम्पूर्ण जगतको लागि दया स्वरूप पठाइएका (रसूल) माथि, उहाँका समस्त घरपरिवार, सहाबा (साथी) हरू र महाप्रलयको दिनसम्म उहाँको सुन्नत (तरिका) र मार्गदर्शनलाई अनुसरण गर्ने सम्पूर्ण व्यक्तिहरूमाथि, अम्मा बाद (तत्पश्चात):

यो एउटा संक्षिप्त पुस्तिका हो, जसमा एक मुस्लिमलाई आफ्नो आस्था, इबादत र व्यवहारमा आवश्यक पर्ने सबैभन्दा महत्त्वपूर्ण कुराहरू समावेश गरिएका छन्।

हामीले  यसलाई हज (तीर्थयात्रा) को लागि मक्का र मदीनामा आउने पुरुष र महिलाहरूका लागि संकलन गरेका छौं, ताकि तिनीहरू आफ्नो धर्मको मामिलामा जानकार र बुद्धिवान हुन सकून्।

यो कार्यलाई लाभदायक र आफ्नो लागि विशुद्ध बनाउन् भनेर हामी अल्लाहसँग प्रार्थना गर्दछौं। निस्सन्देह, उहाँ नै सर्वोत्तम याचना गरिने र सबैभन्दा उदार हुनुहुन्छ।

***

*बिस्मिल्ला हिर्रहमा निर्रहीम*

# पहिलो *अध्याय*

## अकीदा *(आस्था)* को बारेमा

### पहिलो विषय: इस्लामको अर्थ र स्तम्भहरू:

**इस्लामको अर्थ:** तौहीद (एकेश्वरवाद) र उहाँको आज्ञाकारिता मार्फत अल्लाहप्रति समर्पित हुनु तथा शिर्क (बहुदेववाद) र यसका मानिसहरूबाट अलग हुनु हो।

**यसका पाँचवटा स्तम्भहरू छन्:**

- **पहिलो:** अल्लाह बाहेक कोही सत्य ईश्वर छैन र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका रसूल हुनुहुन्छ भन्ने गवाही दिनु।
- **दोस्रो:** सलाह (नमाज) कायम गर्नु।
- **तेस्रो:** जकात दिनु।
- **चौथो:** रमजानको रोजा राख्नु।
- **पाँचौं:** सक्षम व्यक्तिले अल्लाहको पवित्र घरको हज गर्नु।

**तौहीद (एकेश्वरवाद) को महत्त्व:**

जानिराख, अल्लाहले मानवजातिलाई केवल आफ्नो उपासना गर्न र आफ्नो उपासनामा अरू कसैलाई साझेदार नगर्नको लागि सृष्टि गर्नुभएको हो। अल्लाहले भन्नुभएको छः

﴿وَمَا خَلَقۡتُ ٱلۡجِنَّ وَٱلۡإِنسَ إِلَّا لِيَعۡبُدُونِ ٥٦﴾

अर्थ: "मैले जिन्न र मानवलाई केवल आफ्नो उपासनाको लागि सृष्टि गरेको हुँ।" (अज्जारियात: ५६)

यो उपासनालाई ज्ञानद्वारा मात्र जान्न सकिन्छ, अल्लाहले भन्नुभएको छः

﴿فَٱعۡلَمۡ أَنَّهُۥ لَآ إِلَٰهَ إِلَّا ٱللَّهُ وَٱسۡتَغۡفِرۡ لِذَنۢبِكَ وَلِلۡمُؤۡمِنِينَ وَٱلۡمُؤۡمِنَٰتِۗ وَٱللَّهُ يَعۡلَمُ مُتَقَلَّبَكُمۡ وَمَثۡوَىٰكُمۡ ١٩﴾

अर्थ: "जानिराख, अल्लाह बाहेक कोही सत्य उपास्य छैन, आफ्नो र आस्थावान पुरुष तथा आस्थावान महिलाहरूको पापका लागि क्षमायाचना गर्नुहोस्। अल्लाह तिमीहरूको चालचलन र विश्रामस्थललाई राम्ररी जान्नुहुन्छ।" (मुहम्मद: १९)

उहाँले भनाइ र कर्मभन्दा पहिले ज्ञानबाट सुरुवात गर्नुभयो। त्यसैले, मुस्लिमले सबैभन्दा पहिले अल्लाहको तौहीद (एकेश्वरवाद) सिक्नु पर्छ; किनभने यो धर्मको मूल आधार हो। धर्म, तौहीद (एकेश्वरवाद) मा आधारित छ र यो नै मुस्लिमको पहिलो र अन्तिम कर्तव्य हो। तौहीद (एकेश्वरवाद) इस्लामको पहिलो स्तम्भ हो, जुन प्रत्येक मुस्लिमले जान्नु र अभ्यास गर्नु पर्छ। यसका पाँच स्तम्भहरू छन्।

अब्दुल्लाह बिन उमर (रजियल्लाहु अन्हुमा) को हदीसमा छ, उनले बयान गरेका छन्: मैले रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्दै गरेको सुने:

«بُنِيَ الإِسْلَامُ عَلَى خَمْسٍ: شَهَادَةِ أَنْ لَا إِلَهَ إِلَّا اللَّهُ وأَنَّ مُحَمَّدًا رَسُولُ اللَّهِ، وَإِقَامِ الصَّلَاةِ، وَإِيتَاءِ الزَّكَاةِ، وَحَجِّ البَيْتِ، وصَوْمِ رَمَضَانَ».

अर्थ: "इस्लाम पाँच स्तम्भहरूमा आधारित छ: अल्लाह बाहेक कोही सत्य ईश्वर छैन र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका रसूल हुनुहुन्छ भन्ने गवाही दिनु, सलाह (नमाज) कायम गर्नु, जकात (दान) दिनु, पवित्र घर (काबा) को हज गर्नु र रमजानको रोजा राख्नु।"[1]

त्यसैले मुस्लिमले तौहीदको अर्थ सिक्नु अनिवार्य हो; यो अल्लाहको उपासना हो। त्यसैले उहाँको उपासनामा अरू कसैलाई साझेदार गर्नु हुँदैन; न त कुनै नजिकको स्वर्गदूतलाई न त पठाइएको कुनै पैगम्बर आदिलाई।

**'लाइलाहा इल्लल्लाह' को गवाहीको अर्थ:**

अल्लाह बाहेक कोही सत्य ईश्वर छैन भन्ने कुरा दृढ विश्वासका साथ स्वीकार गर्नु सेवकको कर्तव्य हो। अत: उसले केवल अल्लाहको उपासना गर्नुपर्छ र सबै प्रकारका उपासनाहरू केवल उहाँप्रति समर्पित गर्नुपर्छ; जस्तै: दुआ, भय, आशा, भरोसा र अन्य।

[1] यसलाई इमाम बुखारीले नम्बर (८) मा वर्णन गरेका छन्।

**गवाही दुई स्तम्भहरू बिना पूरा हुँदैन:**

**पहिलो:** अल्लाह बाहेकका समस्त पूज्यहरू, देवीदेवता र तागुतहरूको उपासनालाई अस्वीकार गर्नु।

**दोस्रो:** सबै प्रकारका उपासनाहरू अरू कसैको लागि नभई, केवल अल्लाहको लागि स्थापित गर्नु। अल्लाहले भन्नुभएको छः

﴿وَلَقَدۡ بَعَثۡنَا فِي كُلِّ أُمَّةٖ رَّسُولًا أَنِ ٱعۡبُدُواْ ٱللَّهَ وَٱجۡتَنِبُواْ ٱلطَّٰغُوتَ... ﴾

अर्थ: "हामीले प्रत्येक समुदायमा पैगम्बर पठायौं, ताकि मानिसहरू अल्लाहकै उपासना गरुन् र उहाँ बाहेक उपासना गरिने समस्त पुज्यहरूलाई त्यागिहालुन्...।" (अन्-नहल: ३६)

**'ला इलाह इल्लल्लाह' का शर्तहरू:**

पहिलोः यस्तो ज्ञान जुन अज्ञानता विरूद्ध होस्।

दोस्रोः यस्तो यकिन जुन सन्देह विरूद्ध होस्।

तेस्रोः यस्तो निष्ठा जुन बहुदेववाद विरूद्ध होस्।

चौथोः यस्तो सत्यता जुन झूट विरूद्ध होस्।

पाचौं: यस्तो प्रेम जुन घृणा विरूद्ध होस्।

छैठौं: यस्तो अनुशरण जुन परित्याग विरूद्ध होस्।

सातौं: यस्तो स्वीकृति जुन अस्वीकृति विरूद्ध होस्।

आठौँ: अल्लाह बाहेक जे-जसको पूजा गरिन्छ, त्यसलाई अस्वीकार गर्नु।

यी सर्तहरूलाई पालना गर्नु अनिवार्य छ, जसलाई निम्न दुई पङ्क्तिहरूमा समेटिएको छ:

ज्ञान, विश्वास, निष्ठा एवं सत्यता, यिनका साथ-साथै प्रेम, समर्पण र स्वीकृति। अनि आठौं शर्त थपिएको छ; अल्लाह बाहेक सबै झूटा देवताहरूलाई अस्वीकार गर्नु।

**गवाहीको अभिलाषा:** गवाहीलाई साकार पार्नु भनेको कुनै साझेदार नठहराई केवल अल्लाहको उपासना गर्नु र उपासनालाई केवल उहाँकै लागि शुद्ध राख्नु हो।

तसर्थ असल भक्तले अल्लाह बाहेक अरू कसैलाई पुकार्दैन, अल्लाह बाहेक अरू कसैमा भर पर्दैन, अल्लाह बाहेक अरू कसैसँग आशा गर्दैन, अल्लाह बाहेक अरू कसैको लागि नमाज पढ्दैन र सर्वशक्तिमान अल्लाह बाहेक अरू कसैको लागि कुरबानी गर्दैन।

त्यसैले केही मानिसहरूले जुन चिहानहरूको परिक्रमा गर्छन्, त्यहाँ चिहानमा भएकाहरूसित सहायता माग्छन् र अल्लाहलाई छोडेर उनीहरूलाई पुकार्छन्; यो उपासना मा शिर्क हो।

त्यसैले यसबाट सतर्क रहनु पर्छ र यसको विरुद्ध सचेत गर्नुपर्छ; किनकि यो अल्लाहको सट्टा मूर्तिहरू, ढुङ्गाहरू र रुखहरूको पूजा गर्ने मुशरिकहरूको कार्य जस्तै हो।

यो त्यही शिर्क हो जसको विरुद्ध चेतावनी दिन र निषेध गर्न किताबहरू अवतरण गरियो र रसूलहरू पठाइयो।

**मुहम्मद अल्लाहका सन्देष्टा हुनुहुन्छ भन्ने गवाहीको अर्थः**

उहाँको आदेशको पालना गर्नु, उहाँले दिनुभएको खबरमा विश्वास गर्नु, उहाँले हराम (निषेध) गर्नुभएको कुराबाट टाढा रहनु र उहाँको तरिका अनुसार नै अल्लाहको उपासना गर्नु।

मुस्लिमले यो कुरा स्वीकार गर्दछ, मुहम्मद बिन अब्दुल्लाह अल-कुरशी अल-हाशिमी; जिन्न र मानव लगायत सम्पूर्ण सृष्टिका लागि महान् अल्लाहका रसूल हुनुहुन्छ। अल्लाहले भन्नुभएको छः

﴿قُلۡ يَٰٓأَيُّهَا ٱلنَّاسُ إِنِّي رَسُولُ ٱللَّهِ إِلَيۡكُمۡ جَمِيعًا...﴾

अर्थ: "भन, हे मानवजाति हो, म तिमीहरू सबैका लागि अल्लाहको रसूल (सन्देष्टा) हुँ...।" (अल्-आअराफ: १५८)

अल्लाहले उहाँलाई आफ्नो धर्मको प्रचार र सृष्टिको मार्गदर्शनका लागि पठाउनुभयो, अल्लाहले भन्नुभएको छः

﴿وَمَآ أَرۡسَلۡنَٰكَ إِلَّا كَآفَّةٗ لِّلنَّاسِ بَشِيرٗا وَنَذِيرٗا وَلَٰكِنَّ أَكۡثَرَ ٱلنَّاسِ لَا يَعۡلَمُونَ ٢٨﴾

अर्थ: "हामीले तपाईंलाई सम्पूर्ण मानवजातिका लागि दया, शुभसूचना दिने र सचेतक बनाएर पठाएका छौं, तर धेरैजसो मानिसहरू जान्दैनन्।" (सूरह सबाः २८)

अल्लाहले भन्नुभएको छः

﴿وَمَآ أَرۡسَلۡنَٰكَ إِلَّا رَحۡمَةٗ لِّلۡعَٰلَمِينَ ١٠٧﴾

अर्थ: "हे मुहम्मद! "हामीले तपाईंलाई सम्पूर्ण जगतको निम्ति दया र

करुणा बनाएर पठाएका छौं।" (अल्-अम्बिया: १०७)

**यस गवाहीको अभिलाषा:** अल्लाहका रसूल (सल्लल्लाहु अलैहि व सल्लम) लाई ब्रह्माण्डमाथि प्रभुत्व, नियन्त्रण वा उपासना गरिने कुनै अधिकार छैन भनेर विश्वास गर्नु।

बरु, उहाँ (सल्लल्लाहु अलैहि वसल्लम) एक सेवक हुनुहुन्छ, जसको पूजा गरिँदैन र एक रसूल हुनुहुन्छ जसलाई झुठो ठहर्याउन सकिदैन।

उहाँलाई आफू वा अरूलाई फाइदा वा हानि पुर्‍याउने कुनै अधिकार राख्दैन, तर त्यति मात्र जति अल्लाहले चाहेको हुन्छ। अल्लाहले भन्नुभएको छः

﴿قُل لَّآ أَقُولُ لَكُمۡ عِندِي خَزَآئِنُ ٱللَّهِ وَلَآ أَعۡلَمُ ٱلۡغَيۡبَ وَلَآ أَقُولُ لَكُمۡ إِنِّي مَلَكٌۖ إِنۡ أَتَّبِعُ إِلَّا مَا يُوحَىٰٓ إِلَيَّۚ...﴾

अर्थ: "भन, म तिमीहरूलाई यो भन्दिन, मसँग अल्लाहका खजानाहरू छन् वा म अदृश्य जान्दछु, म तिमीहरूलाई यो भन्दिन, म स्वर्गदूत हुँ। म केवल त्यस प्रकाशनाको अनुसरण गर्दछु जुन ममाथि अवतरित गरिन्छ..।" (अनआम्: ५०)

## दोस्रो विषयः इमानको अर्थ र आधारहरू:

**ईमान (आस्था):** भनेको हृदयले स्वीकार गर्नु, मुखले उच्चारण गर्नु र हृदय तथा अङ्गहरूद्वारा कार्य गर्नु हो। ईमान; आज्ञाकारिताले बढ्छ र अवज्ञाले घट्छ।

तसर्थ, ईमान, उपासनाको वैधता र स्वीकृतिको लागि एक शर्त हो। जसरी बहुदेववाद र कुफ्र (अधर्मी) ले समस्त सत्कर्महरूलाई नष्ट गर्छ, अल्लाहले वुजू बिना नमाज स्वीकार गर्नुहुन्न, त्यसरी उहाँले ईमान बिना उपासना पनि स्वीकार गर्नुहुन्न। अल्लाहले भन्नुभएको छः

﴿وَمَن يَعۡمَلۡ مِنَ ٱلصَّٰلِحَٰتِ مِن ذَكَرٍ أَوۡ أُنثَىٰ وَهُوَ مُؤۡمِنٞ فَأُوْلَٰٓئِكَ يَدۡخُلُونَ ٱلۡجَنَّةَ وَلَا يُظۡلَمُونَ نَقِيرٗا ١٢٤﴾

अर्थ: "जसले आस्थावान भएर सत्कर्म गर्छ, चाहे पुरुष होस् वा महिला, तिनीहरू स्वर्गमा प्रवेश गर्नेछन् र उनीहरूलाई खजूरको गुठली माथिको निकै पात्लो झिल्ली बराबर पनि अन्याय गरिने छैन।" (अन्निसाः १२४)

बहुदेववादले असल कर्महरूलाई बर्बाद गर्छ, अल्लाहले भन्नुभएको छः

﴿وَلَقَدۡ أُوحِيَ إِلَيۡكَ وَإِلَى ٱلَّذِينَ مِن قَبۡلِكَ لَئِنۡ أَشۡرَكۡتَ لَيَحۡبَطَنَّ عَمَلُكَ وَلَتَكُونَنَّ مِنَ ٱلۡخَٰسِرِينَ ٦٥﴾

अर्थ: "तपाईं र तपाईंभन्दा अघिका (नबी) हरूलाई पहिले नै यो प्रकाशना गरिएको थियो, यदि तिमीले शिर्क गर्यौ भने निश्चय नै तिम्रो सबै कर्म व्यर्थ हुनेछ र तिमी अवश्य नै घाटा बेहोर्नेहरूमध्ये हुनेछौ।" (अज्जुमरः ६५)

**इमानका ६ वटा आधारहरू छन्:** अल्लाह, उहाँका फरिश्ताहरू, उहाँका ग्रन्थहरू, उहाँका दूतहरू, अन्तिम दिन र राम्रो नराम्रो भाग्यमाथि ईमान राख्नु।

## १) अल्लाहमाथि ईमान, जसमा तीन कुराहरू समावेश छन्:

### १. उहाँको रूबूबियतमाथि ईमान:

अल्लाहलाई उहाँका कार्यहरूमा एक मान्नु हो; जस्तै सृष्टि गर्नु, जीविका दिनु, जीवन दिनु र मृत्यु दिनु, अल्लाह बाहेक न त कोही सृष्टिकर्ता छ, न पालनकर्ता, न जीवनदाता, न मृत्युदाता र न त उहाँ बाहेक ब्रह्माण्डको संचालन गर्ने कोही छ।

केही अहंकारी बाहेक कुनै पनि सृष्टिले महान् अल्लाहको प्रभुत्वलाई अस्वीकार गरेका छैन। जस्तो फिरऔन, जब उसले आफ्नो समुदायलाई भन्यो:

﴿...أَنَا رَبُّكُمُ الْأَعْلَىٰ﴾

अर्थ: "...म तिमीहरूको सर्वोच्च प्रभु हुँ।" (अन्नाजिआत:: २४)

तर त्यो आस्थाको बारेमा होइन, अल्लाहले मूसा (अलैहिस्सलाम) को बारेमा भनेको छः

﴿قَالَ لَقَدۡ عَلِمۡتَ مَآ أَنزَلَ هَٰٓؤُلَآءِ إِلَّا رَبُّ ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضِ بَصَآئِرَ وَإِنِّي لَأَظُنُّكَ يَٰفِرۡعَوۡنُ مَثۡبُورٗا ١٠٢﴾

अर्थ: "मूसाले भने, तिमीलाई थाहा छ, आकाश र पृथ्वीको पालनकर्ता बाहेक अरू कसैले यी निशानीहरू स्पष्ट प्रमाणको रूपमा पठाएको छैन।

हे फिरऔन, म सोच्दछु निःसन्देह, तिमी बर्बाद हुनेछौ।" (अल् इस्रा: १०२)

अल्लाहले भन्नुभएको छः

﴿وَجَحَدُوا بِهَا وَاسْتَيْقَنَتْهَا أَنْفُسُهُمْ ظُلْمًا وَعُلُوًّا...﴾

अर्थ: "उनीहरूले अन्याय र अहंकारले गर्दा अस्वीकार गरे, जबकि उनीहरूको आत्मा तिनीहरूमा विश्वस्त थियो...।" (अन्नमल: १४)

यो पृथ्वीमा पाइने प्राणीहरूको एक सृष्टिकर्ता हुनुपर्छ। पृथ्वीले आफैंले आफैंलाई सिर्जना गर्न सक्दैन; किनभने कुनै पनि वस्तु आफैं सिर्जना हुँदैन र संयोगवश हुन सम्भव छैन। किनकि हरेक घटनाको कारण हुनुपर्छ। यस संसारको अद्भुत प्रणाली र उत्कृष्ट व्यवस्थाले यसको उत्पत्ति संयोगवश भएको हो भन्ने कुरालाई मिथ्या साबित गर्दछ, त्यसकारण, यसको एक सृष्टिकर्ता हुनुपर्छ र उहाँ अल्लाह हुनुहुन्छ, जो सम्पूर्ण ब्रह्माण्डका (रब) पालनकर्ता हुनुहुन्छ। अल्लाहले भन्नुभएको छः

﴿أَمْ خُلِقُوا مِنْ غَيْرِ شَيْءٍ أَمْ هُمُ الْخَالِقُونَ ﴿٣٥﴾ أَمْ خَلَقُوا السَّمَاوَاتِ وَالْأَرْضَ ۚ بَل لَّا يُوقِنُونَ ﴿٣٦﴾﴾

अर्थ: "के तिनीहरू शून्यबाट सृष्टि गरिएका हुन् वा तिनीहरू नै सृष्टिकर्ता हुन्? वा तिनीहरूले आकाशहरू र पृथ्वी सृष्टि गरेका हुन्? बरु, तिनीहरू ईमान ल्याउदैनन्।" (अत्तूर: ३५-३६)

मुश्रिक (बहुदेववादी) हरूले अल्लाहको उपासनामा अरुलाई साझेदार बनाए पनि उहाँको प्रभुत्वलाई स्वीकार गर्थे, तैपनि यसले

उनीहरूलाई इस्लाममा प्रवेश गराएनन्। नबी (सल्लल्लाहु अलैहि व सल्लम) ले उनीहरूसित युद्ध गर्नुभयो र उनीहरूको जीउधन हलाल ठहराउनुभयो; किनभने उनीहरूले उपासनामा शिर्क गरेका थिए, तिनीहरूले उहाँ बाहेक अरूको पूजा गरे, जस्तै मूर्तिहरू, ढुङ्गाहरू, स्वर्गदूतहरू आदि इत्यादि।

**२. उहाँको उलूहियत (ईश्वरत्व) माथि ईमान:**

उहाँको ईश्वरत्वमा आस्था राख्नु, अर्थात्: उहाँ मात्र साँचो ईश्वर हुनुहुन्छ र उहाँको कुनै साझेदार छैन। "इलाह" को अर्थ यस्तो पूज्य हो, जसको उपासना प्रेम, श्रद्धा र समर्पणका साथ गरिन्छ।

अल्लाहले भन्नुभएको छः

﴿وَإِلَٰهُكُمۡ إِلَٰهٞ وَٰحِدٞۖ لَّآ إِلَٰهَ إِلَّا هُوَ ٱلرَّحۡمَٰنُ ٱلرَّحِيمُ ١٦٣﴾

अर्थ: "तिमीहरूको ईश्वर एउटै ईश्वर हो, उहाँ बाहेक कोही ईश्वर छैन र उहाँ अत्यन्त दयालु र कृपालु हुनुहुन्छ।" (अल्-बकरह: १६३)

जसले अल्लाह बाहेक अरु कुनै ईश्वरलाई ग्रहण गर्छ र अल्लाह बाहेक उसको पूजा गर्छ, उसको पुज्य झूटो हो।

अल्लाहले भन्नुभएको छः

﴿ذَٰلِكَ بِأَنَّ ٱللَّهَ هُوَ ٱلۡحَقُّ وَأَنَّ مَا يَدۡعُونَ مِن دُونِهِۦ هُوَ ٱلۡبَٰطِلُ وَأَنَّ ٱللَّهَ هُوَ ٱلۡعَلِيُّ ٱلۡكَبِيرُ ٦٢﴾

अर्थ: "किनभने अल्लाह नै सत्य हो र उनी बाहेक जसलाई पनि पुकार्छन्

तीं सबै असत्य हुन् र अल्लाह नै सर्वोच्च र महान् छन्।" (अल्-हज: ६२)

त्यसैले नूह (अलैहिस्सलाम) देखि मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) सम्मका सम्पूर्ण रसूलहरूले आ आफ्नो समुदायलाई केवल अल्लाहको उपासना गर्न र उहाँको उपासनामा अरु कसैलाई साझेदार नगर्न आह्वान गरे। अल्लाहले बहुदेववादीहरूले गैरुल्लाहलाई पूजा गर्ने र तिनीहरूबाट सहायता र मद्दत खोज्ने कार्यलाई दुईवटा तार्किक प्रमाणद्वारा खण्डन गर्नुभएको छ:

**पहिलो:** यी देवीदेवताहरू जसलाई मानिसहरूले ईश्वर बनाएका छन् तिनीहरूमा ईश्वरत्वको कुनै पनि विशेषता छैन। वास्तवमा तिनीहरू स्वयं सृष्ट हुन्, सृष्टिकर्ता होइनन्। तिनीहरूले आफ्ना उपासकहरूलाई कुनै लाभ दिन सक्दैनन्, न त उनीहरूबाट कुनै हानि हटाउन सक्छन्। उनीहरूलाई नत जीवनको अधिकार प्राप्त छ, नत मृत्युको, नत पुनः जीवित भई उठ्ने कुराको। अल्लाहले भन्नुभएको छः

﴿وَٱتَّخَذُواْ مِن دُونِهِۦٓ ءَالِهَةً لَّا يَخۡلُقُونَ شَيۡـًٔا وَهُمۡ يُخۡلَقُونَ وَلَا يَمۡلِكُونَ لِأَنفُسِهِمۡ ضَرًّا وَلَا نَفۡعًا وَلَا يَمۡلِكُونَ مَوۡتًا وَلَا حَيَوٰةً وَلَا نُشُورًا ٣﴾

अर्थ: "तिनीहरूले अल्लाह बाहेक त्यस्ता देवी-देवताहरू बनाएका छन्, जसले केही पनि सृष्टि गर्दैनन्, बरु तिनीहरू स्वयम् सृष्टि हुन्, उनीहरूलाई नत आफ्नो हानिको अधिकार प्राप्त छ नत लाभको। उनीहरूलाई नत मृत्युको अधिकार प्राप्त छ नत जीवनको र नत पुनः जीवित भई उठ्ने कुराको।" (अल् फुर्कानः ३)

**दोस्रो:** सर्वशक्तिमान अल्लाह एकमात्र सृष्टिकर्ता र व्यवस्थापक हुनुहुन्छ भन्ने कुरालाई यी बहुदेववादीहरूले स्वीकार गर्थे। यसले गर्दा उनीहरूले उपासनामा पनि उहाँको एकतालाई स्वीकार गर्नु आवश्यक छ, जसरी उनीहरूले प्रभुत्वमा उहाँको एकतालाई स्वीकार गरेका थिए। अल्लाहले भन्नुभएको छः

﴿قُل لِّمَنِ ٱلۡأَرۡضُ وَمَن فِيهَآ إِن كُنتُمۡ تَعۡلَمُونَ ٨٤ سَيَقُولُونَ لِلَّهِۚ قُلۡ أَفَلَا تَذَكَّرُونَ ٨٥
قُلۡ مَن رَّبُّ ٱلسَّمَٰوَٰتِ ٱلسَّبۡعِ وَرَبُّ ٱلۡعَرۡشِ ٱلۡعَظِيمِ ٨٦ سَيَقُولُونَ لِلَّهِۚ قُلۡ أَفَلَا تَتَّقُونَ
٨٧ قُلْ مَنْ بِيَدِهِ مَلَكُوتُ كُلِّ شَيْءٍ وَهُوَ يُجِيرُ وَلَا يُجَارُ عَلَيْهِ إِنْ كُنْتُمْ تَعْلَمُونَ ٨٨
سَيَقُولُونَ لِلَّهِ قُلْ فَأَنَّى تُسْحَرُونَ ٨٩﴾

अर्थ: "यदि तिमीहरूलाई थाहा छ भने भन, यो पृथ्वी र त्यसमा भएकाहरू कसको हुन्? तुरुन्त जवाफ दिनेछन्: अल्लाहको। भन्नुहोस्, त्यसो भए तिमी किन उपदेश मान्दैनौ? सोध, सात आकाशहरू र महान् सिंहासनको स्वामी को हो? तिनीहरूले भन्नेछन्, अल्लाहको, भन्नुहोस्, त्यसो भए के तिमीहरू उहाँसँग डराउँदैनौ? भन्नुहोस्, यदि तिमीहरूलाई थाहा छ भने, सबै कुराको शासन कसको हातमा छ र उहाँले सुरक्षा दिनुहुन्छ जबकि उहाँ विरुद्ध कसैले सुरक्षा दिन सक्दैन? तिनीहरूले जवाफ दिनेछन्, अल्लाहको, भन्नुहोस्, 'त्यसो भए तिमी कसरी भ्रममा परेका छौ?" (अल् मूमिनूनः ८४-८९)

जब तिनीहरूले अल्लाहको प्रभुत्वको एकतालाई स्वीकार गर्छन् भने, उनीहरूले उहाँको उपासनामा पनि उहाँको एकतालाई स्वीकार गर्नुपर्छ र उहाँको उपासनामा कसैलाई साझेदार गर्नु हुँदैन।

### ३. उहाँको अस्मा व सिफातमाथि ईमान:

अल्लाहले आफ्नो पुस्तकमा आफ्नो लागि जुन नाम र विशेषताहरू प्रमाणित गर्नुभएको छ वा उहाँको रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले हदीसमा उहाँको लागि जुन नाम र विशेषताहरू प्रमाणित गर्नुभएको छ; त्यसलाई उहाँलाई सुहाउने गरि प्रमाणित गर्नु। अर्थ परिवर्तन र अर्थ विहीन नगरिकन, त्यसको कैफियत र तुलना नगरिकन। अल्लाहले भन्नुभएको छः

﴿وَلِلَّهِ ٱلۡأَسۡمَآءُ ٱلۡحُسۡنَىٰ فَٱدۡعُوهُ بِهَاۖ وَذَرُواْ ٱلَّذِينَ يُلۡحِدُونَ فِيٓ أَسۡمَٰٓئِهِۦۚ سَيُجۡزَوۡنَ مَا كَانُواْ يَعۡمَلُونَ ١٨٠﴾

अर्थ: "अल्लाहका लागि सबैभन्दा सुन्दर नामहरू छन्, त्यसैले उहाँलाई ती नामहरूद्वारा पुकार र उहाँका नामहरूमा विचलित हुनेहरूको संगत छोड। तिनीहरूलाई तिनीहरूका कर्महरूको प्रतिफल अवश्य दिइनेछ।" (अल् अअराफः १८०) अल्लाहले भन्नुभएको छः

﴿...لَيۡسَ كَمِثۡلِهِۦ شَيۡءٞۖ وَهُوَ ٱلسَّمِيعُ ٱلۡبَصِيرُ﴾

अर्थ: "उहाँ जस्तो कोही छैन, उहाँ सर्वश्रोता र सर्वदृष्टि हुनुहुन्छ।" (अश्-शूरा: ११)

### शिर्कका तीन प्रकारहरू छन्:

१) शिर्क अक्बर (ठूलो शिर्क)।
२) शिर्क असगर (सानो शिर्क)।
३) शिर्क खफी (गुप्त शिर्क)।

### १) शिर्क अक्बर (ठूलो शिर्क):

अल्लाहका लागि विशिष्ट गरिएका कुराहरूमा गैरुल्लाहलाई उहाँको प्रतिद्वन्द्वी ठहर गर्नु। अल्लाहले भन्नुभएको छः

﴿إِذۡ نُسَوِّيكُم بِرَبِّ ٱلۡعَٰلَمِينَ ٩٨﴾

अर्थ: "जब हामीले तिमीलाई संसारका पालनकर्तासँग तुलना गर्यौं।" (अश्शुअराः ९८)

अर्थात्: अल्लाह बाहेक अरू कसैको पूजा गर्नु वा उपासनाका केही भाग गैरुल्लाहलाई समर्पण गर्नु: जस्तै दुआ गर्ने, मद्दत माग्ने, भाकल गर्ने, बलिदान दिने र अन्य प्रकारका पूजाहरू गर्ने।

वा अल्लाहले हराम गर्नुभएको कुरालाई हलाल सम्झनु वा हलाललाई हराम ठहराउनु वा अल्लाहले अनिवार्य गर्नुभएको कुरालाई बेवास्ता गर्नु, जस्तै धर्ममा निषेधित कुरालाई अनुमति दिनु; व्यभिचार, मदिरा, आमाबाबुको अवज्ञा, ब्याज वा यस्तै कुराहरूलाई हलाल ठान्नु।

अथवा अल्लाहले हलाल गर्नुभएका पवित्र वस्तुहरूलाई हराम ठहराउनु वा अल्लाहले अनिवार्य गर्नुभएको कुरालाई हटाउनु; जस्तै, नमाज अनिवार्य छैन वा रोजा अनिवार्य छैन वा जकात अनिवार्य छैन भन्ने विश्वास गर्नु।

**शिर्क अक्बर (ठूलो शिर्क)** ले सम्पूर्ण कर्महरूलाई व्यर्थ गरिदिन्छ र यसै अवस्थामा मर्ने व्यक्ति सदाको लागि नर्कमा रहनेछ।

अल्लाहले भन्नुभएको छः

﴿...وَلَوۡ أَشۡرَكُواْ لَحَبِطَ عَنۡهُم مَّا كَانُواْ يَعۡمَلُونَ﴾

अर्थ: "...यदि तिनीहरूले शिर्क गरेको भए, तिनीहरूका सबै कर्हमरू व्यर्थ हुने थिए।" (अल् अनआमः ८८)

जसले शिर्क गर्दा गर्दै मृत्युवरण गर्छ, अल्लाहले उसलाई क्षमा गर्नुहुने छैन र उसको लागि स्वर्ग निषेध छ, अल्लाहले भन्नुभएको छः

﴿إِنَّ ٱللَّهَ لَا يَغۡفِرُ أَن يُشۡرَكَ بِهِۦ وَيَغۡفِرُ مَا دُونَ ذَٰلِكَ لِمَن يَشَآءُ... ﴾

अर्थ: "निःसन्देह अल्लाह शिर्क गर्नेहरूलाई कदापी क्षमा गर्ने छैन र यस बाहेक अन्य जसलाई चाहनुहुन्छ माफ गर्नुहुन्छ...।" (अन्निसाः ४८)

अल्लाहले भन्नुभएको छ:

﴿...إِنَّهُۥ مَن يُشۡرِكۡ بِٱللَّهِ فَقَدۡ حَرَّمَ ٱللَّهُ عَلَيۡهِ ٱلۡجَنَّةَ وَمَأۡوَىٰهُ ٱلنَّارُ... ﴾

अर्थ: "निस्सन्देह, जसले अल्लाहसँग कसैलाई साझेदार बनाउँछ, अल्लाहले उसको लागि स्वर्ग निषेध गर्नुभएको छ र उसको बासस्थान नर्क हुनेछ...।" (अल् माइदाः ७२)

## २) शिर्क असगर (सानो शिर्क):

यो त्यो हो जसलाई धर्मग्रन्थहरूमा शिर्क भनिएको छ, तर यो ठूलो शिर्कको स्तरमा पुगेको हुँदैन, त्यसैले यसलाई सानो शिर्क भनिन्छ; जस्तै अल्लाहबाहेक कअबाको, नबीहरूको, नासोको र कसैको जीवन इत्यादिको कसम खानु, उहाँ (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ:

«مَنْ حَلَفَ بِغَيْرِ اللهِ فَقَدْ كَفَرَ أَو أَشْرَكَ».

अर्थ: "जसले अल्लाह बाहेक अरू कसैको कसम खायो, उसले कुफ्र वा शिर्क गर्यो।"[1]

तर यो मानिसको नियतअनुसार ठूलो (शिर्क) हुन सक्छ। यदि नबी वा कुनै शेखको कसम खाने व्यक्तिको मनमा ऊ अल्लाह समान छ वा अल्लाह सट्टा उसलाई पुकारिन्छ वा ब्रह्माण्डमाथि उसको शक्ति छ भन्ने विश्वास छ भने यो ठूलो शिर्क हुनेछ।

तर यदि गैरुल्लाहको कसम खाने व्यक्तिले यस्तो उद्देश्य राखेको छैन, बरु बानी परेको कारणले उसको जिब्रोबाट यत्तिकै निस्किएको हो भने, यो सानो शिर्क हो। यो कतिपय ठाउँमा बारम्बार हुन्छ, अतः तौहीद (एकेश्वरवाद) को सुरक्षा र संरक्षणको निम्ति यसबारे सचेत रहनु र यसबाट चेतावनी दिनु अनिवार्य छ।

---

[1] यसलाई अहमदले आफ्नो "मुस्नद" मा (६०७२) नम्बरमा, तिर्मिजीले (१५३५) नम्बरमा वर्णन गरेका छन् र यो हदीस 'हसन' हो भनेका छन्।

### ३) शिर्क खफी (गुप्त शिर्क):

यो हृदयमा बस्ने पाखण्ड र दिखावा (रिया) हो; जस्तैः मानिसहरूलाई देखाउनको लागि नमाज पढ्नु वा कुरआनको पाठ गर्नु वा आफ्नो तारिफ र प्रशंसाको लागि तस्बिह पढ्नु वा दान दिनु इत्यादि।

देखावाको लागि गरेको कर्म व्यर्थ हुन्छ, तर अल्लाहका लागि विशुद्ध रुपमा गरिएका अन्य कर्महरू व्यर्थ हुँदैन।

उहाँ (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«الشِّرْكُ فِي هَذِهِ الْأُمَّةِ أَخْفَى مِنْ دَبِيبِ النَّمْلَةِ السَّودَاءِ عَلَى الصَّفَاةِ السَّودَاءِ فِي ظُلْمَةِ اللَّيْلِ، وَكَفَّارَتُهُ أَنْ يَقُولَ: "اللَّهُمَّ إِنِّي أَعُوذُ بِكَ أَنْ أُشْرِكَ بِكَ شَيْئًا وَأَنَا أَعْلَمُ، وَأَسْتَغْفِرُكَ مِنَ الذَّنْبِ الَّذِي لَا أَعْلَمُ».

अर्थ: "यस उम्मतमा शिर्क रातको अन्धकारमा कालो चट्टानमाथि कालो कमिलाको घस्रनु भन्दा पनि बढी गोप्य छ र यसको कफ्फारा (प्रायश्चित) यो भन्नु हो: "हे अल्लाह, म जानी-जानी तिमीसँग कुनै कुराको शिर्क गर्नबाट तिम्रो शरण माग्छु र म त्यो पापको लागि तिमीसँग क्षमा माग्छु जुन मलाई थाहा छैन।"[1]

[1] यस हदीसलाई इमाम बुखारीले "अल्-अदबुल्-मुफरद" (७१६) मा, इमाम अहमदले "मुस्नद" (१९६०६) मा र अद्-दिया अल्-मक्दिसीले "अल्-अहादीस् अल्-मुख्तारह्" (१/१५०) मा उल्लेख गरेका छन् र इमाम अल्बानीले यसलाई "सहीहुल्-जामि' अस्-सगीर" (३७३१) मा सही भनेका छन्।

## कुफ्रका प्रकारहरू:

### पहिलो प्रकार: ठूलो कुफ्र:

यो नर्कमा अनन्त बासको कारण हो र यो पाँच प्रकारका हुन्छन्:

### १) झुटलाउने कुफ्र:

यो सन्देष्टाहरूलाई झुट्लाउनु हो, यो अविश्वासीहरूमा कमै हुन्छ, किनभने अल्लाहले आफ्ना रसूलहरूलाई स्पष्ट प्रमाणहरूद्वारा समर्थन गर्नुभएको छ। अल्लाहले झुट्लाउनेहरूको अवस्थाको वर्णन गर्दै भन्नुभएको छः

﴿وَجَحَدُوا بِهَا وَاسْتَيْقَنَتْهَا أَنْفُسُهُمْ ظُلْمًا وَعُلُوًّا... ﴾

अर्थ: "उनीहरूले अन्याय र अहंकारको कारणले गर्दा तिनीहरूलाई अस्वीकार गरे, जबकि उनीहरूको आत्माहरू तिनीहरूमा विश्वस्त थिए....।" (अन्-नहल: १४)

### २) घमण्ड र अहंकारको कुफ्र:

यो इब्लिसको कुफ्र (अविश्वास) जस्तै हो, किनकि उसले अल्लाहको आदेशलाई अस्वीकार वा खण्डन गरेन, बरु उसले घमण्ड र अहंकारले गर्दा इन्कार गर्यो। अल्लाहले भन्नुभएको छः

﴿وَإِذۡ قُلۡنَا لِلۡمَلَٰٓئِكَةِ ٱسۡجُدُواْ لِأٓدَمَ فَسَجَدُوٓاْ إِلَّآ إِبۡلِيسَ أَبَىٰ وَٱسۡتَكۡبَرَ وَكَانَ مِنَ ٱلۡكَٰفِرِينَ ٣٤﴾

अर्थ: "जब हामीले फरिश्ताहरूलाई आदमलाई सज्दा गर्न आदेश दियौं, तब इब्लीस बाहेक सबैले सज्दा गरे, उसले इन्कार र घमण्ड गर्यो र ऊ

काफिरमध्ये थियो।" (अल् बकरह: ३४)

**३) अहंकारको कुफ्र:** अहंकारले सत्यलाई पछ्याउनबाट आफ्नो कान र हृदयले टाढा हुनु, त्यसमा ध्यान नदिनु र त्यसको कुनै महत्त्व नदिनु हो। अल्लाहले भन्नुभएको छः

﴿وَمَنۡ أَظۡلَمُ مِمَّن ذُكِّرَ بِـَٔايَٰتِ رَبِّهِۦ ثُمَّ أَعۡرَضَ عَنۡهَآۚ إِنَّا مِنَ ٱلۡمُجۡرِمِينَ مُنتَقِمُونَ۝٢٢﴾

अर्थ: "त्यस व्यक्तिभन्दा बढी अत्याचारी को हुनसक्छ? जसलाई उसको पालनकर्ताका आयातहरूबाट सावधान गरिएको थियो। तैपनि ऊ विमुख हुन्छ। निश्चय नै हामीले अपराधीहरूसित बदला लिनेछौं।" (अस्सज्दह: २२)

आंशिक रूपमा विमुख हुनु पाप (फिस्क) हो, कुफ्र (अविश्वास) होइन; जस्तै धार्मिक कर्तव्यहरू वा उपवास वा हजको नियम सिक्नबाट विमुख हुनु आदि।

**४) शंकाको कुफ्र:** शंका र दुविधामा बस्नु र सत्यमा यकिन नगर्नु, जस्तै सर्वशक्तिमान अल्लाहको भनाइ:

﴿وَدَخَلَ جَنَّتَهُ وَهُوَ ظَالِمٌ لِنَفْسِهِ قَالَ مَا أَظُنُّ أَنْ تَبِيدَ هَذِهِ أَبَدًا ۝٣٥ وَمَا أَظُنُّ السَّاعَةَ قَائِمَةً وَلَئِنْ رُدِدْتُ إِلَى رَبِّي لَأَجِدَنَّ خَيْرًا مِنْهَا مُنْقَلَبًا ۝٣٦﴾

अर्थ: "ऊ आफ्नो बगैंचामा प्रवेश गर्यो र ऊ आफैंमाथि अन्याय गर्दै भन्यो, मलाई लाग्दैन यो बगैंचा कहिल्यै नष्ट हुन्छ। कियामत हुनेछ भन्ने मलाई लाग्दैन र यदि मलाई मेरो पालनकर्ताकहाँ फर्काइयो भने, म यो भन्दा राम्रो फर्कने ठाउँ अवश्य पाउनेछु।" (अल् कहफः ३५-३६)

**५) निफाक (कपट) को कुफ्र:**

बाहिरी रूपमा जिब्रोले इमानको घोषणा गर्नु र हृदयमा कुफ्र (अविश्वास) लुकाउनु हो। अल्लाहले भन्नुभएको छः

﴿وَمِنَ ٱلنَّاسِ مَن يَقُولُ ءَامَنَّا بِٱللَّهِ وَبِٱلْيَوْمِ ٱلْأَخِرِ وَمَا هُم بِمُؤْمِنِينَ ۝٨﴾

अर्थ: "केही यस्ता मानिसहरू छन्, जो भन्छन्, हामी अल्लाह र अन्तिम दिनमाथि ईमान राख्छौं, तर तिनीहरू आस्थावान छैनन्। (अल् बकरह: ८)

यी ठूला कुफ्र (अविश्वास) का प्रकारहरू हुन् जसले व्यक्तिलाई इस्लामको दायराबाट बाहिर निकाल्छ।

**दोस्रो प्रकार: सानो कुफ्र:**

यसमा सदाको लागि नर्कमा रहने छैन। यो त्यो हो जसलाई कुरआन र हदीसहरूमा कुफ्र भनिएको छ, तर 'अलिफ-लाम' द्वारा परिभाषित नगरिकन, बरू अनिश्चित रूपमा वर्णन गरिएको छ, यसका उदाहरणहरू धेरै छन्, तीमध्ये: अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«اثْنَتَانِ فِي النَّاسِ هُمَا بِهِمْ كُفْرٌ: الطَّعْنُ فِي النَّسَبِ، وَالنِّيَاحَةُ عَلَى المَيِّتِ».

अर्थ: "मानिसहरूमा दुई कुरालाई कुफ्र (अविश्वास) मानिन्छ: वंशमाथि प्रश्न उठाउनु र मृतकमाथि विलाप गर्नु"।[1]

[1] मुस्लिम (१२१) र अहमद (१०४३४)।

## २) फरिश्ताहरू माथि ईमान:

तिनीहरू एक अदृश्य प्राणीहरू हुन्, अल्लाहले उनीहरूलाई प्रकाशबाट सृष्टि गर्नु भएको छ, उनीहरू अल्लाहका उपासक हुन्, उनीहरूमा प्रभुत्व र ईश्वरत्वको कुनै गुण छैन, उनीहरू अल्लाहको आदेशको उल्लंघन गर्दैनन्, उनीहरूलाई जे आज्ञा दिइएको छ, त्यही गर्छन्। उनीहरूको संख्या धेरै छन्, जुन अल्लाह बाहेक अरू कसैलाई थाहा छैन।

फरिश्ताहरूमाथि आस्था राख्नुमा चार कुराहरू समावेश छन्:

१) उनीहरुको अस्तित्वमा विश्वास राख्नु।

२) उनीहरूमध्ये जसको नाम थाहा छ, त्यसमा आस्था राख्नु; जस्तै: जिब्रील, मीकाईल, इस्राफील आदि र जसको नाम हामीलाई थाहा छैन, तिनीहरूप्रति सामान्य रूपमा आस्था राख्नु।

३) कुरआन र सुन्नतमा उल्लेख गरिएका उनीहरूको गुणहरूको बारेमा हामीलाई थाहा भएका कुराहरूमा आस्था राख्नु; जस्तैः जिब्रील (अलैहिस्सलाम) को विशेषता, नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो, उहाँले अल्लाहले जिब्रीललाई सृष्टि गर्नुभएको वास्तविक स्वरूपमा देख्नुभयो, उहाँका ६०० वटा पखेटा थिए र त्यसले क्षितिजलाई ढाकेको थिए।

४) उनीहरूको कार्यहरूको बारेमा हामीलाई थाहा भएका कुराहरूमा आस्था राख्नु; जस्तै, फरिश्ताहरू दिनरात अल्लाहको तस्बीह (स्तुति) गर्छन् र दिनरात बोरियत र थकान बिना उहाँको उपासना गर्छन्, जस्तै:

- **जिब्रइल:** (अलैहिस्सलाम) लाई वही (ईश्वरीय सन्देश) पुर्याउने जिम्मेवारी सुम्पिएको छ।
- **इस्राफील:** (अलैहिस्सलाम) लाई सूर फुक्ने जिम्मेवारी सुम्पिएको छ।
- **मलकुल मौत:** (मृत्युका फरिश्ता) लाई मृत्युको समय मानिसहरूको प्राण लिने जिम्मेवारी सुम्पिएको छ।
- **मालिक:** नर्कको निरीक्षक।
- **रिजवान:** जन्नतको निरीक्षक।

### ३) किताबहरूमाथि इमान:

किताबहरू भन्नाले ती आकाशीय ग्रन्थहरू हुन्, जुन अल्लाहले आफ्ना रसूलहरू माथि अवतरण गर्नुभयो, मानवजातिको निम्ति मार्गदर्शन र कृपा बनाएर, ताकि उनीहरूले दुवै लोकमा खुशी पाउन सकून्।

किताबहरूमाथि ईमान राख्नुमा निम्न चार कुराहरु समावेश हुन्छन्:

१) यो साँच्चै अल्लाहद्वारा अवतरित भएको हो भन्ने विश्वास गर्नु।

२) ती दिव्य ग्रन्थहरूमध्ये जसको नाम हामीलाई थाहा छ, त्यसमा आस्था राख्नु; जस्तै:

**मुहम्मद** (सल्लल्लाहु अलैहि वसल्लम) माथि अवतरित कुरआन।

**मूसा** (अलैहिस्सलाम) माथि अवतरित तौरात।

**ईसा** (अलैहिस्सलाम) माथि अवतरित इन्जील।

**दाऊद** (अलैहिस्सलाम) माथि अवतरित जबूर।

जसको नाम हामीलाई थाहा छैन, तिनमा सामान्य रूपमा विश्वास राख्नु।

३) यसका समाचार वा सूचनाहरूलाई सत्य मान्नु; जस्तै कुरआनका समाचारहरू र अघिल्ला धर्मशास्त्रहरूमध्ये विकृत नभएका समाचारहरू।

४) रद्द नगरिएका आज्ञाहरूको पालन गर्नु, त्यसप्रति सन्तुष्ट हुनु र त्यसलाई स्वीकार गर्नु, चाहे हामीलाई त्यसको हिक्मत थाहा होस् वा नहोस्। पवित्र कुरआनको अवतरणसँगै अघिल्ला सबै धर्मग्रन्थहरू खारेज भइसकेका छन्। त्यसैले अघिल्ला ग्रन्थहरूमा उल्लेखित कुनै पनि आदेश अनुसार कर्म गर्नु हुँदैन। तर जुन आदेश सही छ अनि कुरान वा सुन्नतद्वारा प्रमाणित छ भने अमल गर्नु जायज छ।

## ४) रसूल (सन्देष्टा) हरूमाथि ईमान:

रुसुल: रसूलको बहुवचन हो; रसूल त्यस मानवलाई भनिन्छ, जसलाई अल्लाहले एउटा शरीयत (विधान) प्रदान गर्नुहुन्छ साथै त्यसको प्रचारप्रसार गर्न आदेश दिइन्छ। पहिलो रसूल नूह (अलैहिस्सलाम) हुनुहुन्छ र अन्तिम रसूल मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) हुनुहुन्छ। तिनीहरू सृष्टि गरिएका मानव हुन्, तिनीहरूमा प्रभुत्व र ईश्वरत्वको कुनै गुण छैन।

रसूल (सन्देशवाहक) हरू प्रति आस्था राख्नमा निम्न कुराहरु समावेश छन्:

१) उनीहरूको दूतत्व सत्य हो र अल्लाहको तर्फबाट हो भनेर विश्वास गर्नु। जसले तिनीहरूमध्ये कुनै एकको दूतत्व (सन्देश) लाई अस्वीकार गर्छ, उसले सबै सन्देशवाहकहरूको सन्देशलाई नकारेको मानिन्छ।

२) ती सन्देशवाहकहरूमध्ये जसको नाम हामीलाई थाहा छ, तिनीहरूलाई नामसहित आस्था राख्नु, जस्तैः मुहम्मद, इब्राहिम, मूसा, ईसा र नूह (अलैहिमुस्सलाम)।

यिनीहरू उलुल-अजम (दृढ संकल्प गर्ने) रसूलहरू हुन्।

त्यस्तै, जसको नाम हामीलाई थाहा छैन, तिनीहरू प्रति सामान्य रूपमा आस्था राख्नु, अल्लाहले भन्नुभएको छः

﴿وَلَقَدْ أَرْسَلْنَا رُسُلًا مِّن قَبْلِكَ مِنْهُم مَّن قَصَصْنَا عَلَيْكَ وَمِنْهُم مَّن لَّمْ نَقْصُصْ عَلَيْكَ... ﴾

अर्थ: "हामीले तपाईंभन्दा पहिले पनि धेरै रसूलहरू पठाएका छौं, तिनीहरूमध्ये केहीको बारेमा हामीले तपाईंलाई बताएका छौं र केहीको बारेमा बताएका छैनौं..।" (गाफिरः ७८)

३) तिनीहरूको बारेमा प्रमाणिक रूपमा आएका समाचारहरूलाई सत्य मान्नु।

४) हामी तर्फ पठाइएका अन्तिम रसूल मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को शरियातअनुसार कर्म गर्नु।

## ५) अन्तिम दिनमाथि ईमान:

यो कयामतको दिन हो, जसमा मानिसहरूलाई हिसाब र प्रतिफलको लागि पुनः जीवित गरिनेछ, यसलाई अन्तिम दिन यसकारण भनिएको हो किनभने यसपछि कुनै दिन हुने छैन, किनकि स्वर्गवासीहरू आफ्नो घरमा बस्नेछन् र नर्कवासीहरू आफ्नो घरमा बस्नेछन्।

अन्तिम दिनमाथि ईमान राख्नुमा निम्न तीन कुराहरू समावेश छन्:

### क) पुनः जीवित हुनुमाथि ईमान:

यो दोस्रो पटक सूर फुक्दा मृतकहरूलाई जीवित पार्ने कार्य हो, अनि मानिसहरू पालनकर्ताको सामुन्ने नाङ्गो खुट्टा, नाङ्गो शरीर र खतना नगरिएको अवस्थामा उभिनेछन्। अल्लाहले भन्नुभएको छः

﴿كَمَا بَدَأْنَا أَوَّلَ خَلْقٍ نُعِيدُهُ وَعْدًا عَلَيْنَا إِنَّا كُنَّا فَاعِلِينَ ١٠٤﴾

अर्थ: "जसरी हामीले सृष्टिको प्रारम्भ गरेका थियौं त्यस्तै हामीले यसलाई दोहोर्याउनेछौं। यो हाम्रो जिम्मामा भएको एउटा वाचा हो, निश्चय नै हामी यो गर्नेछौं।" (अल् अम्बिया: १०४)

### ख) कर्मको हिसाब-किताब र प्रतिफलमाथि ईमान:

त्यहाँ दासको कर्मको हिसाबकिताब हुनेछ र त्यसको प्रतिफल दिइन्छ, अल्लाहले भन्नुभएको छः

﴿إِنَّ إِلَيْنَآ إِيَابَهُمْ ٢٥ ثُمَّ إِنَّ عَلَيْنَا حِسَابَهُم ٢٦﴾

अर्थ: "निःसन्देह उनीहरू हाम्रोतर्फ फर्केर आउने छ अनि हामीले उनको हिसाब लिनेछौं।" (अल् गाशिया: २५-२६)

**ग) स्वर्ग र नर्क*माथि ईमान*:**

यी दुवै सृष्टिको अनन्त गन्तव्य हुन्।

**स्वर्ग (जन्नत):** आनंदको घर हो, जसलाई अल्लाहले आफू तथा रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को आज्ञा पालन गर्ने धर्मी विश्वासीहरूका लागि तयार गर्नुभएको छ।

त्यसमा यस्ता चीजहरू छन्, जसलाई न कुनै आँखाले देखेको छ, न कुनै कानले सुनेको छ, न कुनै मानव हृदयले कल्पना गरेको छ।

**नर्क;** यो पीडादायी ठाउँ हो, जसलाई अल्लाहले ती काफिरहरूका लागि तयार गर्नुभएको छ, जसले अल्लाहमा अविश्वास गरे र उहाँका दूतहरूको अवज्ञा गरे। यसमा अकल्पनीय यातना र सजायका प्रकारहरू छन्।

## ६) राम्रो र नराम्रो भाग्यमाथि ईमान:

**भाग्यको अर्थ:** अल्लाहले आफ्नो ज्ञान र तत्वदर्शिताले घटिने कुराहरूलाई पूर्वनिर्धारित गर्नुभएको हो।

**भाग्यमाथि ईमानले चार कुराहरू समावेश गर्दछ:**

**१) ज्ञान:** यो अल्लाहको ज्ञानमा आस्था राख्नु हो, जे भइसकेको छ, जे हुनेवाला छ र कसरी हुनेछ भन्ने कुराका उहाँ सामान्य र विस्तृत रूपमा अनादि र अनन्त ज्ञाता हुनुहुन्छ।

नभएको कुरा यदि हुन्थ्यो भने कस्तो हुन्थ्यो ती सबैका उहाँ सर्वज्ञ

हुनुहुन्छ। अल्लाहले भन्नुभएको छः

﴿وَلَوۡ رُدُّواْ لَعَادُواْ لِمَا نُهُواْ عَنۡهُ ...﴾

अर्थ: "यदि तिनीहरूलाई पुनः पृथ्वीमा पठाइयो भने, तिनीहरू अवश्य पनि त्यही गर्नेछन् जुन तिनीहरूलाई निषेध गरिएको थियो....।" (अल् अनआमः २८)

**२) लेख्ने कार्यः** अर्थात् अल्लाहले कियामतसम्म हुने हरेक कुरालाई लेखिसक्नु भएको छ भनेर आस्था राख्नु, अल्लाहले भन्नुभएको छः

﴿أَلَمۡ تَعۡلَمۡ أَنَّ ٱللَّهَ يَعۡلَمُ مَا فِي ٱلسَّمَآءِ وَٱلۡأَرۡضِۚ إِنَّ ذَٰلِكَ فِي كِتَٰبٍۚ إِنَّ ذَٰلِكَ عَلَى ٱللَّهِ يَسِيرٞ ٧٠﴾

अर्थ: "के तपाईंलाई थाहा छैन? अल्लाहलाई आकाशहरू र पृथ्वीमा भएका कुराहरू थाहा छ। वास्तवमा, यो एउटा किताबमा अंकित छ। वास्तवमा, यो अल्लाहको लागि निकै सजिलो छ।" (अल् हज्जः ७०)

**३) मर्जीः** यस ब्रह्माण्डमा अल्लाहको इच्छा बिना केही पनि हुँदैन भनेर आस्था राख्नु।

अल्लाहले भन्नुभएको छः

﴿وَرَبُّكَ يَخۡلُقُ مَا يَشَآءُ وَيَخۡتَارُ ...﴾

अर्थ: "तपाईंको पालनकर्ताले जे चाहनुहुन्छ सृष्टि गर्नुहुन्छ र रोज्नुहुन्छ..।" (अल् कससः ६८)

मान्छेको पनि इच्छा हुन्छ जुन अल्लाहको इच्छाबाट बाहिर हुँदैन।

अल्लाहले भन्नुहुन्छ:

﴿وَمَا تَشَآءُونَ إِلَّآ أَن يَشَآءَ ٱللَّهُ رَبُّ ٱلۡعَٰلَمِينَ ۝٢٩﴾

अर्थ: "विश्वको पालनकर्ताले नचाहेसम्म तिम्रो चाहनाले केही हुन सक्दैन।" (अत्तकवीरः २९)

४) **सृष्टिः** अल्लाहले नै सम्पूर्ण सृष्टि र तिनीहरूका कार्यहरू, असल र खराब दुवै सृष्टि गर्नुभएको हो भनेर आस्था राख्नु, अल्लाहले भन्नुभएको छः

﴿ٱللَّهُ خَٰلِقُ كُلِّ شَيۡءٖۖ وَهُوَ عَلَىٰ كُلِّ شَيۡءٖ وَكِيلٞ ۝٦٢﴾

अर्थ: "अल्लाह सबै कुराका सृष्टिकर्ता र संरक्षक हुनुहुन्छ।" (अज्जुमर: ६२)

यी श्रेणीहरू यस पङ्क्तिमा समेटिएको छ:

हाम्रो पालनकर्ता (अल्लाह) को ज्ञान, उहाँको लेखाइ, उहाँको इच्छा र उहाँको सृष्टि, अर्थात् अस्तित्वमा ल्याउनु र स्वरूप प्रदान गर्नु।

## तेस्रो विषय: एहसान

एहसान: यसको एक मात्र स्तम्भ हो; अल्लाहको उपासना यसरी गर्नुहोस् मानौं तपाईंले उहाँलाई देखिरहनु भएको छ र यदि तपाईंले उहाँलाई देखिरहनु भएको अनुभूति हुँदैन भने, उहाँले तपाईलाई देखिरहनुभएको छ।

अर्थात्: मानिसले अल्लाहको उपासना यसरी गर्नु पर्छ, मानौं ऊ उहाँको सामुन्ने उभिएको छ, यसको लागि उहाँप्रति पूर्ण भय र निष्ठा हुनु आवश्यक छ।

उपासनालाई रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को सुन्नत अनुसार गर्नु आवश्यक छ।

एहसानका दुई स्तरहरू छन् र एहसान गर्नेहरू दुई भिन्न-भिन्न स्थानमा हुन्छन्:

**पहिलो चरण:** यो सर्वोच्च (स्तर) हो, मुशाहदा (साक्षात् अनुभूति) को चरण। भक्तले आफ्नो हृदयले अल्लाहलाई देखिरहेको जस्तो व्यवहार गर्नु पर्छ, ताकि हृदय ईमानले उज्यालो होस् र गैब (अदृश्य) पनि प्रत्यक्ष जस्तै हुन सकोस्।

**दोस्रो चरण:** इख्लास (निष्ठा/शुद्धता) र मुराकबा (निरीक्षण) को चरण। बन्दाले अल्लाहले आफूलाई हेरिरहनु भएको र आफ्नो बारेमा सर्वज्ञ रहेको अनुभूति गरोस् र जब उसले यसको अनुभूति गर्छ तब ऊ अल्लाहप्रति निष्ठावान हुन्छ।

## चौथो विषयः

## अहले सुन्नत वल् जमाअतका आधारभूत सिद्धान्तहरूको संक्षिप्त परिचय

**पहिलो:** कुरआन र सुन्नतमा भनिएका कुराहरू भित्री र बाहिरी दुवै रूपमा पालना गर्नु। अल्लाह र उहाँका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को वचनमाथि कुनै पनि व्यक्तिको वचनलाई प्राथमिकता नदिनु।

**दोस्रो**: रसूल (सल्लल्लाहु अलैहि वसल्लम) का साथीहरूप्रति आफ्नो हृदय र जिब्रोलाई शुद्ध राख्नु। रसूलुल्लाह (सल्लल्लाहु अलैहि व सल्लम) पश्चात् अबू बक्र, त्यसपछि उमर, त्यसपछि उसमान र त्यसपछि अली (रजियल्लाहु अन्हुम) क्रमशः खलीफा हुन् भनेर विश्वास गर्नु।

**तेस्रो**: रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को अहले बैत (परिवार) लाई प्रेम गर्नु र उनीहरूसँग मित्रता राख्नु। अहले बैत: उनीहरूमध्येका असल व्यक्ति र धर्मीहरू हुन्।

**चौथो:** शासकहरू विरुद्ध विद्रोह नगर्नु, उनीहरूले अन्याय गरे तापनि। उनीहरूको भलाइ र सुस्वास्थ्यको लागि दुआ गर्नु, उनीहरूलाई श्राप्नु हुँदैन। जबसम्म तिनीहरूले अल्लाहको अवज्ञा गर्न आदेश दिँदैनन्, तबसम्म तिनीहरूको पालना गर्नु अनिवार्य हो। यदि उनीहरूले अवज्ञाको आदेश दिए भने, त्यसमा तिनीहरूको आज्ञापालन गरिनु हुँदैन। अन्य सबै जायज मामिलामा उनीहरूको आज्ञापालन अनिवार्य हुन्छ।

**पाचौं:** औलियारूको करामतलाई सत्य मान्नु; यी असाधारण कुराहरू हुन् जुन अल्लाहले तिनीहरू मार्फत गराउनुहुन्छ।

**छैठौं:** सामान्य र ठूला पापले गर्दा मुस्लिमहरूलाई काफिर घोषित गर्नु हुँदैन, जसरी खारिजीहरूले गर्छन्, बरु ईमानी भाइचारा पापहरूका साथ पनि कायम रहन्छ। उनीहरू पापीको बारेमा भन्छन्: ऊ आफ्नो ईमानको कारणले मुमिन हो र ठूलो पापको कारणले पापी हो।

# दोस्रो *अध्याय*

## उपासनाको बारेमा

### पहिलो विषय: तहारत (पवित्रता):

तहारहको शाब्दिक अर्थ: भौतिक र आत्मिक फोहोरबाट स्वच्छता र पवित्रता प्राप्त गर्नु।

शरई परिभाषामा: अशुद्धता र शारीरिक अपवित्रता हटाउने। पवित्रता नमाजको कुञ्जी हो, यो धर्मको सबैभन्दा महत्वपूर्ण कार्यहरूमध्ये एक हो, त्यसैले हरेक मुस्लिमले यसलाई सिक्नुपर्छ र यसमा ध्यान दिनु पर्छ।

**पहिलो: पानीका प्रकारहरू:**

**१) पवित्र पानी;** यसबाट आफूलाई शुद्ध पार्न अनुमति छ। चाहे त्यो आफ्नो मौलिक अवस्थामा बाँकी होस्; जस्तै वर्षा वा नदी वा समुद्रको पानी। वा पानीमा केही शुद्ध पदार्थ मिसिए तापनि फोहोरको प्रभुत्व नहोस् र त्यसको नाम खोसेको नहोस्।

**२) अपवित्र पानी;** यसको प्रयोग गर्न अनुमति छैन। यसले हदस (आन्तरिक अपवित्रता) र वाह्य अशुद्धतालाई दुर गर्दैन। यो त्यो पानी हो जसको रङ्ग वा गन्ध वा स्वाद अशुद्धताको कारणले परिवर्तन भएको छ।

**दोस्रो: नजासत (अशुद्धता):**

नजासत: एक विशेष फोहोर हो, जसले नमाजलाई निषेध गर्दछ; जस्तै पिसाब, दिसा, रगत आदि, जुन शरीर, स्थान र लुगामा लागेको हुनसक्छ।

चीजहरूको बारेमा आधारभूत सिद्धान्त: जायज र शुद्धता हो। जसले कुनै वस्तुलाई अशुद्ध भन्छ, उसले प्रमाण पेश गर्नुपर्छ। खकार, मानिसको पसिना र गधाको पसिनालाई अशुद्ध मानिँदैन; बरु, तिनीहरू फोहोर भए पनि शुद्ध (पाक) हुन्। हरेक नजिस (अपवित्र) कुरा फोहोर हुन्छ, तर यसको उल्टो हुँदैन।

**अशुद्धताका तीन श्रेणीहरू छन्:**

**पहिलो: नजासते मुगल्लजा (ठूलो अशुद्धता);** जस्तै: कुकुरले चाटेको कुराको अशुद्धता।

यसलाई पवित्र गर्ने तरिका: यसलाई सात पटक धुनुपर्छ, जसमध्ये पहिलो माटोले धुनु हो।

**दोस्रो: नजासते मुखफ्फफ (हल्का अपवित्रता):** जस्तै दूध पिउने बच्चाको पिसाब लुगा वा यस्तै कुनै चीजमा लाग्यो भने।

यसलाई पवित्र गर्ने तरिका: यसमा मज्जाले पानी छर्कनु हो, तर यसलाई रगड्नु वा निचोड्नु पर्दैन।

**तेस्रोः नजासते मुतवस्सिता (मध्यम अशुद्धता):** जस्तै मानिसको पिसाब, दिसा र अधिकांश अशुद्धताहरू भुइँमा खसेमा वा लुगा वा अन्य चीजहरूमा लागेमा।

यसलाई पवित्र गर्ने तरिका: पहिला भौतिक अशुद्धतालाई हटाउनु र त्यसपछि यसको स्थानलाई पानी वा अन्य सफा गर्ने साधनले सफा गर्नु हो।

**केही प्रमाणित अशुद्धताहरू:**

१) मानिसको पिसाब र दिसा।

२) मजी र वदी। [1]

३) मासु नखाने जनावरहरूको गोबर।

४) महिनावारी र सुत्केरीको रगत।

५) कुकुरको र्‍याल।

६) मृत, तर निम्न अपवादहरू बाहेक:

---

[1] (मजी): पातलो, रंगहीन तरल पदार्थ जुन माया गर्दा वा यौनसम्पर्कको बारेमा सोच्दा वा इच्छा गर्दा वा हेर्दा वा अन्य समान परिस्थितिहरूमा थोपाको रूपमा निस्कन्छ र कहिलेकाहीँ निस्केको थाहा हुँदैन।
(वदी): पिसाब फेरेपछि वा भारी चीज उठाउँदा निस्कने बाक्लो, सेतो तरल पदार्थ।

क) मरेको मानिस।

ख) मरेका माछा र सलहहरू।

ग) रगत नबग्ने जनावरको सिनो; जस्तै झिंगा, कमिला, मौरी आदि।

घ) मृत जनावरको हड्डी, सिङ, नङ, रौं र प्वाँख।

**अपवित्रता हटाउने विधि:**

१) पानीद्वारा: यो अपवित्रतालाई पवित्र गर्ने मूल विधि हो, त्यसैले अरू केही प्रयोग गर्नु हुँदैन।

२) अशुद्ध (नापाक) वा दूषित वस्तुहरूलाई शुद्ध पार्ने विधिको बारेमा शरियाले जे तोकेको छ:

क) मरेको जनावरको छालालाई दबागत (रङ्गाउने प्रक्रिया) द्वारा शुद्ध गरिन्छ।

ख) कुकुरले चाटेको भाँडोलाई शुद्ध पार्न सात पटक धुनुपर्छ, पहिलो पटक माटोले सफा गर्नुपर्छ।

ग) महिनावारीको रगत लागेको लुगालाई रगडेर, त्यसपछि पानीले मलेर अनि पखालेर शुद्ध गर्नुपर्छ। यति गरिसकेपछि पनि यदि दाग बाँकी रह्यो भने केही फरक पर्दैन।

घ) महिलाको लुगाको तलको भागमा लागेको फोहोरलाई बाटोको पवित्र माटोले शुद्ध पार्छ।

ङ) दूध पिउने बालकको पिसाब लागेको कपडालाई पानी छर्केर र बालिकाको पिसाबलाई धोएर पवित्र पार्ने।

च) मजी लागेको लुगाको प्रभावित ठाउँमा पानी छर्केर सफा गर्ने।

छ) जुत्ताको तल्लो भागलाई शुद्ध जमिनमा पुछेर सफा गर्ने।

ज) जमिनलाई अशुद्धताबाट शुद्ध पार्न प्रभावित ठाउँमा एक बाल्टिन पानी खन्याउने वा घाम वा हावाबाट नसुकेसम्म छोड्ने र जब नापाकीको असर समाप्त हुन्छ, तब त्यो जमिन पवित्र हुन्छ।

**तेस्रोः नापाक (अशुद्ध) व्यक्तिले गर्न नहुने कार्यहरूः**

सानो वा ठूलो अपवित्रताको अवस्थामा निषेधित कुराहरू:

१) सलाह पढ्नु हुँदैन, चाहे फर्ज होस् वा सुन्नत। अब्दुल्लाह बिन उमर (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«لَا يَقْبَلُ اللَّهُ صَلَاةً بِغَيْرِ طُهُورٍ».

अर्थ: "अल्लाहले बिना पवित्रता नमाज स्वीकार गर्नुहुन्न।"[1]

२) कुरआन छुनु हुँदैन; रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले अम्र बिन हज्मलाई लेख्नुभएको पत्रमा उहाँको यो भनाइ उल्लेख छः

«لَا يَمَسُّ الْقُرْآنَ إِلَّا طَاهِرٌ».

अर्थ: "पवित्र व्यक्ति बाहेक अरूले कुरान छुन सक्दैन।"[2]

---

[1] मुस्लिम (२२४)

[2] मालिकले अल-मुवत्तामा (६८० र २१९), दार्मी (३१२), अब्दुर्रज्जाकले आफ्नो मुसन्नफमा (१३२८) र इमाम अल्बानीले यस हदीसलाई इर्वाउल्-गलील् (१२२) मा सही भनेका छन्।

३) प्राचीन घर (काबा) को तवाफ गर्नु हुँदैन; किनभने नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«الطَّوَافُ بِالْبَيْتِ صَلَاةٌ، إِلَّا أَنَّ اللَّهَ أَبَاحَ فِيهِ الْكَلَامَ».

अर्थ: "काबाको तवाफ (परिक्रमा) गर्नु नमाज हो, तर अल्लाहले यसमा बोल्न अनुमति दिनुभएको छ।"[1]

त्यसैगरी रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले तवाफको लागि वुजू गर्नुभएको कुरा प्रमाणित छ।

त्यसैगरी नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले महिनावारी भएकी महिलालाई शुद्ध नभएसम्म काबाको तवाफ गर्न निषेध गर्नुभएको कुरा पनि प्रमाणित छ।

**ठूलो अशुद्धता (हदसे अकबर) को अवस्थामा निम्नलिखित कुराहरू हराम छन्:**

१) कुरआन पढ्नु; अली (रजियल्लाहु अन्हु) को हदीसमा छ: "नबी (सल्लल्लाहु अलैहि वसल्लम) लाई कुरआनबाट कुनै पनि कुराले छेक्दैनथ्यो, जनाबतको अवस्था बाहेक।"[2]

२) वुजु नगरी मस्जिदमा बस्नु; किनभने अल्लाहले भन्नुभएको छ:

---

[1] नसई (१२८०८), अहमद (१५४२३) र इमाम अल्बानीले इर्वाउल्-गलील् (१२१) मा यस हदीसलाई सही भनेका छन्।

[2] इब्ने माजह (५९४) र इब्ने हिब्बान (७९९) । इमाम अल्बानीले जईफ सुनन तिर्मिजी (१४६) मा यसलाई जईफ भनेका छन्।

﴿يَـٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ لَا تَقۡرَبُواْ ٱلصَّلَوٰةَ وَأَنتُمۡ سُكَـٰرَىٰ حَتَّىٰ تَعۡلَمُواْ مَا تَقُولُونَ وَلَا جُنُبًا إِلَّا عَابِرِي سَبِيلٍ حَتَّىٰ تَغۡتَسِلُواْ...﴾

अर्थ: "हे मोमिनहरू! नशामा रहेको बेलामा नमाजको नजिक पनि नजाऊ, जबसम्म तिमीले के भनिरहेका छौ भनेर थाहा पाउँदैनौ वा अपवित्र अवस्थामा (मस्जिद) बाट गुज्रिरहेको बाहेक, जबसम्म तिमीले आफूलाई नुहाउँदैनौ..।" (अन्-निसा: ४३)

ठूलो अपवित्रता भएको व्यक्तिले वुजू गर्छ भने ऊ मस्जिदमा बस्न सक्छ, त्यसैगरी ठूलो अपवित्रता भएको व्यक्तिले मस्जिदमा नबसीकन पार गर्न अनुमति छ।

**चौथो: दिसापिसाब गर्ने शिष्टाचारहरू:**

दिसापिसाब गर्दा मुस्तहब कार्य र शिष्टाचारहरू यस प्रकार छन्:

१) मैदानमा दिसापिसाब गर्दा मानिसहरूबाट टाढा हुनु र एकान्तमा बस्नु।

२) शौचालय भित्र प्रवेश गर्दा दुआ पढ्नु:

«اللَّهُمَّ إِنِّي أَعُوذُ بِكَ مِنَ الْخُبْثِ وَالْخَبَائِثِ».

"अल्लाहुम्म इन्नी अऊजु बिक मिनल् खुबुषि वल् खबाइष।"
अर्थ: "हे अल्लाह, म दुष्ट (खबीस) शैतान (पुरूष र महिला) हरूबाट तपाईंको शरण चाहन्छु।"[1]

[1] बुखारी (१४२) र मुस्लिम (१२२)

**दिसापिसाब गर्दा अनिवार्य कुराहरू:**

१) पिसाबबाट जोगिनु।

२) गुप्तांग छोप्नु।

**दिसापिसाब गर्दा निम्न कुराहरू निषेधित छन्:**

१) किब्लातिर फर्किनु वा त्यसतिर पिठ्यूँ फर्काउनु।

२) बाटोघाटो र सार्वजनिक स्थलहरूमा दिशा पिशाब गर्नु।

३) स्थिर पानीमा पिसाब गर्नु।

**दिसापिसाब गर्दा मकरूह (अप्रिय) कार्यहरू:**

१) दायाँ हातले आफ्नो गुप्तांग छुनु।

२) दाहिने हातले पानी र ढुंगाबाट पवित्रता (इस्तिन्जा) गर्नु।

३) दिसापिसाब गर्दा कुराकानी गर्नु र विशेष गरी अल्लाहको नाम लिनु।

**पाचौं: इस्तिन्जा र इस्तिन्ज्मार सम्बन्धी नियमहरू:**

**इस्तिन्जा:** दुवै गुप्ताग्ङबाट निस्केको गन्दगीलाई पानीले सफा गर्नु।

**इस्तिजमार**: दुवै गुप्ताग्ङबाट निस्केको गन्दगीलाई ढुङ्गा र टिस्यु आदिले सफा गर्नु।

**इस्तिजमारको लागि प्रयोग हुने वस्तुका सर्तहरू:**

१) मुबाह (जायज) हुनुपर्छ।

२) पवित्र हुनुपर्छ।

३) सफा हुनुपर्छ।

४) हड्डी वा गोबर हुनु हुँदैन।

५) सम्मानजनक वस्तुले गर्नु हुँदैन; जस्तै अल्लाहको नाम भएको कागजपत्र।

**दुई शर्तहरूका साथ केवल इस्तिजमार जायज छ:**

१) फोहोर सामान्य ठाउँ भन्दा यताउता लागेको नहोस्।

२) तीन वा सोभन्दा बढी शुद्धीकरण गर्ने ढुङ्गाहरूद्वारा हुनुपर्छ।

**छैठौं: वुजूका विधानहरू:**

**तीनवटा इबादतहरूको लागि वुजू गर्नु अनिवार्य हो:**

१) सलाह, चाहे त्यो फर्ज (अनिवार्य) होस् वा सुन्नत (अतिरिक्त)।

२) कुरआन छुन।

३) तवाफ (परिक्रमा) गर्न।

**वुजूका शर्तहरू:**

१) इस्लाम।

२) अक्ल (दिमाग) ।

३) विवेक।

४) नियत: र यसको स्थान हृदय हो। मुखले उच्चारण गर्नु बिदअत हो। जसले वुजूको इरादा गर्यो, उसले नियत गरिहाल्यो। चिसोपन वा सरसफाइको नियतले वुजूका अंगहरू धुनुलाई वुजू मानिने छैन।

५) आफ्नो पवित्रता पूरा नभएसम्म त्यसलाई भङ्ग गर्ने नियत नगर्नु।

६) वजु भङ्ग हुने कारण दूर गर्नु। यो नियमबाट: निरन्तर पिसाबको थोपा बग्ने व्यक्ति र इस्तिहाजा (अनियमित रक्तस्राव) भएकी महिला अपवाद हुन्।

७) यदि कसैलाई पिशाब वा दिशा निस्कियो भने पानी वा ढुंगाले गुप्ताङ्गलाई शुद्ध पार्नु।

८) पानी पवित्र र वैध हुनु।

९) छालासम्म पानी पुग्नबाट रोक्ने कुराहरू हटाउनु।

१०) निरन्तर हदस (हावा खुस्किने, पिसाब वा रगत आउने) बाट ग्रस्त व्यक्तिको हकमा सलाहको समय शुरु हुनु।

**वुजूका फर्जहरू:**

१) मुख धुनु, यसैमा कुल्ला गर्नु र नाकमा पानी पुर्याएर सफा गर्नु समावेश छ।

२) दुवै हातलाई कुहिनोसमेत धुनु।

३) सम्पूर्ण टाउकोको मसह गर्नु र यसमा दुवै कान पनि समावेश छन्।

४) दुवै खुट्टा गोलीगाँठसमेत धुनु।

५) वजूका अंगहरूलाई क्रमशः धुनु।

६) क्रमबद्धता: यसमा अंगहरू धुँदा लामो अन्तराल गर्नु हुँदैन।

**वुजूको तरिका:**

१) बिस्मिल्लाह पढ्नु।

२) दुवै हात तीन पटक धुनु।

३) अनुहार तीन पटक धुनु, यसैमा मुख कुल्ला र नाक पनि समावेश छ।

४) दुवै हात कुहिनो समेत तीन पटक धुनु, पहिला दायाँ र त्यसपछि बायाँ हात।

५) टाउको र दुवै कानको मसह गर्नु।

६) दुवै गोडाहरू गोलिगाँठोसम्म तीन पटक धुने, पहिले दाहिने र त्यसपछि देब्रे।

**वुजू भङ्ग गर्ने कार्यहरू:**

१) दुवै गुप्ताङ्गबाट केही निस्कियो भने जस्तै: पिसाब, हावा र दिसा।

२) शरीरबाट अत्यधिक अपवित्र पदार्थ निस्कनु।

३) निन्द्रा वा अन्य कारणले अचेत हुनु।

४) बिना कुनै अवरोध हातले अगाडि वा पछाडिको गुप्तांग छुनु।

५) ऊँटको मासु खानु।

६) इस्लामबाट मुर्तद हुनु, अल्लाहले हामी र सम्पूर्ण मुस्लिमहरूलाई यसबाट बचाउन्।

**सातौं: खुफ्फैन र मोजाहरूमाथि मसह गर्ने नियमहरू:**

**खुफ:** छाला वा यस्तै सामग्रीबाट बनेको खुट्टामा लगाउने मोजा।

**जौरब:** ऊन, कपास वा यस्तै सामग्रीबाट बनेको खुट्टामा लगाउने मोजा।

**मसहका शर्तहरू:**

१) पूर्ण पवित्रतापछि मोजा लगाएको हुनुपर्छ।

२) दुवै गोडालाई गोलीगाँठसम्म ढाकेको हुनुपर्छ।

३) दुवै मोजा पवित्र हुनुपर्छ।

४) मसह तोकिएको अवधि भित्र हुनुपर्छ।

५) मसह केवल वुजूमा हुन्छ, स्नानमा होइन।

६) खुफ वा यस्तै अन्य वस्तुहरू जायज हुनुपर्छ। यदि यो खोसिएको हो वा पुरुषहरुको लागि रेशमबाट बनेको हो भने त्यसमाथि मस्ह गर्नु जायज हुँदैन, किनभने निषेधित वस्तुमा छुट हुँदैन।

**मसहको अवधि:**

मुकिमको लागि: एक दिन र एक रात र यात्रीको लागि: तीन दिन र तीन रात।

**मसह गर्ने तरिका:**

हात पानीले भिजाउने र मोजा वा खुफ्फैनको माथिल्लो भागमा खुट्टाको औंलादेखि पिंडौलासम्म एक पटक मसह गर्ने।

**निम्न कुराहरूले मसह भङ्ग हुन्छ:**

१) मसहको अवधि समाप्त हुनु।

२) दुवै मोजा वा एउटा फुकाल्नु।

३) ठूलो अपवित्रता हुनु।

**मोजामाथि मसहको हुकुम:**

यो एक छुट हो। मोजा फुकाल्नु र खुट्टा धुनु भन्दा मसह गर्नु उत्तम हो; किनकि यो अल्लाहले दिनुभएको छुटलाई स्वीकार गर्नु, नबी (सल्लल्लाहु अलैहि वसल्लम) को अनुसरण गर्नु र बिदअतीहरूको विरोध गर्नु हो।

**खपेटा, पट्टि र प्लास्टरमाथि मसह गर्नुः**

**अल-जबाइरः** भाँचिएको ठाउँमा बाँधिने वस्तु हो; जस्तै प्लास्टर वा काठको टुक्रा आदि।

**अल-असाइब**ः घाउ वा चोटपटक वा पोलेकोमा ठाउँमा लगाउने पट्टी आदि।

**अल्लुसूक**ः उपचारको लागि घाउ वा खटिरामा टाँसिने बेनडेजलाई भनिन्छ।

**यसमाथि मसहको नियमः**

आवश्यकता अनुसार यसलाई बाँकी राख्न जायज छ, तर शर्त के छ भने प्रभावित ठाउँभन्दा बढी नहोस्।

आवश्यकता समाप्त भएमा वा त्यसलाई हटाउँदा कुनै कठिनाइ वा हानि नहुने अवस्थामा यसमाथि मसह जायज हुँदैन।

**यसमाथि मसह गर्ने तरिकाः**

यसको वरिपरिको भागलाई धुने अनि यसमाथि चारैतिरबाट मसह गर्ने। वुजूमा धुनुपर्ने भागभन्दा बढीमा मसह गर्न मिल्दैन।

**आठौँः तयम्मुम सम्बन्धी नियमहरूः**

**तयम्मुमः** पवित्रताको नियतले दुवै हातले पवित्र माटोमा स्पर्श गर्ने र आफ्नो अनुहार र हत्केलाहरूमा हात फेर्ने।

**यसको हुकुम**ः पानी नपाएको अवस्थामा वा पानी प्रयोग गर्न असमर्थ भएमा वुजू र गुस्लको सट्टामा तयम्मुम गर्नु अनिवार्य हुन्छ।

**यसको हिक्मत:** तयम्मुम मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को समुदायको एक विशेषता हो। यो कुरा पहिलेका राष्ट्रहरूमा प्रचलित थिएन, यो राष्ट्रमाथि अल्लाहको अनुग्रह र एक किसिमको सहजता हो।

**निम्न अवस्थाहरूमा तयम्मुम गर्न अनुमति छ:**

१) पानी नपाइएको अवस्थामा, चाहे घरमा होस् वा यात्रामा।

२) थोरै पानी भएको अवस्थामा, जस्तैः पिउन वा खाना पकाउन आवश्यक पर्ने पानी मात्र छ र यदि उसले पवित्रताको लागि पानी प्रयोग गर्छ भने खाना पकाउन पानी वा मानिस र जनावरको तिर्खा मेटाउन हानि हुने डर छ भने।

३) यदि रोगको कारणले पानीको प्रयोग गर्दा शरीरमा हानि पुग्ने वा रोग निको हुन ढिलाइ हुने डर छ भने।

४) यदि कुनै रोगको कारणले पानी प्रयोग गर्न असमर्थ छ; जसले उसलाई हिंडडुल गर्नबाट रोक्छ र उसलाई वुजु गराइदिने कोही छैन, साथै नमाजको समय समाप्त हुने डर छ भने।

५) यदि पानी प्रयोग गर्दा चिसो लाग्ने डर छ र पानी तताउने कुनै साधन उपलब्ध छैन भने, तयम्मुम गरेर नमाज पढ्नु जायज छ।

**तयम्मुम गर्ने तरिका:**

दुवै हातले औंलाहरू फैलाएर माटोमा स्पर्श गर्ने, त्यसपछि औंलाहरूको भित्री भागले अनुहारमा र हातले दुवै हत्केलामा मसह गर्ने; अर्थात् पुरै अनुहार र दुवै हत्केलामा मसह गर्नुपर्छ।

**निम्नलिखित कुराहरूले तयम्मुम भङ्ग हुन्छः**

१) यदि पानीको अभावले तयम्मुम गरिएको थियो र पानी उपलब्ध भयो भने। वा पानी प्रयोग गर्न नसक्ने अवस्थामा तयम्मुम गरिएको थियो भने पानी प्रयोग गर्ने क्षमता भएमा।

२) वजू भङ्ग गर्ने कुनै कुराले वा स्नान अनिवार्य गर्ने कुनै कुराले भङ्ग हुन्छ, जस्तै: सम्भोग, महिनावारी वा सुत्केरीको रगत निस्कनाले।

**पानी र तयम्मुम दुवै प्रयोग गर्न असमर्थ व्यक्ति सम्बन्धी नियमः**

यदि पानी वा माटो दुवै उपलब्ध छैन वा छालामा पानी वा माटोले छुन नसक्ने अवस्थामा पुगेको छ भने; उसले वुजू र तयम्मुम बिना नमाज पढ्नुपर्छ; किनभने अल्लाहले कुनै पनि प्राणीलाई उसको क्षमताभन्दा बढी बोझ दिनुहुन्न।

यदि उनले त्यसपछि पानी र माटो फेला पारे वा ती दुवै प्रयोग सक्षम भए उनले आफूले पढेको नमाज दोहोर्याउनु पर्दैन, किनकि उनले त्यही गरे जुन उनलाई गर्न आदेश दिइएको थियो। किनभने अल्लाहले भन्नुभएको छ:

﴿...فَٱتَّقُواْ ٱللَّهَ مَا ٱسۡتَطَعۡتُمۡ...﴾

अर्थ: "...त्यसैले सकेसम्म अल्लाहसँग डराऊ...।" (अत्-तगाबुन: १६)

किनभने नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«إِذَا أَمَرْتُكُمْ بِأَمْرٍ فَأْتُوا مِنْهُ مَا اسْتَطَعْتُمْ».

अर्थ: “यदि मैले तिमीहरूलाई कुनै काम गर्न आदेश दिन्छु भने, सकेसम्म पूरा गर।”[1]

**फाइदा:** यदि कसैले जनाबतको लागि तयम्मुम गर्यो र त्यसपछि पानी भेट्टायो भने, उसले स्नान गर्नुपर्छ।

**नवौं: महिनावारी र सुत्केरी सम्बन्धी नियमहरू:**

**पहिलो: महिनावारी:**

यो एक प्राकृतिक र स्वाभाविक रगत हो, जुन निश्चित समयमा पाठेघरबाट निस्कन्छ। सामान्यतया यो प्रत्येक महिना छ वा सात दिनसम्म हुन्छ, तर बढी वा कम हुन सक्छ। महिलाको महिनावारी लामो वा छोटो हुन सक्छ, अल्लाहले यो कुरा उनको प्राकृतिक स्वभाव अनुसार बनाउनुभएको हो।

**महिनावारी अवस्थाका नियमहरु:**

१) महिनावारी भएकी महिलाले महिनावारीको समयमा नमाज पढ्नु वा उपवास गर्नु हुँदैन र त्यसो गर्नु उनको लागि मान्य छैन।

२) महिनावारी भएकी महिलाले महिनावारीबाट शुद्ध भएपछि व्रतको कजा गर्छिन् तर नमाजको कजा गर्नु पर्दैन।

३) उनलाई काबाको तवाफ गर्न अनुमति छैन। कुरआन पढ्नु हुँदैन।

[1] यो हदीसलाई इमाम बुखारीले (७२८८) नम्बर र इमाम मुस्लिमले (६०६६) नम्बरमा वर्णन गरेका छन्।

मस्जिदमा बस्नु हुँदैन।

४) महिनावारी बन्द नभएसम्म र उनले स्नान नगरेसम्म पतिले योनीमा यौनसम्पर्क गर्न निषेध गरिएको छ।

५) महिनावारी भएकी महिलाको पतिले यौनसम्पर्क बाहेक अन्य तरिकाले आनन्द लिन सक्छ, जस्तै चुम्बन, स्पर्श आदि।

६) महिनावारी भएको बेला उनको पतिले सम्बन्ध विच्छेद गर्न पाउँदैनन्।

**तोहर (शुद्धता):** भनेको रक्तस्राव बन्द हुनु हो। यदि रक्तस्राव रोकियो भने, उनी शुद्ध छिन् र उनको महिनावारी समाप्त भएको छ, त्यसैले उनले स्नान गर्नुपर्छ। त्यसपछि, महिनावारीको कारणले मनाही गरिएका सम्पूर्ण कार्यहरू गर्न सक्छिन्।

यदि उनले शुद्धतापछि धमिलो रङ वा पहेंलोपन देख्छिन् भने, उनले त्यसमा ध्यान दिनु हुँदैन।

**दोस्रोः निफासः**

- यो सुत्केरीको बेला र शिशुको जन्मपछि पाठेघरबाट निस्कने रगत हो। यो गर्भावस्थाको अवधिमा रोकिएको रगत हो।
- जायज हुने कुराहरूमा निफास महिनावारी जस्तै हो, जस्तै: योनी बाहेक अन्य अंगहरूबाट आनन्द लिनु।
- हराम भएका कुराहरूमा; जस्तै सहवास, रोजा, नमाज, तलाक, तवाफ, कुरआनको तिलावत र मस्जिदमा बस्नु।
- रगत रोकिएपछि महिनावारी जस्तै स्नान गर्नु अनिवार्य हुन्छ।
- उनले व्रतको कजा गर्नुपर्छ तर नमाजको होइन, महिनावारी भएकी महिलाले जस्तै।
- यसको अधिकतम अवधि चालीस दिन हो। यदि सुत्केरी महिलाको रगत चालीस दिन अघि बन्द भयो भने, उनको निफास समाप्त भएको मानिन्छ र उनले स्नान गरी, नमाज पढ्नुपर्छ र निफासको कारणले निषेध गरिएका सबै कार्यहरू पुनः शुरु गर्नुपर्छ।

## दोस्रो विषय: सलाह *(नमाज)*

**पहिलो: अजान र इकामत सम्बन्धी नियमहरू:**

हिजरतको पहिलो वर्ष नमाजको लागि अजान स्थापित भएको थियो। यसको वैधानिकताको कारण: जब उनीहरूलाई समय जान्न गाह्रो भयो, उनीहरूले यसको लागि चिन्ह राख्ने परामर्श गरे। अब्दुल्लाह बिन जैद (रजियल्लाहु अन्हु) लाई सपनामा यो अजान देखाइएको थियो र वह्यले यसलाई पुष्टि गर्‍यो।

अजान: नमाजको समय भएको घोषणा गर्नु हो र इकामत: नमाज कायम गर्ने सूचना हो।

फर्ज नमाजहरूको लागि अजान र जमात सुरु गर्नको लागि इकामत पुरुषहरूको लागि अनिवार्य (फर्ज किफाया) हो। यी दुवै इस्लामका दृश्य अनुष्ठान (शिआर) हरू मध्ये एक हुन् र तिनीहरूलाई बेवास्ता गर्न जायज छैन।

**अजानका शर्तहरू:**

१) अजान दिने व्यक्ति पुरुष हुनुपर्छ।

२) अजान क्रमबद्ध हुनुपर्छ।

३) अजान निरन्तर हुनुपर्छ।

४) समय शुरु भएपछि अजान हुनुपर्छ। अपवाद: फज्र र जुमाको दिन नमाजको लागि पहिलो अजान।

**अजानका सुन्नतहरू:**

१) दुवै औंलाहरू दुवै कानको भित्रपट्टि हाल्नु।
२) समयको सुरुमा अजान दिनु।
३) 'हय्या अलस्सलाह' र 'हय्या अलल्)फलाह' भन्दै टाउको दायाँ र बायाँ घुमाउनु।
४) मिठो स्वरको धनी हुनु।
५) अजानका शब्दहरूलाई धेरै लामो वा नबढाईकन बिस्तारै भन्नु।
६) यसको प्रत्येक वाक्यमा रोकिनु।
७) नमाजको लागि अजान दिदा किब्लातिर फर्कनु।

अजानमा पन्ध्र वाक्यहरू हुन्छन्, जसरी बिलाल (रजियल्लाहु अन्हु) ले रसूलुल्लाह (सल्लल्लाहु अलैहि वसल्लम) को उपस्थितिमा सधैँ अजान दिने गर्थे।

**अजानका शब्दहरू:**

- (अल्लाहु अकबर): चार पटक।
- (अश्हदु अल्ला इलाह इल्लल्लाह): दुई पटक।
- (अश्हदु अन्न मुहम्मदर्रसूलुल्लाह): दुई पटक।
- (हय्य अलस्सलाह): दुई पटक।
- (हय्य अलल्फलाह): दुई पटक।
- त्यसपछि (अल्लाहु अक्बर): दुई पटक।
- त्यसपछि 'ला इलाह इल्लल्लाह': एक पटक भनेर समाप्त गर्नु।
- फज्रमा "हय्य अलल्फलाह" पछि: (अस्सलातु खैरुम् मिनन्नौम)

दुई पटक थपिन्छ; किनभने यो त्यस्तो समय हो जब मानिसहरू प्रायः सुतिरहेका हुन्छन्।

- इकामतमा एघार वाक्यहरू हुन्छन्, जसलाई अलि छिटो भनिन्छ, किनभने यो उपस्थित व्यक्तिरूलाई सूचित गर्नको लागि हो, त्यसैले यसलाई बिस्तारै भन्नु आवश्यक छैन।

**इकामतका शब्दहरू यस प्रकार छन्:**

- (अल्लाहु अकबर): दुई पटक।
- (अश्हदु अल्ला इलाह इल्लल्लाह): एक पटक।
- (अश्हदु अन्न मुहम्मदर्रसूलुल्लाह): एक पटक।
- (हय्य अलस्सलाह): एक पटक।
- (हय्य अलल्फलाह): एक पटक।
- (कद् कामतिस् सलाह): दुई पटक।
- (अल्लाहु अकबर): २ पटक।
- (ला इलाह इल्-लल्लाह): एक पटक।

अजान सुन्ने व्यक्तिले मुअज्जिनले भनेजस्तै भन्नु पर्छ, तर (हय्य अलस्सलाह) र (हय्य अलल्फलाह) को जवाफमा (ला हौल वा ला कुव्वता इल्ला बिल्लाह) भन्नुपर्छ। त्यसपछि नबी (सल्लल्लाहु अलैहि व सल्लम) माथि दरूद पढ्नु।

त्यसपछि निम्न दुआ पढ्नु:

«اللّٰهُمَّ رَبَّ هَذِهِ الدَّعْوَةِ التَّامَّةِ، وَالصَّلَاةِ القَائِمَةِ، آتِ مُحَمَّدًا الوَسِيلَةَ وَالفَضِيلَةَ، وَابْعَثْهُ مَقَامًا مَحْمُودًا الَّذِي وَعَدْتَهُ، إِنَّكَ لَا تُخْلِفُ الْمِيعَادَ».

"अल्लाहुम्म रब्ब हाजिहि द्दावतित्ताम्मह्, वस्सलातिल काइमह, आति मुहम्मद निल वसीलत वल्फजीलह, व अब्अष्हु मकामम् मह्मूद निल्लजी वअत्तह, इन्नक ला तुख्लिफुल्-मीआद।"
अर्थ: "हे अल्लाह, यस पूर्ण अजान र स्थापित सलाहका स्वामी, मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) लाई वसीला र उत्कृष्ट दर्जा प्रदान गर्नुहोस्।
उहाँलाई तपाईंले वाचा गर्नुभएको प्रशंसित स्थानमा पुऱ्याउनुहोस्। वास्तवमा, तपाईंले आफ्नो वाचा तोड्नुहुन्न।"[1]
र यसरी भन्नु:

«رَضِيتُ بِاللَّهِ رَبًّا، وَبِالْإِسْلَامِ دِينًا، وَبِمُحَمَّدٍ ﷺ نَبِيًّا».

"रजितु बिल्लाही रब्बन्, वबिल इस्लामी दीनन् व बिमुहम्मदिन् (सल्लल्लाहु अलैहि वसल्लम) नबीयन्।"
अर्थ: "म अल्लाहलाई पालनकर्ताको रूपमा, इस्लामलाई धर्मको रूपमा र मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) लाई नबीको रूपमा मानेर खुसी छु।"[2]
कुनै वैध कारण वा फर्किने नियत बिना अजान पछि मस्जिदबाट बाहिर निस्कन अनुमति छैन। दुई नमाज जमा गर्दा, एक अजान पर्याप्त हुन्छ र हरेक नमाजको लागि छुट्टाछुट्टै इकामत दिनुपर्छ।

---

[1] शेख अब्दुल अजीज बिन बाज (रहिमहुल्लाह) ले आफ्नो मजमूअ फतावा (२९/१४१) मा भनेका छन्: (बैहकीले एक असल सनदको साथ जाबिरको माध्यमले 'इन्नक ला तुख्लिफुल्-मीआद' थपेका छन्)।
[2] यसलाई इमाम तिर्मिजीले हदीस नं. (२६३५) मा वर्णन गरेका छन्।

**दोस्रो: सलाहको स्थान र सद्गुण:**

शहादतैन (दुई गवाही) पछि नमाज इस्लामको सबैभन्दा महत्त्वपूर्ण स्तम्भ हो। यसको विशेष स्थान छ, किनकि अल्लाहले यसलाई मेअराजको रातमा आकाशमा आफ्नो रसूल (सल्लल्लाहु अलैहि वसल्लम) माथि फर्ज गर्नुभयो। यसले यसको उच्च स्थानलाई दर्शाउछ, यसको अनिवार्यतालाई पुष्टि गर्छ र अल्लाहको नजरमा यसको महानतालाई पुष्टि गर्छ।

यसको सद्गुण र प्रत्येक व्यक्तिमाथि सलाह अनिवार्य हो भनेर धेरै हदीसहरू वर्णन गरिएका छन्।

यो अनिवार्य हो भन्ने कुरा इस्लाम धर्ममा स्वतः सिद्ध छ।

यसको अनिवार्यता र पुष्टिमाथि कुरआन र हदीसबाट धेरै प्रमाणहरू छन्, तीमध्ये केही यस प्रकार छन्:

१) अल्लाहले भन्नुभएको छ:

﴿...إِنَّ ٱلصَّلَوٰةَ كَانَتۡ عَلَى ٱلۡمُؤۡمِنِينَ كِتَٰبٗا مَّوۡقُوتٗا﴾

अर्थ: "....वास्तवमा, नमाज मोमिनहरूमाथि एक निश्चित समयमा अनिवार्य गरिएको छ।" (अन्-निसा: १०३) अर्थात्, अल्लाहका रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले तोक्नुभएको समयहरूमा अनिवार्य छ।

२) अल्लाहले भन्नुभएको छ:

﴿وَمَا أُمِرُوا إِلَّا لِيَعْبُدُوا اللَّهَ مُخْلِصِينَ لَهُ الدِّينَ حُنَفَاءَ وَيُقِيمُوا الصَّلَاةَ... ﴾

अर्थ: “उनीहरूलाई अल्लाहको उपासना गर्न, केवल उहाँको लागि धर्मलाई शुद्ध राख्न र नमाज स्थापना गर्न बाहेक अरू कुनै कुराको आज्ञा दिइएको थिएन...।” (सूरह अल्-बय्यिना: ५)

३) अल्लाहले भन्नुभएको छ:

﴿فَإِنْ تَابُوا وَأَقَامُوا الصَّلَاةَ وَآتَوُا الزَّكَاةَ فَإِخْوَانُكُمْ فِي الدِّينِ... ﴾

अर्थ: “यदि यिनीहरूले प्रायश्चित गर्छन्, नियमित नमाज कायम गर्दछन् र जकात दिन्छन् भने तिनीहरु तिम्रा धार्मिक दाजुभाइ हुन्...।” (तौबा: ११)

४) जाबिर (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो:

«إِنَّ بَيْنَ الرَّجُلِ وَبَيْنَ الشِّرْكِ وَالْكُفْرِ تَرْكُ الصَّلَاةِ».

अर्थ: "वास्तवमा, एक व्यक्ति र शिर्क तथा कुफ्र बीचको रेखा सलाह (नमाज) छोड्नु हो।"[1]

५) बुरैदह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«العَهْدُ الَّذِي بَيْنَنَا وَبَيْنَهُمُ الصَّلَاةُ، فَمَن تَرَكَهَا فَقَدْ كَفَرَ».

अर्थ: "हामी र तिनीहरू बीचको फरक नमाज (सलाह) हो। जसले यसलाई त्याग्छ उसले कुफ्र गर्यो।"[2]

---

[1] मुस्लिम: ८२।

[2] तिर्मिजी (२६५) ले बयान गरेका छन् अनि 'हसन सहीह गरीब' भनेका छन्। यसलाई अल्बानीले सहीहुत्तर्गीब वत्तर्हीबमा सही भनेका छन्।

यसको अनिवार्यतालाई अस्वीकार गर्ने व्यक्ति काफिर हो भन्ने कुरामा विद्वानहरू एकमतले सहमत छन्। अल्छी र लापरवाहीका कारण यसलाई त्याग्ने व्यक्तिको हकमा माथि उल्लेख गरिएको प्रामाणित हदीस र यस विषयमा सहाबाहरूको सर्वसम्मतिले गर्दा त्यो पनि काफिर हो भन्ने कुरा बढी सही छ।

**तेस्रो: सलाहका शर्तहरू:**

**१) यसको समय शुरु हुनु:** किनभने अल्लाहले भन्नुभएको छ:

﴿...إِنَّ ٱلصَّلَوٰةَ كَانَتۡ عَلَى ٱلۡمُؤۡمِنِينَ كِتَٰبًا مَّوۡقُوتًا﴾

अर्थ: “.....वास्तवमा, नमाज मोमिनहरूमाथि एक निश्चित समयमा अनिवार्य गरिएको छ।” (अन्-निसा) अर्थात् निश्चित समयहरूमा अनिवार्य हो।

**फर्ज नमाजका समयहरू यस प्रकार छन्:**

- **फज्र:** फज्रको उदयदेखि सूर्योदयसम्म।
- **जोहर:** सूर्य माध्यान्नबाट ढल्केदेखि सबै चीजको छायाँ यसको लम्बाइ बराबर नभएसम्म।
- **असर:** जुहरको समय समाप्त भएपछि सूर्य पहेँलो नभएसम्म र आवश्यकताको समयमा सूर्यास्त नभएसम्म।
- **मगरिब:** सूर्यास्तदेखि शफक (साँझको रातो गोधूलि) गायब नभएसम्म।
- **इशा:** मग्रिबको समय समाप्त भएदेखि मध्यरातसम्म।

**२) पर्दा गर्नु (गुप्तांग ढाक्ने):**

छोप्नु पर्ने अंगहरू र जसको प्रदर्शनी घृणित र लज्जास्पद मानिन्छ।

**पुरुषको पर्दा:** नाभिदेखि घुँडासम्म।

**महिलाको पर्दा:** हुनत महिलाको सम्पूर्ण शरीर पर्दा हो, सलाहमा अनुहार बाहेक सम्पूर्ण शरीर छोप्नुपर्छ। तर पर-पुरुष (गैर-महरम) को उपस्थितिमा उनले आफ्नो अनुहार छोप्नुपर्छ।

**३) नापाकी (अशुद्धता) बाट बच्नु:**

**अशुद्धता:** यो एक विशेष प्रकारको फोहोर हो जसले नमाजमा बाधा पुऱ्याउँछ; जस्तै पिसाब, दिसा, रगत र अन्य अनि यो शरीर, ठाउँ र लुगामा हुन सक्छ।

**४) किब्लातर्फ फर्किनु:**

किब्ला पवित्र काबा हो। मानिसहरू यसतर्फ फर्किने भएकाले यसलाई किब्ला भनिएको हो। किब्लातिर नफर्की नमाज सही हुँदैन, किनभने अल्लाहले भन्नुभएको छ:

﴿...وَحَيْثُ مَا كُنتُمْ فَوَلُّواْ وُجُوهَكُمْ شَطْرَهُ... ﴾

अर्थ: "..तिमी जहाँ भए पनि आफ्नो अनुहार त्यसै (किब्ला) तिर फर्काऊ...।" (अल-बकरह: १४४)

**५) नियत (मनसाय):**

शाब्दिक अर्थ: मनसाय हो र शरीअतमा यसको अर्थ हो: अल्लाहको निकटता प्राप्त गर्ने उद्देश्यले उपासना गर्ने संकल्प। नियतको स्थान हृदय हो, त्यसैले मुखले उच्चारण गर्नु पर्दैन, बरू यो दअत हो।

**चौथो: सलाहका स्तम्भहरू:**

यसका चौध स्तम्भहरू छन्:

पहिलो स्तम्भ: सक्षम भएमा उभिएर पढ्नु: किनभने अल्लाहले भन्नुभएको छ:

﴿...وَقُومُوا۟ لِلَّهِ قَـٰنِتِينَ﴾

अर्थ: "...अल्लाहको लागि आदर साथ उभिने गर।" (अल् बकरह: २३८) इम्रान (रजियल्लाहु अन्हु) ले नबी (सल्लल्लाहु अलैहि वसल्लम) बाट वर्णन गर्नुभएको छ:

«صَلِّ قَائِمًا، فَإِن لَمْ تَسْتَطِعْ فَقَاعِدًا، فَإِن لَمْ تَسْتَطِعْ فَعَلَى جَنْبٍ».

अर्थ: "उभिएर नमाज पढ्नु, यदि सक्दैनौ भने बसेर र यो पनि सक्दैनौ भने कोल्टे परेर।"[1]

यदि ऊ रोगको कारणले उभिन असमर्थ छ भने, उसले आफ्नो अवस्था अनुसार बसेर वा कोल्टे परेर प्रार्थना गर्नुपर्छ। यिनीहरु बिरामी जस्तै हुन्: डराएको, नाङ्गो र उपचारको लागि बस्नु पर्ने वा सुत्नु पर्ने जसमा उभिनु हुँदैन। त्यसैगरी, उभिन नसक्ने इमामको पछाडि नमाज पढ्ने मुक्तदीलाई

[1] यसलाई इमाम बुखारीले हदीस नम्बर (१११७) मा वर्णन गरेका छन्।

उभिनुबाट छुट छ। यदि उसले बसेर नमाज पढ्छ भने, उसको पछाडि मुक्तदीहरूले पनि आफ्नो इमामको अनुसरण गर्दै बसेरै नमाज पढ्छन्। उभिन सक्ने भए पनि बसेर नफिल नमाज पढ्नु अनुमति छ, तर यसको प्रतिफल उभिने व्यक्ति झैं हुनेछैन।

दोस्रो स्तम्भ: तक्बीरे तह्रीमा भनेर सुरु गर्नु: किनभने नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«ثُمَّ اسْتَقْبِلِ الْقِبْلَةَ، وَكَبِّرْ».

अर्थ: "त्यसपछि किब्लातिर फर्क र अल्लाहु अक्बर भन।"[1]

तक्बीरे तह्रीमा: 'अल्लाहु अकबर' भन्नु र यो बाहेक अरू कुनै कुरा पर्याप्त हुँदैन।

तेस्रो स्तम्भ: सूरह फातिहा पढ्नु: किनभने नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«لَا صَلَاةَ لِمَنْ لَمْ يَقْرَأْ بِفَاتِحَةِ الْكِتَابِ».

अर्थ: "जसले नमाजमा सूरह फातिहा पढ्दैन, उसको नमाज मान्य हुँदैन।"[2]

चौथो स्तम्भ: हरेक रकअतमा रूकूअ गर्नु: अल्लाहले भन्नुभएको छ:

---

[1] यो हदीसलाई इमाम बुखारीले (६२५१) नम्बर र इमाम मुस्लिमले (८८४) नम्बरमा वर्णन गरेका छन्।

[2] यो हदीसलाई इमाम बुखारीले (७५६) नम्बर र इमाम मुस्लिमले (८७२) नम्बरमा वर्णन गरेका छन्।

﴿يَاأَيُّهَا الَّذِينَ آمَنُوا ارْكَعُوا وَاسْجُدُوا... ﴾

अर्थ: "हे आस्थावानहरू हो! रुकूअ र सज्दा गर...।" (अल् हज्जः ७७)

पाचौं र छैठौं स्तम्भहरू: रुकूअबाट उठ्नु र पहिलेको अवस्थामा जस्तै सीधा उभिनु, किनभने नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले निरन्तर त्यसो गर्नुहुन्थ्यो। रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्नो नमाजमा त्रुटि गर्ने व्यक्तिलाई भन्नुभयोः

«ثُمَّ ارْفَعْ حَتَّى تَعْتَدِلَ قَائِمًا».

अर्थ: "त्यसपछि उभिएर सिधा नहुन्जेल उभिनु।"[1]

सातौँ स्तम्भ: सात अंगहरूमा सज्दा गर्नु: निधार नाकसमेत, दुवै हात, दुवै घुँडा र दुवै खुट्टाका औंलाहरू, किनभने नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«أُمِرْنَا أَنْ نَسْجُدَ عَلَى سَبْعَةِ أَعْظُمٍ: الجَبْهَةِ، وَأَشَارَ بِيدِهِ عَلَى أَنْفِهِ، وَالكَفَّيْنِ، وَالرُّكْبَتَيْنِ، وَأَطْرَافِ القَدَمَيْنِ».

अर्थ: "हामीलाई सातवटा अंगहरूमा सजदा गर्न आदेश दिइएको छ: निधार र उहाँले आफ्नो हातले नाकतिर सङ्केत गर्नुभयो, दुवै हत्केला, दुवै घुँडा र दुवै खुट्टाका औंलाहरू।"[2]

---

[1] बुखारी (७९३) र मुस्लिम (३९८)।

[2] यो हदीसलाई इमाम बुखारीले (८१२) नम्बर र इमाम मुस्लिमले (४९०) नम्बरमा वर्णन गरेका छन्।

आठौँ स्तम्भ: सज्दाबाट उठेर दुई सज्दाबीच बस्नु: आइशा (रजियल्लाहु अन्हा) ले भनेका छन्:

«كَانَ النَّبِيُّ ﷺ إِذَا رَفَعَ رَأْسَهُ مِنَ السَّجْدَةِ، لَمْ يَسْجُدْ حَتَّى يَسْتَوِيَ جَالِسًا».

अर्थ: "नबी (सल्लल्लाहु अलैहि वसल्लम) जब सज्दाबाट आफ्नो टाउको उठाउनुहुन्थ्यो, तब पूर्ण रूपमा बसेर स्थिर नभएसम्म सज्दा गर्नुहुन्नथ्यो।"[1]

नवौं स्तम्भ: सम्पूर्ण कार्यहरू शान्तिका साथ पूरा गर्नु: थोरै भए पनि शान्तिका साथ गर्नुपर्छ, किनभने नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्नो नमाजमा त्रुटि गर्ने व्यक्तिलाई भन्नुभएको थियो:

«حَتَّى تَطْمَئِنَّ».

अर्थ: "स्थिरता प्राप्त नभएसम्म"[2]

दशौं र एघारौं स्तम्भहरू: अन्तिम तशह्हुद र त्यसको लागि बस्नु: अब्दुल्लाह बिन मस्ऊद (रजियल्लाहु अन्हु) को हदीसमा छ, उनले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) बाट वर्णन गरेका छन्,

«إِذَا صَلَّى أَحَدُكُمْ فَلْيَقُلْ: التَّحِيَّاتُ لِلَّهِ وَالصَّلَوَاتُ وَالطَّيِّبَاتُ، السَّلَامُ عَلَيْكَ أَيُّهَا النَّبِيُّ وَرَحْمَةُ اللَّهِ وَبَرَكَاتُهُ، السَّلَامُ عَلَيْنَا وَعَلَى عِبَادِ اللَّهِ الصَّالِحِينَ، أَشْهَدُ أَنْ لَا إِلَهَ إِلَّا اللَّهُ وَأَشْهَدُ أَنَّ مُحَمَّدًا عَبْدُهُ وَرَسُولُهُ».

---

[1] (मुस्लिम: ४९८)

[2] यो हदीसलाई इमाम बुखारीले (७२४) नम्बर र इमाम मुस्लिमले (३९८) नम्बरमा वर्णन गरेका छन्।

जब तिमीहरूमध्ये कसैले नमाज पढ्छ, उसले भनोस्ः “अत्तहिय्यातु लिल्लाहि, वस्सलवातु वत्तय्यिबातु, अस्सलामु अलैक अय्युहन्-नबीय्यु व रहमतुल्लाहि व बरकातुहु, अस्सलामु अलैना व अला इबादिल्ला-हिस्सालिहीन, अश्हदु अल्ला इलाह इल्लल्लाहु, व अश्हदु अन्न मुहम्मदन् अब्दुहु व रसूलुहु”

अर्थः आर्थिक, शारीरिक र भौतिक सम्पूर्ण उपासनाहरू अल्लाहकै लागि हुन्। हे नबी, अल्लाहले तपाईं माथि शान्ति, दया र आशीर्वाद अवतरण गरून्। हामी र अल्लाहका सच्चा भक्तहरूमाथि पनि शान्ति होस्। म गवाही दिन्छु, अल्लाह बाहेक अरू कोही सत्य ईश्वर छैनन् र म गवाही दिन्छु, मुहम्मद उहाँका सेवक र सन्देष्टा हुनुहुन्छ।[1]

बाह्रौँ स्तम्भ: अन्तिम तशह्हुदमा नबी (सल्लल्लाहु अलैहि वसल्लम) माथि दरुद पढ्नु: दरुद पढ्ने तरिका:

«اللَّهُمَّ صَلِّ عَلَى مُحَمَّدٍ».

अर्थ: “अल्लाहुम्म सल्लि अला मुहम्मद्”,[2] र यो भन्दा बढी पढ्नु सुन्नत हो।

तेह्रौं स्तम्भ: सम्पूर्ण स्तम्भहरू क्रमबद्ध गर्नु: किनभने नबी (सल्लल्लाहु अलैहि वसल्लम) यसलाई क्रमबद्ध रूपमा गर्नुहुन्थ्यो। अर्को ठाउँमा भन्नुभएको छ:

«صَلُّوا كَمَا رَأَيْتُمُونِي أُصَلِّي».

---

[1] बुखारी (७९७) र मुस्लिम (४०२)।

[2] यसलाई इमाम तिर्मिजीले हदीस नं. (८३९) मा वर्णन गरेका छन्।

अर्थ: "मलाई नमाज पढेको देखेको जस्तै तिमीहरूले नमाज पढ।"[1] नमाजमा गल्ती गर्ने व्यक्तिलाई उहाँले "त्यसपछि" शब्दद्वारा क्रमबद्ध रूपमा सिकाउनुभयो।

चौधौं स्तम्भ: सलाम फेर्नु: किनभने नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«وَخِتَامُهَا التَّسْلِيمُ».

अर्थ: "यसको समाप्ति सलाम फेर्नु हो।" र उहाँको कथनः

«وَتَحْلِيلُهَا التَّسْلِيمُ».

अर्थ: "यसको समापन सलाम फेर्नु हो"[2]

**पाँचौं: नमाजका वाजिब कार्यहरू:**

यी आठ छन्:

१) तक्बीरे तह्रीमा बाहेक सबै तक्बीरहरू।

२) रुकूमा एक पटक "सुब्हान रब्बियल्अजीम" भन्नु, तर तीन पटक भन्नु सुन्नत हो र यो उत्तम हो। दश सम्म भन्नु उत्कृष्ट हो।

३) रुकूअबाट उठ्दा इमाम र मुन्फरिद (एक्लै नमाज पढ्ने व्यक्ति) ले "समिअल्लाहु लिमन् हमिदह" भन्नु।

---

[1] यसलाई इमाम बुखारीले हदीस नम्बर (६००८) मा वर्णन गरेका छन्।

[2] यसलाई इमाम बुखारीले हदीस नम्बर (११९०) मा वर्णन गरेका छन्।

४) रुकूअबाट उठेपछि "रब्बना व लकल्हम्द" भन्नु।

५) सज्दामा एक पटक "सुब्हान रब्बीयल् आअ्ला" भन्नु, तर तीन पटक भन्नु सुन्नत हो।

६) दुई सज्दाहरूका बीचमा "रब्बिग्फिर् ली" एक पटक भन्नु, तर तीनपटक भन्नु सुन्नत हो।

७) पहिलो तशह्हुद; जसमा निम्न कुरा भन्नुपर्छ:

«التَّحِيَّاتُ لِلَّهِ، وَالصَّلَوَاتُ وَالطَّيِّبَاتُ، السَّلَامُ عَلَيْكَ أَيُّهَا النَّبِيُّ وَرَحْمَةُ اللَّهِ وَبَرَكَاتُهُ، السَّلَامُ عَلَيْنَا وَعَلَى عِبَادِ اللَّهِ الصَّالِحِينَ، أَشْهَدُ أَنْ لَا إِلَهَ إِلَّا اللَّهُ وَأَشْهَدُ أَنَّ مُحَمَّدًا عَبْدُهُ وَرَسُولُهُ».

"अत्तहिय्यातु लिल्लाहि, वस्सलवातु वत्तय्यिबातु, अस्सलामु अलैक अय्युहन्-नबीय्यु व रहमतुल्लाहि व बरकातुहु, अस्सलामु अलैना व अला इबादिल्ला-हिस्सालिहीन, अश्हदु अल्ला इलाह इल्लल्लाहु, व अश्हदु अन्न मुहम्मदन् अब्दुहु व रसूलुहु।"

अर्थः आर्थिक, शारीरिक र भौतिक सम्पूर्ण उपासनाहरू अल्लाहकै लागि हुन्। हे नबी, अल्लाहले तपाईं माथि शान्ति, दया र आशीर्वाद अवतरण गरून्। हामी र अल्लाहका सच्चा भक्तहरूमाथि पनि शान्ति प्राप्ति होस्। म गवाही दिन्छु, अल्लाह बाहेक अरू कोही सत्य ईश्वर छैनन् र म गवाही दिन्छु, मुहम्मद उहाँका सेवक र सन्देष्टा हुनुहुन्छ।[1]

८) पहिलो तशह्हुद पढ्नका लागि बस्नु।

[1] यसलाई इमाम बुखारीले हदीस नम्बर (८३५) मा वर्णन गरेका छन्।

**छैठौं: नमाजका सुन्नतहरू:**

नमाजका सुन्नतहरू छोड्नाले नमाज बातिल हुँदैन। सुन्नत दुई प्रकारका हुन्छन्: कौली (मौखिक) सुन्नत र फेअली (व्यावहारिक) सुन्नत।

पहिलो: कौली (मौखिक) सुन्नतहरू:

१) दुआ-ए-इस्तिफ्ताह, जसका विभिन्न रूपहरू छन्, तीमध्ये केही:

«سُبْحَانَكَ اللَّهُمَّ وَبِحَمْدِكَ، وَتَبَارَكَ اسْمُكَ، وَتَعَالَى جَدُّكَ، وَلا إِلَهَ غَيْرُكَ».

"सुब्हानकल्लाहुम्म व बिहम्दिक व तबारकस्मुक व तआला जद्दुक व लाइलाह गैरुक।"

अर्थ: "हे अल्लाह तपाईं पवित्र हुनुहुन्छ र हामी तपाईंको प्रशंसा गर्छौं, तपाईंको नाम बरकत वाला छ, तपाईंको महिमा उच्च छ र तपाईं बाहेक अरू कोहि पुज्य छैन।[1]

२) सूरतुल फातिहा भन्दा अघि अऊजु बिल्लाह पढ्नु, यसरी भन्नु: "अऊजु बिल्लाहि मिनश्शैतानिर्-रजीम।"

अर्थ: म श्रापित शैतानबाट अल्लाहको शरण चाहन्छु।

३) तिलावतभन्दा पहिले बिस्मिल्लाह पढ्नु, यसरी भन्नु: "बिस्मिल्लाहिर्रहमानिर्रहीम"।

४) रुकूअ र सज्दामा एक पटक भन्दा बढी तस्बीह पढ्नु।

५) दुई सज्दाबीच: "रब्बिग्-फिर्ली" भन्दा बढी भन्नु।

«رَبِّ اغْفِرْ لِي».

---

[1] यो हदीसलाई इमाम बुखारीले (७४३) नम्बर र इमाम मुस्लिमले (३९९) नम्बरमा वर्णन गरेका छन्।

अर्थः हे मेरो पालनकर्ता! मलाई क्षमा गर्नुहोस्।

६) “रब्बना व लकल् हम्द।” (हे हाम्रो प्रतिपालक! तपाईंकै लागि प्रशंसाहरू छन्)[1] भनेपछि यो दुआ भन्नु:

«مَلْءَ السَّمَاوَاتِ، وَمَلْءَ الْأَرْضِ، وَمَلْءَ مَا بَيْنَهُمَا، وَمَلْءَ مَا شِئْتَ مِنْ شَيْءٍ بَعْدُ».

"मल्-अस्-समावाति, व मल्-अल्-अर्दि, व मल्-अ मा बयनहुमा, व मल्-अ मा शिअ्-त मिन् शय-इन् बादु।"

अर्थ: “आकाशहरू भरी, धरती भरी, यी दुवैको बीचमा भरी र तपाईंले चाहनुभएको अरू सबै कुरा भरी” यस पश्चातः

७) अल-फातिहा पढिसकेपछि किराअत गर्नु (अन्य सूरह पढ्नु)।

८) यो दुआ पढ्नु:

«اللَّهُمَّ إِنِّي أَعُوذُ بِكَ مِنْ عَذَابِ جَهَنَّمَ، وَمِنْ عَذَابِ الْقَبْرِ، وَمِنْ فِتْنَةِ الْمَحْيَا وَالْمَمَاتِ، وَمِنْ فِتْنَةِ الْمَسِيحِ الدَّجَّالِ».

“अल्लाहुम्म इन्नी अऊजुबि-क मिन् अजाबि जहन्नम, व मिन् अजाबिल् कब्रि, व मिन् फित्नतिल् मह्-या वल्-ममाति, व मिन् फित्नतिल् मसीहिद्-दज्जाल।”

अर्थः “हे अल्लाह! म नर्क र कब्रको यातनाबाट, मृत्यु र जीवनको फित्नाबाट एवं मसीह दज्जालको फित्नाबाट तपाईंको शरण माग्दछु।”[2]

अन्तिम तशह्हुद पढिसकेपछि अन्य दुआहरू गर्न सकिन्छ।

---

[1] यसलाई इमाम तिर्मिजीले (२६६) नम्बरमा वर्णन गरेका छन्।

[2] मुस्लिम: ५८८।

**दोस्रो: फेअली (व्यावहारिक) सुन्नतहरू:**

१) चार स्थानहरूमा काँध वा कान बराबर हात उठाउनु:

क) तक्बीरे तह्रीमा भन्ने बेलामा।

ख) रुकू गर्ने बेलामा।

ग) रुकूबाट उठ्ने बेलामा।

घ) तेस्रो रकाअतको लागि उभिने बेलामा।

२) उभिएको बेलामा दाहिने हात बाँया हातमा राखेर छाती माथि राख्नु, रुकूअ भन्दा पहिला र रुकूअ पछि पनि।

३) आफ्ना सज्दा गर्ने ठाउँमा हेर्नु।

४) सज्दामा कुहिनालाई छेउबाट टाढा राख्नु।

५) सज्दामा पेटलाई तिघ्राबाट टाढा राख्नु।

६) तीन र चार रकातको नमाजको अन्तिम तशहहुद बाहेक सबै नमाजमा खुट्टा फैलाएर बस्नु।

७) तीन वा चार रकअतको नमाजको अन्तिम तशह्हुदमा तवर्रुक गर्नु।

तवर्रुक: दायाँ खुट्टालाई ठाडो राख्नु र बाँया खुट्टालाई दाहिनेको मुनिबाट निकालेर नितम्बलाई भुँइमा राखेर बस्नु।

**सातौं: सलाह (नमाज) पढ्ने तरिका:**

१) जब रसूल (सल्लल्लाहु अलैहि वसल्लम) नमाजको लागि उभिनुहुन्थ्यो, तब किब्लातिर फर्किनुहुन्थ्यो, आफ्ना दुवै हातहरू उठाउनुहुन्थ्यो र आफ्ना औंलाहरूको भित्री भागलाई किब्लातिर फर्काउनुहुन्थ्यो र भन्नुहुन्थ्योः

«اللهُ أَكْبَرُ».

"अल्लाहु अकबर।"

अर्थः "अल्लाह सबैभन्दा महान् हुनुहुन्छ।"

२) त्यसपछि दायाँ हातले बाँया हातलाई समातेर छातीमाथि राख्नुहुन्थ्यो।

३) त्यसपछि उहाँले नमाज सुरु गर्ने दुआ पढ्नु हुन्थ्यो तर उहाँ सधैं एउटै सुरुवाती दुआ पढ्नुहुन्नथ्यो, उहाँ (सल्लल्लाहु अलैहि वसल्लम) बाट प्रमाणित सबै इस्तिफ्ताहका दुआहरू पढ्नु वैधानिक छ, तीमध्ये केही यस प्रकार छन्:

«سُبْحَانَكَ اللَّهُمَّ وَبِحَمْدِكَ، وَتَبَارَكَ اسْمُكَ، وَتَعَالَى جَدُّكَ، وَلَا إِلَهَ غَيْرُكَ».

"सुब्हानकल्लाहुम्म व बिहम्दिक व तबारकस्मुक व तआला जद्दुक व लाइलाह गैरुक।"

अर्थः "हे अल्लाह! तपाईं पवित्र हुनुहुन्छ र हामी तपाईंको प्रशंसा गर्छौं, तपाईंको नाम बरकत वाला छ, तपाईंको महिमा उच्च छ र तपाईं बाहेक अरू कोहि पुज्य छैन।

४) त्यसपछि भन्नु:

«أَعُوذُ بِاللَّهِ مِنَ الشَّيْطَانِ الرَّجِيمِ، بِسْمِ اللَّهِ الرَّحْمَٰنِ الرَّحِيمِ».

“अऊज़ु बिल्लाहि मिनश्शैतानिर्रजीम, बिस्मिल्ला हिर्रहमा निर्रहीम।”

अर्थ: “म श्रापित शैतानबाट अल्लाहको शरण लिन्छु। अत्यन्त करुणामय, प्रम दयालु अल्लाहको नामबाट आरम्भ गर्दछु।

५) त्यसपछि सूरह फातिहा पढ्नु र पढेपछि “आमीन” भन्नु।

६) त्यसपछि कुरआनबाट अन्य सूरह पढ्ने। फज्र, मगरिब र ईशाको पहिलो दुई रकअतहरूमा ठूलो स्वरले पढ्ने। यो बाहेक अन्य रकातमा बिस्तारै तिलावत गर्ने। हरेक नमाजको पहिलो रकअत दोस्रोभन्दा लामो पढ्नुपर्छ।

७) त्यसपछि सुरुवातमा गरे जस्तै दुवै हातहरू उठाउने। त्यसपछि "अल्लाहु अक्बर" भन्नु र रूकूअमा जानु। आफ्ना हातका औंलाहरू फैलाएर दुवै घुँडालाई समात्ने, आफ्नो ढाड सिधा राख्ने र टाउकोलाई ढाडको बराबर राख्ने; न त्यसलाई माथि उठाउने न त तल झुकाउने अनि यो दुआ पढ्ने:

«سُبْحَانَ رَبِّيَ الْعَظِيمِ» مرةً.

“सुब्हान रब्बियल् अजीम” एक पटक।

अर्थ: “मेरो महान रब पवित्र हुनुहुन्छ।” तीन पटक भन्नु राम्रो हो।

८) फेरि टाउको उठाउँदै भन्नु:

«سَمِعَ اللَّهُ لِمَنْ حَمِدَهُ».

“समिअल्लाहु लिमन् हमिदह्।”

अर्थः “जसले अल्लाहको प्रशंसा गर्यो, उसको प्रशंसा उहाँले सुन्नुभयो।” रुकूअमा उठाए जस्तै आफ्ना दुवै हातहरू उठाउने।

९) सिधा उभिएपछि यसरी भन्नुपर्छः

«اللَّهُمَّ رَبَّنَا وَلَكَ الْحَمْدُ، حَمْدًا كَثِيرًا طَيِّبًا مُبَارَكًا فِيهِ، مَلْءَ السَّمَاءِ، وَمَلْءَ الْأَرْضِ، وَمَلْءَ مَا بَيْنَهُمَا، وَمَلْءَ مَا شِئْتَ مِنْ شَيْءٍ بَعْدُ، أَهْلَ الثَّنَاءِ وَالْمَجْدِ، أَحَقُّ مَا قَالَ الْعَبْدُ، وَكُلُّنَا لَكَ عَبْدٌ، لَا مَانِعَ لِمَا أَعْطَيْتَ، وَلَا مُعْطِيَ لِمَا مَنَعْتَ، وَلَا يَنْفَعُ ذَا الْجَدِّ مِنْكَ الْجَدُّ».

“अल्लाहुम्म रब्बना व लकल् हम्द, हम्दन् कसीरन् तैय्यिबन् मुबारकन् फीह्, मल्अस्समाइ, व मल्अल्अर्जि, व मल्अ मा बैनहुमा, व मल्अ मा शिअत मिन् शैइन् बाअ्द्, अह्लस्सनाइ वल्मज्दि, अहक्कु मा कालल् अब्दु, व कुल्लुना लक अब्दुन्, ला मानिअ लिमा आअ्तैत, व ला मुअ्तिय लिमा मनअ्त, व ला यन्फउ जल्जद्दि मिन्कल्जद्दु।”

अर्थः “हे अल्लाह, हे हाम्रा पालनकर्ता! सबै प्रशंसाहरू तपाईंको लागि हुन्; अत्याधिक धेरै, पवित्र अनि कल्याणकारी प्रशंसा। आकाश भरि, पृथ्वी भरि, ती दुईको बीचमा जे छ त्यो भरि र त्यसपछि तपाईंले चाहनुभएको हरेक कुरा भरि। तपाईं प्रशंसा र महिमाको योग्य हुनुहुन्छ। यो एउटा सेवकले भन्न सक्ने सबैभन्दा सत्य वचन हो र हामी सबै

तपाईंका सेवक हौं। तपाईंले दिनुभएको कुरालाई रोक्ने कोही छैन र तपाईंले रोकेको कुरा दिन सक्ने कोही छैन। कुनै प्रतिष्ठित व्यक्तिलाई उसको प्रतिष्ठाले तपाईंसामु कुनै लाभ दिँदैन।"[1] उहाँ यसरी लामो समयसम्म उभिनुहुन्थ्यो।

१०) त्यसपछि तक्बीर भन्दै सज्दामा जाने र यसमा हात उठाउनु हुँदैन। आफ्नो निधार, नाक, दुवै हात, दुवै घुँडा र दुवै खुट्टाका औंलाहरूमा सज्दा गर्ने, आफ्नो हात र खुट्टाका औंलाहरूलाई किब्लातर्फ फर्काउने, सज्दामा सन्तुलन कायम राख्ने, आफ्नो निधार र नाक भुइँमा राख्ने, आफ्नो दुवै हत्केलामा भर दिने र कुहिनालाई उठाउने, आफ्नो दुवै हातलाई छेउबाट टाढा राख्ने, आफ्नो पेटलाई आफ्नो तिघ्राबाट अलग राख्ने, आफ्ना तिघ्रालाई पिंडौलाबाट अलग राख्ने र सज्दामा यसो भन्ने:

«سُبْحَانَ رَبِّيَ الأَعْلَى».

"सुब्हान रब्बियल् आला"

अर्थः मेरो सर्वोच्च पालनकर्ताको महिमा होस्। एक पटक, तर तीन पटक भन्नु राम्रो हो। अनि प्रमाणित दुआहरू गर्ने।

११) फेरि "अल्लाहु अक्बर" भन्दै टाउको उठाउने, त्यसपछि आफ्नो बायाँ खुट्टा बिछ्याएर त्यसमा बस्ने र दायाँ खुट्टालाई ठाडो राख्ने, दुवै हातलाई तिघ्रामा राखेर यसरी भन्ने:

«اللَّهُمَّ اغْفِرْ لِي، وَارْحَمْنِي، وَاجْبُرْنِي، وَاهْدِنِي، وَارْزُقْنِي».

[1] यसलाई इमाम अबू दाऊदले हदीस नम्बर (५१६८) मा वर्णन गरेका छन्।

“अल्लाहुम्मग्-फिर्ली, वर्-हम्नी, वज्-बुर्नी, वह्दिनी, वर्-जुक्नी”

अर्थः “हे अल्लाह! मलाई माफ गर्नुहोस्, ममाथि दया गर्नुहोस्, मेरो कमीलाई पूरा गर्नुहोस्, मलाई मार्गदर्शन गर्नुहोस् र मलाई जीविका प्रदान गर्नुहोस्।”[1]

१२) त्यसपछि तक्बीर भन्दै सज्दा गर्ने र दोस्रोमा पनि पहिलो जसरी नै गर्ने।

१३) फेरि “अल्लाहु अक्बर” भन्दै टाउको उठाउने र आफ्ना घुँडा तथा फिलाहरूको सहाराले खुट्टाको पञ्जामा टेकेर उठ्ने।

१४) अनि पूर्ण रूपमा सीधा खडा भइसकेपछि तिलावत सुरु गर्ने र दोस्रो रकअत पनि पहिलो जसरी नै पढ्ने।

१५) फेरि पहिलो तशह्हुदको लागि देब्रे खुट्टा भुइँमा ओछ्याएर बस्ने जसरी दुई सज्दाको बीचमा बस्ने गरिन्छ, आफ्नो दायाँ हातलाई दायाँ तिघ्रामाथि र बायाँ हातलाई बायाँ तिघ्रामाथि राख्ने, दायाँ हातको बुढी औंलालाई माझी औंलामाथि रिङ जस्तो गोलाकार बनाएर राख्ने, अनि चोर औंला उठाएर सङ्केत गर्ने र त्यसलाई हेर्ने र यसरी भन्नुः

«التَّحِيَّاتُ لِلَّهِ وَالصَّلَوَاتُ وَالطَّيِّبَاتُ، السَّلَامُ عَلَيْكَ أَيُّهَا النَّبِيُّ وَرَحْمَةُ اللَّهِ وَبَرَكَاتُهُ، السَّلَامُ عَلَيْنَا وَعَلَى عِبَادِ اللَّهِ الصَّالِحِينَ، أَشْهَدُ أَنْ لَا إِلَهَ إِلَّا اللَّهُ وَحْدَهُ لَا شَرِيكَ لَهُ، وَأَشْهَدُ أَنَّ مُحَمَّدًا عَبْدُهُ وَرَسُولُهُ».

[1] यसलाई इमाम तिर्मिजीले हदीस नं. (२८४) मा वर्णन गरेका छन्।

“अत्तहिय्यातु लिल्लाहि वस्सलवातु वत्तय्यिबातु, अस्सलामु अलैक अय्युहन्-नबीय्यु व रहमतुल्लाहि व बरकातुहु, अस्सलामु अलैना व अला इबादिल्ला-हिस्सालिहीन, अश्हदु अल्ला इलाह इल्लल्लाहु वह्दहु ला शरीक लहु, व अश्हदु अन्न मुहम्मदन् अब्दुहु व रसूलुहु।”

अर्थः “आर्थिक, शारीरिक र भौतिक सम्पूर्ण उपासनाहरू अल्लाहकै लागि हुन्। हे नबी, अल्लाहले तपाईं माथि शान्ति, दया र आशीर्वाद अवतरण गरून्। हामी र अल्लाहका सच्चा भक्तहरूमाथि पनि शान्ति प्राप्ति होस्। म गवाही दिन्छु, अल्लाह बाहेक अरू कोही सत्य ईश्वर छैनन् र म गवाही दिन्छु, मुहम्मद उहाँका सेवक र सन्देष्टा हुनुहुन्छ।” उहाँ यो बैठकलाई छोटो गर्नुहुन्थ्यो।

१६) त्यसपछि तकबीर भन्दै उठ्ने, तेस्रो र चौथो रकअत पढ्ने र यिनीहरूलाई पहिलो दुई रकअतभन्दा छोटो गर्ने। दुवैमा सूरतुल् फातिहा पढ्ने।

१७) फेरि अन्तिम तशह्हुदमा तवर्रुक गर्दै बस्ने, तवर्रुक भनेको आफ्नो बायाँ खुट्टालाई बिछ्याएर त्यसलाई दायाँतिरबाट निकाली, दायाँ खुट्टालाई ठाडो गरेर र आफ्नो नितम्बलाई धरतीमाथि राख्नु हो।

१८) फेरि अन्तिम तशह्हुद पनि पहिलो तशह्हुद जस्तै पढ्ने र यसमा यो दरुद थप्नुपर्छ:

«اللَّهُمَّ صَلِّ عَلَى مُحَمَّدٍ وَعَلَى آلِ مُحَمَّدٍ، كَمَا صَلَّيْتَ عَلَى آلِ إِبْرَاهِيمَ، إِنَّكَ حَمِيدٌ مَجِيدٌ، وَبَارِكْ عَلَى مُحَمَّدٍ وَعَلَى آلِ مُحَمَّدٍ، كَمَا بَارَكْتَ عَلَى آلِ إِبْرَاهِيمَ، إِنَّكَ حَمِيدٌ مَجِيدٌ».

“अल्लाहुम्म सल्लि अला मुहम्मद, व अला आली मुहम्मद, कमा सल्लैत अला आली इब्राहीम, इन्नक हमीदुम् मजीद, व बारिक अला मुहम्मद, व अला आली मुहम्मद, कमा बारक्त अला आली इब्राहीम, इन्नक हमीदुम् मजीद।"

अर्थः “हे अल्लाह! मुहम्मदमाथि र उहाँका परिवारमाथि दया अवतरण गर्नुहोस्, जसरी तपाईंले इब्राहीमका परिवारमाथि दया अवतरण गर्नुभएको थियो, निस्सन्देह तपाईं प्रशंसा योग्य तथा सम्मानित हुनुहुन्छ र मुहम्मदमाथि र उहाँका परिवारमाथि बरकत अवतरण गर्नुहोस्, जसरी तपाईंले इब्राहीमका परिवारमाथि बरकत अवतरण गर्नुभएको थियो, निस्सन्देह तपाईं प्रशंसा योग्य तथा सम्मानित हुनुहुन्छ।”

१९) अल्लाहसँग नर्कको यातनाबाट, कब्रको यातनाबाट, जीवन र मृत्युको फित्नाबाट र मसीह दज्जालको फित्नाबाट शरण माग्नु। त्यसैगरी कुरआन र सुन्नतमा उल्लेख भएका अन्य दुआहरू पढ्ने।

२०) त्यसपछि दाहिनेतिर सलाम फेर्ने र यसो भन्ने:

«السَّلَامُ عَلَيْكُمْ وَرَحْمَةُ اللَّهِ».

“अस्सलामु अलैकुम् व रहमतुल्लाह”

अर्थः “तपाईंमाथि अल्लाहको दया र शान्ति होस्।” र देब्रेतिर पनि त्यसैगरी; सलामको सुरुवात किब्लातिर फर्केर गर्नुपर्छ र त्यसको अन्त्य अनुहार मोड्ने कार्य पूरा भएसँगै गर्नुपर्छ।

**आठौं: नमाजका मकरूह कार्यहरू:**

१) अनावश्यक रूपमा यताउता हेर्नु।

२) आकाश तिर नजर उठाउनु।

३) अनावश्यक रूपमा आँखा बन्द गर्नु।

४) सज्दामा दुवै हातलाई जमिनमा बिछ्याउनु।

५) अनावश्यक रूपमा मुख र नाक छोप्ने।

६) पिसाब वा दिशाले च्यापिरहेको अवस्थामा वा मनले चाहेको खानाको उपस्थितमा नमाज पढ्नु।

७) सज्दापछि निधार र नाकमा लागेको कुरा पुछ्नु र नमाज सकिएपछि त्यसलाई पुछ्नुमा कुनै आपत्ति छैन।

८) अनावश्यक रूपमा उभिँदा पर्खाल वा यस्तै कुराको सहारा लिनु।

**नवौं: नमाजलाई रद्द गर्ने कुराहरू:**

१) खानु र पिउनु।

२) बाहिरी कुरा गर्नु।

३) हाँस्नु र कह्काहा लगाउनु।

४) जानाजानी यसको कुनै स्तम्भ वा वाजिबलाई बेवास्ता गर्नु।

५) जानाजानी कुनै रुक्न वा रकअत थप्नु।

६) जानाजानी इमाम भन्दा पहिला सलाम गर्नु।

७) नमाजसँग सम्बन्धित नभएको कुरा अनावश्यक रूपमा निरन्तर गर्नु।

८) नमाजको कुनै एउटा शर्त विपरीत काम गर्नु, जस्तै वुझु तोड्नु, जानाजानी आफ्नो गुप्तांग खुला गर्नु, अनावश्यक रूपमा शरीरलाई किब्लाबाट धेरै टाढा घुमाउनु र नियत तोड्नु।

**दशौँः सुजूद अस्सहवः**

**सहवः** भनेको बिर्सनु हो र नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले पनि नमाजमा भुल्नुभएको थियो; किनभने भुल्नु मानवीय स्वभावको एक अंश हो। उहाँले नमाजमा भुल्नु भनेको उहाँको उम्मतमाथि अल्लाहको अनुग्रह र उनीहरूको धर्मलाई परिपूर्ण बनाउने एउटा माध्यम थियो, ताकि उहाँले उनीहरूको लागि के कानून बनाउनुहुन्छ त्यसमा उनीहरूले उहाँको उदाहरण पछ्याउन सकून्।

**सुजूद अस्सहव गर्नुपर्ने कारणहरूः**

**१) पहिलो अवस्थाः** नमाजमा वृद्धि या त कार्यमा हुन्छ वा वचनमा हुन्छ:

क) कार्यहरूमा वृद्धिः यदि नमाजकै कुनै कार्यमा वृद्धि भएको छ भने जस्तै बस्नुपर्ने ठाउँमा उभिनु, उभिनुपर्ने ठाउँमा बस्नु वा थप रूकूअ वा सज्दा गर्नु र यदि यो बिर्सिएर भएको हो भने; उसले सज्दा सहव गर्नुपर्छ।

ख) वचनमा वृद्धि: जस्तै रुकूअ र सज्दाको अवस्थामा किरात गर्नु, यस्तो अवस्थामा सज्दा सहव गर्नु मुस्तहब हो।

**२) दोस्रो अवस्था:** भुलेर सलाह (नमाज) मा कमी हुनु र यो दुई कुराहरू मध्ये कुनै एकले हुन्छ:

क) कुनै रुक्न छोड्नु: यदि यो रुक्न तक्बीरतुल एहराम हो भने, उसको नमाज मान्य हुँदैन र यसको ठाउँमा सज्दा सहव पर्याप्त हुँदैन। तर यदि तकबिरतुल एहराम बाहेक अन्य कुनै रूक्न हो भने जस्तै रूकूअ वा सज्दा र अर्को रक्अतको किरात सुरु गर्नुअघि छुटेको याद आयो भने, उसले फर्केर त्यो र त्यस पछिको स्तम्भ पूरा गर्नु पर्छ।

यदि अर्को रक्अतको किरात सुरु गरिसकेपछि उसलाई याद आयो भने, उसले छोडेको रकअत अमान्य हुन्छ र त्यसपछिको रकअतले त्यसको ठाउँ लिन्छ।

ख) वाजिब छोड्नु: जस्तै: पहिलो तशह्हुद बिर्सनु वा रुकूअमा तस्बीह पढ्न बिर्सनु। यस्तो अवस्थामा: सज्दा सहव गर्ने।

**३) तेस्रो अवस्था:** शंका, उदाहरण: यदि जुहरको नमाजमा तीन वा चार रकअत पढेको हो भन्ने शंका लाग्यो भने:

क) यदि कुनै कुरामा बढी विश्वास भएमा, त्यसै अनुसार गर्ने र सज्दा सहव गर्ने।

ख) कुनै कुरा प्रबल नभएमा, निश्चिततामा आधारित हुने र सज्दा सहव गर्ने।

यदि शंका नमाज पछि उत्पन्न भयो वा ऊ धेरै शंकालु व्यक्ति हो भने, त्यो शंकामा ध्यान दिनु हुँदैन।

**फाइदा:** यदि नमाजमा कुनै कमी भएको छ वा शंका भएको छ र उसलाई कुनै एक कुरामा विश्वास छैन भने उसले सलाम फेर्नु अघि सज्दा सहव गर्नुपर्छ।

यदि नमाजमा केही थपिएको छ वा यस्तो शङ्का जसमा प्रबल धारणामाथि अमल गरिएको छ भने उसले सलाम फेरेपछि सज्दा सहव गर्नुपर्छ।

यो विषयमा केही तलमाथि भयो भने केही फरक पर्दैन।

**एघारौं: सलाह (नमाज) पढ्ने निषेधित समयहरू:**

आधारभूत सिद्धान्त भनेको हरेक समयमा नमाज पढ्नु जायज हो। तर शरियतले केही समयहरूमा नमाज पढ्न निषेध गरेको छ, जुन निम्नलिखित छन्:

१) फजरको नमाज पछिदेखि सूर्य उदाएर एक भाला जति माथि नउठुन्जेलसम्म।

२) जवाल भन्दा पूर्व जब सूर्य आकाशको मध्य भागमा हुन्छ र यो सबैभन्दा छोटो निषेधित समय हो।

३) अस्रको नमाजपछि सूर्यास्तसम्म र यो सबैभन्दा लामो निषेधित समय हो।

**निषेधित समयमा पढ्न जायज सलाहहरू:**

१) छुटेका फर्जहरू कजा गर्ने।

२) विशेष कारणले पढिने सलाहहरू, जस्तै: तहिय्यतुल मस्जिद, तवाफको दुई रकअत, कुसुफको सलाह र जनाजाको सलाह।

३) फज्रको नमाज पछि फज्रको सुन्नत कजा गर्नु।

**बाह्रौं: जमाअतको सलाह (नमाज):**

यो इस्लामको एक महान अनुष्ठान हो, अर्थात् मस्जिदहरूमा जमाअतको सलाह। मस्जिदहरूमा पाँच पटक नमाज पढ्नु एक महत्त्वपूर्ण आज्ञाकारिता र भक्तिभावको सबैभन्दा ठूलो कार्य हो, बरु यो इस्लामको सबैभन्दा ठूलो अनुष्ठान हो भन्ने कुरामा मुस्लिमहरूको सर्वसम्मति छ।

**१) जमाअतको सलाहको हुकुम:**

सक्षम पुरुषहरूले पाँचै सलाह मस्जिदमा जमातका साथ पढ्नु अनिवार्य हो। सामान्य अवस्थामा र यात्राको क्रममा। शान्ति र डरको अवस्थामा व्यक्तिगत रूपमा अनिवार्य हो।

जमातका साथ नमाज पढ्नु वाजिब भएको प्रमाण कुरआन र सुन्नतमा छ। त्यसैगरी मुस्लिमहरूको शताब्दीदेखि शताब्दीसम्म, पुस्तादेखि पुस्तासम्म चलेको अभ्यासले पनि प्रमाणित गर्दछ।

**कुरआनबाट अल्लाहको यो भनाई:**

﴿وَإِذَا كُنتَ فِيهِمۡ فَأَقَمۡتَ لَهُمُ ٱلصَّلَوٰةَ فَلۡتَقُمۡ طَآئِفَةٞ مِّنۡهُم مَّعَكَ... ﴾

अर्थ: "जब तिमी तिनीहरूमाझ हुन्छौ र तिनीहरूलाई नमाज पढाउँछौ, तब तिनीहरूको एक समूह तिमीसँगै उभिनुपर्छ..।" (अन्-निसा: १०२)
यो आयतले जमातका साथ नमाज पढ्नुको अनिवार्यतालाई पुष्टि गर्दछ, किनभने डरको अवस्थामा पनि मुस्लिमहरूलाई सलाह छोड्न छुट दिइएको छैन।
यदि यो अनिवार्य नभएको भए, यसलाई छुटाउनुको लागि सबैभन्दा उपयुक्त बहाना डरको बहाना हुने थियो। जमातको नमाज छोड्नु र त्यसमा ढिलासुस्ती गर्नु पाखण्डीहरूको एक प्रमुख लक्षण हो।

**सुन्नतबाट: धेरै हदीसहरूछन्, जसमध्ये:** सहीह मुस्लिममा छ,

«أَنَّ رَجُلًا أَعْمَى قَالَ: يَا رَسُولَ اللَّهِ، لَيْسَ لِي قَائِدٌ يَقُودُنِي إِلَى الْمَسْجِدِ، فَسَأَلَهُ أَنْ يُرَخِّصَ لَهُ أَنْ يُصَلِّيَ فِي بَيْتِهِ، فَرَخَّصَ لَهُ، فَلَمَّا وَلَّى دَعَاهُ فَقَالَ: "هَلْ تَسْمَعُ النِّدَاءَ؟"

قَالَ: نَعَمْ، قَالَ: "فَأَجِبْ».

अर्थः "एक अन्धो मानिसले भन्यो: हे अल्लाहका रसूल! मलाई मस्जिद सम्म डोर्याएर ल्याउने कोही मान्छे छैन र उसले घरमा नमाज पढ्न अनुमति माग्यो। उहाँले अनुमति दिनुभयो, तर जब ऊ फर्कन लाग्यो, उहाँले उसलाई बोलाउनुभयो र सोध्नुभयो: "के तपाईं अजान सुन्नुहुन्छ?" उसले भन्यो: "हो," त्यसपछि उहाँले भन्नुभयो: "त्यसो भए तपाइँ नमाज पढ्न मस्जिदमा आउनुपर्छ।"[1]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले उनलाई दृष्टिविहीन र उनले सामना गरेको कठिनाइको बाबजुद पनि सामूहिक नमाजको लागि मस्जिदमा आउन र अजानको जवाफ दिन आदेश दिनुभयो। यसले जमाअतको सलाह अनिवार्य भएको प्रमाणित गर्दछ।

## २) जमाअत के कुराले प्राप्त हुन्छ:

इमामका साथ एक रकअत नमाज पाएमा जमात पाएको ठहरिन्छ। किनभने नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«مَنْ أَدْرَكَ رَكْعَةً مِنَ الصَّلَاةِ فَقَدْ أَدْرَكَ الصَّلَاةَ».

अर्थः "जसले एक रकअत नमाज पाउँछ, उसले नमाज पाउँछ।"[2]

---

[1] (मुस्लिम: १४८४)

[2] यो हदीसलाई इमाम बुखारीले (६०९) नम्बर र इमाम मुस्लिमले (६०२) नम्बरमा वर्णन गरेका छन्।

**३) रकअत के कुराले प्राप्त हुन्छ:**

रूकूअ पायो भने रकअत पाइएको ठहरिन्छ, यदि ढिलो आउने व्यक्तिले इमामलाई रूकूअमा भेट्टायो भने: उसले उभिएर तकबीर-ए-तहरीमा भन्नुपर्छ र त्यसपछि रूकूअको लागि फेरि तकबीर भन्दै रूकूअमा जानुपर्छ। यदि उभिएको अवस्थामा तक्बीरे तह्रीमा मात्र भनिएमा, त्यो रुकुअको तकबीरको लागि पनि पर्याप्त हुन्छ।

**४) जमातको नमाज छोड्न जायज कारणहरू:**

१) बिरामी, यदि यसले जुमा र जमातमा उपस्थित हुन गाह्रो बनाउँछ।

२) दिसा वा पिसाब लागेकोमा, किनकि यसको प्रतिरोध गर्नाले प्रार्थनामा ध्यान गुम्छ र यसले शरीरलाई हानि पुऱ्याउँछ।

३) खाना हाजिर हुनु र मान्छे भोकाएको हुन्छ वा उसको आत्माले खानाको चाहना गर्छ, तर यसलाई जमातको नमाज छोड्ने बानी वा बाहाना बनाउनु हुँदैन।

४) ज्यान, सम्पत्ति वा अन्य कुराको डर भएमा।

**तेह्रौँ: सलातुल् खौफ (डरको नमाज):**

काफिर, विद्रोही र लडाकुहरू विरुद्ध लड्ने प्रत्येक जायज युद्धमा डरको नमाज निर्धारित गरिएको छ, किनभने अल्लाहले भन्नुभएको छ:

﴿...إِنْ خِفْتُمْ أَن يَفْتِنَكُمُ ٱلَّذِينَ كَفَرُوٓا۟...﴾

अर्थ: "...यदि तिमीलाई डर छ, काफिरहरूले तिमीलाई सताउनेछन्...।" (अन-निसा: १०१) अनि यो कुरा युद्ध गर्न सकिने बाँकी व्यक्तिहरूमा पनि लागू गर्नुहोस्।

**डरको सलाह वैध हुनका लागि दुई शर्तहरू छन्:**

१) शत्रु लडिरहेको हुनुपर्छ।

२) नमाजको अवस्थामा मुस्लिमहरूमाथि उसको आक्रमण हुने भय हुनु।

**डरको नमाजको कैफियत:**

यसका विभिन्न तरिकाहरू छन्, जसमध्ये सबैभन्दा प्रसिद्ध तरिका सहल (रजियल्लाहु अन्हु) को हदीसमा उल्लेख छ:

«أَنَّ طَائِفَةً صَفَّتْ مَعَ النَّبِي ﷺ، وَطَائِفَةً وِجَاهَ العَدُوِّ، فَصَلَّى بِالَّتِي مَعَهُ رَكْعَةً، ثُمَّ ثَبَتَ قَائِمًا، وَأَتَمُّوا لِأَنْفُسِهِمْ، ثُمَّ انْصَرَفُوا، وَصَفُّوا وِجَاهَ العَدُوِّ، وَجَاءَتِ الطَّائِفَةُ الأُخْرَى، فَصَلَّى بِهِمُ الرَّكْعَةَ الَّتِي بَقِيَتْ مِنْ صَلَاتِهِ، ثُمَّ ثَبَتَ جَالِسًا، وَأَتَمُّوا لِأَنْفُسِهِمْ، ثُمَّ سَلَّمَ بِهِمْ».

अर्थः "एउटा समुह नबी (सल्लल्लाहु अलैहि वसल्लम) सँग साफमा उभिए र अर्को समुह शत्रुको सामना गरे, उहाँले आफ्नो साथमा भएकाहरूलाई एक रकअत पढाउनु भयो अनि उभिएको अवस्थामा रहनु भयो र उनीहरूले आफ्नो नमाज आफैं पूरा गरे। त्यसपछि उनीहरू गएर शत्रुको सामनामा उभिए। अर्को समूह आयो, अनि उहाँले उनीहरूलाई आफ्नो नमाजको बाँकी रहेको रकअत पढाउनु भयो, अनि उहाँ बसेकै अवस्थामा रहनु भयो र उनीहरूले आफ्ना नमाज आफैं पूरा

गरे। त्यसपछि उहाँले उनीहरूका साथ सलाम फेर्नु भयो।"[1]

**सलातुल् खौफ (डरको नमाज) बाट प्राप्त हुने लाभहरूः**

१) इस्लाममा नमाज र विशेषगरि सामूहिक नमाजको महत्व, किनकि यो गम्भीर अवस्थामा पनि माफ हुँदैन।

२) यस उम्मतबाट कठिनाइको निवारण, शरीयतको सहजता र हरेक समय तथा स्थानको लागि यसको उपयुक्तता।

३) इस्लामिक कानूनको पूर्णता र यसले प्रत्येक परिस्थितिको लागि उपयुक्त विधान बनाएको छ।

**चौथौँः जुमाको सलाहः**

**पहिलोः यसको हुकुमः** जुमाको सलाह कुनै धार्मिक कारण नभएको प्रत्येक मुस्लिम, पुरुष, वयस्क स्थानीयका लागि व्यक्तिगत रूपमा अनिवार्य (फर्ज ऐन) हो, किनभने अल्लाहले भन्नुभएको छः

﴿يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ إِذَا نُودِيَ لِلصَّلَوٰةِ مِن يَوۡمِ ٱلۡجُمُعَةِ فَٱسۡعَوۡاْ إِلَىٰ ذِكۡرِ ٱللَّهِ وَذَرُواْ ٱلۡبَيۡعَۚ ذَٰلِكُمۡ خَيۡرٞ لَّكُمۡ إِن كُنتُمۡ تَعۡلَمُونَ ٩﴾

अर्थः "हे आस्थावानहरू हो! जब शुक्रबारको दिन नमाजको लागि अजान दिइन्छ, तब अल्लाहको स्मरणतिर अघि बढ र व्यापार छोड। यदि तिमीहरू जान्दछौ भने यो तिमीहरूको लागि राम्रो छ।" (सूरह अल्-

[1] यसलाई इमाम बुखारीले (४१३०) नम्बर र इमाम मुस्लिमले (८४२) नम्बरमा वर्णन गरेका छन्।

जुमुअह: ९)

किनभने नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«لَيَنْتَهِيَنَّ أَقْوَامٌ عَنْ وَدْعِهِمُ الْجُمُعَاتِ، أَوْ لَيَخْتِمَنَّ اللَّهُ عَلَى قُلُوبِهِمْ، ثُمَّ لَيَكُونُنَّ مِنَ الْغَافِلِينَ».

अर्थः "मानिसहरूले जुमुअहको नमाज छोड्न ढिलासुस्ती गर्नु हुँदैन, नत्र अल्लाहले तिनीहरूको हृदयमा छाप लगाउनेछन् र तिनीहरू बेफिक्रीहरूमध्ये हुनेछन्।"[1]

**दोस्रो: जुमाको सलाह सही हुने शर्तहरू:**

क) समय: यसको समय जुहरको नमाजको समय जस्तै हुन्छ, त्यसैले त्यो समयभन्दा अगाडि र समय सकिएपछि वैध हुँदैन।

२) त्यसमा जमात हुनुपर्छ र सही मतअनुसार जमातको लागि कम्तिमा तीन जना हुनुपर्छ, एक वा दुई जना हो भने मान्य हुँदैन।

३) नमाज अदा गर्ने व्यक्तिहरू परम्परागत निर्माण विधि अनुसार बनाइएका घरका बासिन्दा हुनुपर्छ, चाहे त्यो सिमेन्ट-कंक्रिट, ढुङ्गा, माटो वा अन्य सामग्रीबाट बनेको होस्, त्यसैले, पाल (खीमा) मा बस्ने फिरन्तेहरू, जो कुनै एक निश्चित ठाउँमा स्थायी रूपमा नबसेर आफ्ना चौपायाहरूका लागि घाँसपातको खोजीमा घुमिरहन्छन्, उनीहरूबाट (यो) मान्य हुँदैन।

---

[1] मुस्लिम: ८६५।

४) यसभन्दा पहिले दुईवटा खुत्बा (उपदेश) हुनुपर्छ, किनभने नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले निरन्तर खुत्बा दिनु भएको छ।

**तेस्रो: जुमाका दुई खुत्बाहरूका स्तम्भहरू:**

१) अल्लाहको प्रशंसा र दुवै गवाहीहरू।

२) नबी (सल्लल्लाहु अलैहि वसल्लम) माथि सलात (दरूद) पठाउनु।

३) अल्लाहको तक्वा (अल्लाहको डर) को लागि आग्रह गर्नु।

४) कुरआनको केही अंश पढ्नु।

५) उपदेश।

**चौथो: जुमाका दुई खुत्बा (उपदेश) का मुस्तहबहरू:**

१) मिन्बरमा खुत्बा (उपदेश) दिनु।

२) दुई खुत्बा बीच हल्का बस्नु।

३) मुस्लिमहरू र उनीहरूका शासकहरूको लागि दुआ गर्नु।

४) दुवैलाई छोटो पार्नु।

५) इमामले मिम्बरमा चढेर सलाम गर्नु।

**पाँचौं: जुमाको दिन गरिने मुस्तहब कार्यहरू:**

१) सिवाक (दातून गर्नु) ।

२) सकेसम्म सुगन्ध प्रयोग गर्नु।

३) जुमाको नमाज पढ्न चाँडै जानु।

४) मस्जिद हिडेर जानु र सवारी नगर्नु।

५) इमामको नजिक हुनु।

६) दुआ गर्नु।

७) सूरह कहफको तिलावत गर्नु।

८) नबी (सल्लल्लाहु अलैहि वसल्लम) माथि दरूद पठाउनु।

**छैठौं: जुमामा उपस्थित व्यक्तिले गर्न वर्जित कार्यहरू:**

१) शुक्रबार (जुम्मा) को दिन इमामले खुत्बा दिइरहेको अवस्थामा कुरा गर्नु वर्जित छ, किनभने नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«إِذَا قُلْتَ لِصَاحِبِكَ يَوْمَ الْجُمُعَةِ: أَنصِتْ، وَالْإِمَامُ يَخْطُبُ، فَقَدْ لَغَوْتَ».

अर्थः "यदि इमामले जुमाको दिन खुत्बा (प्रवचन) दिइरहेको अवस्थामा तिमीले आफ्नो साथीलाई चुप लाग भन्यौ भने, तिमीले पनि गल्ती गर्यौं।"[1] अर्थात्: तिमीले व्यर्थ कुरा गर्यौं र व्यर्थ कुरा पाप हो।

२) मानिसहरूलाई नाघेर जानु अनुचित छ, तर इमामको लागि वा अगाडी खाली ठाउँमा जानु परेमा छुट छ।

[1] यो हदीसलाई इमाम बुखारीले (९३४) नम्बर र इमाम मुस्लिमले (८५१) नम्बरमा वर्णन गरेका छन्।

**जुमा पाउनुः**

जसले जुमाको नमाजको दोस्रो रकअतमा इमामसँग रुकूअ पाउँछ, उसले जुमाको नमाज पाएको हुन्छ र उसले दुई रकअत नै पूरा गर्नुपर्छ। यदि कसैले दोस्रो रकअतको रुकूअ पाएन भने, उसको शुक्रबारको नमाज छुट्यो र उसले चार रकअत जोहरको रूपमा पूरा गर्नुपर्छ। त्यसैगरी, जुन व्यक्तिको निद्रा वा अन्य कुनै कारणले जुमाको नमाज छुट्छ, उसले जुहरको नमाज पढ्नु पर्छ।

**पन्ध्रौं: वैध कारण भएकाहरूको सलाह:**

**पहिलो: बिरामीको नमाज:** बिरामीले आफ्नो क्षमता अनुसार नमाज पढ्नु पर्छ। जबसम्म उसको दिमाग ठीक छ, नमाजलाई निर्धारित समय भन्दा बढी ढिलो गर्न अनुमति छैन।

**दोस्रो: बिरामीले नमाज पढ्ने तरिका:**

१) यदि बिरामी कुनै कठिनाई वा हानि बिना उभिन सक्षम छ भने उसले उभिएर नमाज पढ्नुपर्छ र रुकूअ र सज्दा गर्नुपर्छ।

२) यदि रुकूअ वा सज्दा गर्नमा कष्ट हुन्छ भने उभिएर रुकूअको लागि र बसेर सज्दाको लागि इशारा गर्नु।

३) यदि उभिएर नमाज पढ्न असमर्थ छ भने बसेर नमाज पढ्नुपर्छ। सुन्नत भनेको कियामको ठाउँमा पलेटी कसेर बस्नु, रुकूअको लागि इशारा गर्नु र सम्भव भए जमिनमा सज्दा गर्नु, नभए सज्दाको लागि इशारा गर्नु र त्यो रुकूअभन्दा तल हुनु पर्छ।

४) यदि ऊ बसेर नमाज पढ्न असमर्थ छ भने, उसले कोल्टे परेर नमाज पढ्नु र आफ्नो अनुहार किब्लातर्फ फर्काउनु पर्छ, सम्भव भएसम्म दाहिने तर्फ फर्कनु राम्रो हुन्छ अनि रुकू र सज्दा इशाराद्वारा गर्नु पर्छ।

५) यदि कोल्टे परेर पनि नमाज पढ्न असमर्थ छ भने, खुट्टाहरू किब्लातिर फर्काएर उत्तानो परेर नमाज पढ्नुपर्छ र रुकूअ र सज्दा इशाराले गर्नुपर्छ।

६) यदि रुकूअ र सज्दाको लागि शरीरले इशारा गर्न सम्भव छैन भने, टाउकोले इशारा गर्नु, यदि यो पनि सम्भव छैन भने उसको लागि इशारा माफ गरिन्छ र उसले आफ्नो हृदयमा नमाजका कार्यहरू पुरा गर्नुपर्छ, रुकु, सज्दा र बस्ने जस्ता नमाजका कार्यहरू आफ्नो वर्तमान अवस्थामा बसेर नियत गर्नु र अज्कारहरू पढ्नुपर्छ।

७) बिरामीले सकेसम्म नमाजका शर्तहरू पुरा गर्नुपर्छ, जस्तैः किब्लातिर फर्किनु, पानीले वुजू गर्नु, असमर्थ भएमा तयम्मुम गर्नु र अशुद्धताबाट पवित्रता हासिल गर्नु, यदि यीमध्ये कुनै कुरा गर्न असमर्थ छ भने त्यो माफ हुन्छ र उसले आफ्नो अवस्था अनुसार नमाज पढ्नुपर्छ र नमाजलाई त्यसको समयबाट ढिला गर्नु हुन्न।

८) बिरामीले कियाम र रुकूअको सट्टामा पलेँटी कसेर बस्नु र त्यो बाहेक अन्य अवस्थामा देब्रे खुट्टा ओछ्याएर बस्नु सुन्नत हो।

**दोस्रो: यात्रुले नमाज पढ्ने तरिका:**

१) वैध कारण भएकाहरू मध्ये: यात्री पनि हो, जसको लागि चार रकातको नमाजलाई कस्र गरेर दुई रकअत पढ्नु अनुमति छ। किनभने अल्लाहले भन्नुभएको छ:

﴿وَإِذَا ضَرَبْتُمْ فِي ٱلْأَرْضِ فَلَيْسَ عَلَيْكُمْ جُنَاحٌ أَن تَقْصُرُوا۟ مِنَ ٱلصَّلَوٰةِ... ﴾

अर्थ: "जब तिमीहरू यात्राको निम्ति बाहिर जान्छौ, तब नमाजमा कस्र गरी पढ्नुमा कुनै गुनाह छैन...।" (अन्-निसा: १०१)

अनस बिन मालिक (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, उनले भने:

«خَرَجْنَا مَعَ النَّبِيِّ ﷺ مِنَ الْمَدِينَةِ إِلَى مَكَّةَ، فَكَانَ يُصَلِّي رَكْعَتَيْنِ رَكْعَتَيْنِ، حَتَّى رَجَعْنَا إِلَى الْمَدِينَةِ».

अर्थ: "हामी नबी (सल्लल्लाहु अलैहि वसल्लम) सँग मदिनाबाट मक्का गयौं र हामी मदीना नफर्कुन्जेलसम्म उहाँले दुई-दुई रकअत नमाज पढ्नुहुन्थ्यो।"[1]

मुसाफिरले आफ्नो सहरको आबादी क्षेत्रबाट बाहिर निस्किएपछि कसर (नमाज छोट्याउने अनुमति) सुरु हुन्छ; किनकि अल्लाहले यात्रा गर्नेहरूलाई कसर गर्न अनुमति दिनुभएको छ। आफ्नो शहरबाट प्रस्थान गर्नुभन्दा पहिले कुनै व्यक्ति यात्री हुँदैन र नबी (सल्लल्लाहु अलैहि

[1] यो हदीसलाई इमाम बुखारीले (१०८१) नम्बर र इमाम मुस्लिमले (६९३) नम्बरमा वर्णन गरेका छन्।

वसल्लम) ले यात्रा आरम्भ गरेपछि मात्र नमाज कस्र गर्नु हुन्थ्यो।

२) यात्रीलाई नमाज कस्र गर्न जायज हुने दूरी लगभग ८० किलोमिटर हो।

३) यात्रीले फर्किंदा आफ्नो सहरमा शहरमा प्रवेश नगरेसम्म कस्र गर्न सक्छ।

४) यदि कुनै यात्री कुनै देशमा आइपुग्छ र त्यहाँ बस्न चाहन्छ भने, उसँग तीन विकल्पहरू छन्:

क) यदि उसले चार दिनभन्दा बढी बस्न चाहन्छ भने, उसले बसेको पहिलो दिनदेखि नै नमाज पूरा पढ्नुपर्छ र यात्रुहरूलाई दिइने छुटहरूको हकदार हुनेछैन।

ख) यदि उसले चार दिन वा सोभन्दा कम बस्न चाहन्छ भने, उसलाई आफ्नो नमाज कस्र गर्न र यात्रुहरूलाई दिइएको छुटको फाइदा उठाउन अनुमति छ।

ग) यदि उसले कुनै निश्चित अवधि तोकेको छैन, उसको लागि ठाउँ उपयुक्त भयो भने एक वा दश दिनसम्म बस्न सक्छ वा उपचार वा जाँचको उद्देश्यले बसेको छ र जब उसको उद्देश्य पूरा हुन्छ, ऊ आफ्नो देश फर्कन्छ; यस्तो व्यक्तिले फर्केर नआउन्जेल कस्र गर्न र यात्रुहरूलाई दिइएको छुटको फाइदा उठाउन अनुमति छ, चाहे उसको बसाइ चार दिनभन्दा बढी किन नहोस्।

५) यदि कुनै यात्रीले स्थायी (मुकिम) इमामको पछाडि नमाज पढ्छ भने,

उसले नमाज पूरा पढ्नुपर्छ, चाहे उसले इमामसँग अन्तिम तशह्हुद मात्रै पाए पनि।

६) यदि कुनै स्थायी (मुकिम) ले कस्र गर्ने यात्रीको पछाडि नमाज पढ्छ भने, इमामले सलाम फेरेपछि स्थायीले आफ्नो नमाज पूरा गर्नुपर्छ।

**सोह्रौँ: सलातुल ईदैन (ईदको नमाज):**

मुस्लिमहरूका चाडपर्वहरू ईश्वरीय हुन्, जुन अल्लाहले उनीहरूका लागि निर्धारित गर्नुभएको छ र उनीहरूले आफैँले बनाएका होइनन्। उनीहरूका लागि केवल दुईवटा ईद हुन्: ईदुल फित्र र ईदुल अज्हा।

यसको विपरीत काफिरहरूको चाडपर्व वा नयाँ आविष्कार गरिएको ईद जसलाई अल्लाहले वैधानिक गरेका छैनन् र त्यसको आदेश दिएका छैनन्, बरु त्यसलाई उनीहरूले आफ्नै तर्फबाट वैधानिक बनाएका हुन्।

**ईदको नमाजको हुकुम:** यो फर्ज किफाया हुन्, जुन नबी (सल्लल्लाहु अलैहि वसल्लम) र सही मार्गनिर्देशित खलीफा (रजियल्लाहु अन्हुम) हरूले निरन्तर पालना गरे। यो धर्मको एक महान चिन्ह र वाह्य अनुष्ठान हो।

**ईदको नमाजको समय:** ईदको नमाजको समय सूर्य एक भाला जति माथि आएपछि, अर्थात् सूर्योदय भएको लगभग पन्ध्र मिनेटपछि सुरु हुन्छ र सूर्य ढल्किँदा समाप्त हुन्छ।

**ईदको सलाह पढ्ने विधि:**

१) पहिलो रकअतमा तकबीरतुल-एहराम भन्ने, त्यसपछि इस्तिफ्ताहको दुआ पढ्ने, त्यसपछि ६ थप तकबीरहरू भन्ने अनि प्रत्येक तकबीरसँग दुवै हात उठाउने, तकबीरहरूको बीचमा अल्लाहको प्रशंसा र नबी (सल्लल्लाहु अलैहि वसल्लम) माथि दुरुद पढ्ने, त्यसपछि अऊजु बिल्लाह र बिस्मिल्लाह पढेर किराअत शुरु गर्ने।

२) दोस्रो रकअतमा स्थान परिवर्तनको तकबीर पछि पाँच थप तकबीरहरू भन्ने अनि त्यसपछि अऊजुबिल्लाह र बिस्मिल्लाह पढेर किराअत शुरु गर्ने। पहिलो रकअतमा फातिहा पछि सूरा अल-आ'ला र दोस्रोमा सूरा अल-गाशियह पढ्नु उत्तम हो।

३) इमामले सलाम फेरेपछि मिम्बरमाथि चढ्छन्, दुई खुत्बा दिन्छन् र जुमाको खुत्बामा जस्तै दुवैको बीचमा केही बेर बस्छन्।

**ईदका सुन्नतहरू:**

क) नुहाउनु।

ख) सरसफाइ गर्नु र खुशबु प्रयोग गर्नु।

ग) ईदुल फित्रमा निस्कनु अघि (खजुर) खानु र ईदुल अज्हामा फर्केपछि कुर्बानी गरेको छ भने आफ्नै कुर्बानीबाट खानु।

घ) पैदल जानु।

ङ) एउटा मार्गबाट जानु र अर्को मार्गबाट फर्कनु।

च) मुक्तदीले ईदगाह मा इमामभन्दा चाँडै आइपुग्ने।

**तक्बीर:**

दुवै ईदका रातहरू, जिल्हिज्जाको पहिलो दश दिन र अय्यामे तश्रीकका दिनहरूमा तक्बीर भन्नु सुन्नत हो र यसका दुई प्रकार छन्:

**पहिलो प्रकार:** सामान्य तक्बीरः यो कुनै निर्धारित समयसँग सीमित छैन।

१) ईदुल फित्रमा: ईदको रात सूर्यास्त देखि ईदको नमाज सुरु हुनुसम्म।

२) अज्हामा: जिलहिज्जा महिनाको पहिलो दिनको सूर्यास्त देखि तश्रीकको अन्तिम दिनको सूर्यास्त सम्म।

**दोस्रो प्रकार:** निर्धारित तक्बीर, जुन फर्ज नमाजहरू पछि भन्नका लागि निर्धारित गरिएको छ:

१) गैर-मुहरिमले: अरफाको दिनको फज्रदेखि अय्यामे-तश्रीकको अन्तिम दिनको अस्रसम्म तक्बीर पढ्छ।

२) मुहरिम: ईदको दिन जुहर नमाजदेखि तश्रीकको अन्तिम दिनको अस्रसम्म तक्बीर पढ्छ।

**सत्रौं: ग्रहण (सूर्य वा चन्द्रमा) को सलाह:**

**खुसूफ (चन्द्र ग्रहण) र कुसूफ (सूर्य ग्रहण) को अर्थः**

**अल् खुसूफ (चन्द्रग्रहण):** भनेको रातमा चन्द्रमाको प्रकाश वा यसको केही भाग गायब हुनु हो।

**अल् कुसूफ (ग्रहण):** भनेको दिनको समयमा सूर्यको प्रकाश वा त्यसको केही भाग गायब हुनु हो।

**ग्रहणको सलाहको हुकुम:**

यो एक महत्वपूर्ण सुन्नत हो, जुन रसूल (सल्लल्लाहु अलैहि वसल्लम) बाट प्रमाणित छ, किनकि उहाँले आफ्नो समयमा सूर्य ग्रहण लागेको बेला यो नमाज पढ्नुभएको थियो।

त्यसैगरी उहाँले पढ्न आदेश दिनुभएको छ धर्म विद्हरू यसको वैधतामा सहमत छन्।

**यसको समय:** ग्रहणको सुरुवातदेखि ग्रहण समाप्त नहुन्जेल हो।

**यसको तरिका:** यसमा दुई रकअत हुन्छन्, जसमा ठूलो स्वरले पढिन्छ र यसको तरिका यस प्रकार छ:

क) एहरामको तकबीर भन्नु, इस्तिफ्ताह पढ्नु, तअव्वुज पढ्नु, बिस्मिल्लाह पढ्नु, सूरह फातिहा पढ्नु र त्यसपछि लामो किरात गर्नु।

ख) त्यसपछि लामो रुकूअ गर्नु।

ग) त्यसपछि रुकुअबाट 'समिअल्लाहु लिमन् हमिदह' भन्दै उठ्नु र फातिहा पढ्नु र त्यसपछि लामो किरात गर्नु तर पहिलोभन्दा छोटो।

घ) त्यसपछि लामो रुकूअ गर्नु, तर पहिलो रुकूअभन्दा छोटो।

ङ) फेरि रुकूअबाट 'समीअल्लाहु लिमन् हमिदह' भन्दै टाउको उठाउनु।

च) त्यसपछि दुई लामो सज्दा गर्नु।

छ) फेरि दोस्रो रकअतको लागि उठ्नु, जुन पहिलो रकअत जस्तै हो तर त्यसभन्दा छोटो हुन्छ।

**यसका सुन्नतहरू:**

क) 'सामूहिक नमाज' भनेर आह्वान गर्नु।

ख) जमातका साथ नमाज पढ्नु।

ग) सलाहमा कियाम, रुकूअ र सज्दा लामो गर्नु।

घ) दोस्रो रक्अतलाई पहिलो भन्दा छोटो गर्नु।

ङ) त्यसपछि उपदेश दिनु, सत्कर्म गर्न र पाप त्याग्न प्रोत्साहन गर्नु।

च) धेरै दुआ गर्नु, क्षमा याचना र दान-सदका गर्नु।

**अठारौं: सलातुल् इस्तिस्काः (वर्षाको नमाज):**

**१) इस्तिस्काः** सुखा र खडेरीको समयमा अल्लाहसँग वर्षाको लागि प्रार्थना गर्नु हो।

**सलातुल् इस्तिस्का (वर्षाको नमाज) को वैधानिक समय:**

जमिन बाँझो हुँदा र पानी पर्न रोकिएपछि हानि हुँदा वर्षाको लागि प्रार्थना गर्न वैध गरिएको छ। तिनीहरूसँग आफ्नो प्रभुलाई प्रार्थना गर्नु, वर्षाको लागि दुआ गर्नु र विभिन्न प्रकारका प्रार्थनाहरू मार्फत उहाँको मद्दत खोज्नु बाहेक अरू कुनै विकल्प हुँदैन।

क) कहिलेकाहीं सामूहिक रूपमा प्रार्थना गरेर वा व्यक्तिगत रूपमा।

ख) कहिलेकाहीँ यो जुमाको खुत्बा (उपदेश) मा दुआ मार्फत हुन्छ, खतीबले दुआ गर्छन् र मुस्लिमहरू उनको दुआमा आमीन भन्छन्।

ज) कहिलेकाहीँ नमाज र खुत्बा बिना कुनै पनि समयमा दुआ मार्फत हुन्छ।

**वर्षाको नमाजको हुकुम:**

कारण हुँदा यो एक महत्वपूर्ण सुन्नत हो, जुन रसूल (सल्लल्लाहु अलैहि वसल्लम) बाट प्रमाणित छ, जसरी अब्दुल्लाह बिन जैद (रजियल्लाहु अन्हु) को हदीसमा छ, उहाँले भन्नुभयो:

«خَرَجَ النَّبِيُّ ﷺ إِلَى الْمُصَلَّى، فَاسْتَسْقَى، وَاسْتَقْبَلَ الْقِبْلَةَ، وَقَلَبَ رِدَاءَهُ، وَصَلَّى رَكْعَتَيْنِ».

अर्थः "नबी (सल्लल्लाहु अलैहि वसल्लम) प्रार्थनास्थल तर्फ निस्किए, वर्षाको लागि प्रार्थना गरे, किब्लातिर अनुहार गरे, आफ्नो च्यादरलाई पल्टाए र दुई रकअत नमाज पढे।"[1]

**सलातुल् इस्तिस्काः (वर्षाको नमाज) पढ्ने तरिका:**

इस्तिस्काको सलाह पढ्ने विधि ईदको सलाह जस्तै हो।

यसलाई ईदको नमाज जस्तै ईदगाहमा पढ्नु मुस्तहब हो।

यसका अहकामहरू पनि ईदको नमाज जस्तै हुन्; रकअतहरूको संख्यामा, ठूलो स्वरमा किरात गर्नुमा, खुत्बाभन्दा पहिले पढिनुमा र पहिलो तथा दोस्रो रकअतमा किरातभन्दा पहिलेका थप तकबीरहरूमा।

ईदको सलाहमा यसको व्याख्या भइसकेको छ, एक खुत्बा दिनु।

[1] बुखारी (१०१२), मुस्लिम (८९४)।

**उन्नाइसौं: जनाजह (अन्त्येष्टि) सम्बन्धी नियमहरू:**

**पहिलो: मर्ने व्यक्तिको छेउमा उपस्थित हुने व्यक्तिको लागि:**

१) मर्ने व्यक्तिसँग उपस्थित व्यक्तिले उसलाई "ला इलाह इल्लल्लाह" पढ्न भन्नु।

२) उसलाई किब्लातर्फ फर्काउनु सुन्नत हो।

३) उसको आँखा बन्द गर्नु मुस्तहब हो।

४) मृत्युपछि मृतकलाई लुगाले छोप्नु सुन्नत हो।

५) उनको कफन दफन छिटो गर्नु राम्रो हो।

६) उसको ऋण चाँडै तिर्नै पर्छ।

७) मृतकलाई नुहाउनु र कफन लगाउनु फर्जे किफाया हो।

**दोस्रो: जनाजाको नमाजका अहकामहरू:**

**यसको हुक्म:** फर्ज किफाया हो।

**यसका सर्तहरू:**

१) किब्लातर्फ फर्किनु।

२) गुप्ताङ्ग छोप्नु।

३) अपवित्रताबाट बच्नु।

४) सलाह पढ्ने व्यक्ति र मृतक दुवै पवित्र हुनु।

५) सलाह पढ्ने व्यक्ति र मृतक दुवै मुस्लिम हुनु।

६) यदि आफ्नै शहरमा हो भने जनाजामा उपस्थित हुनु।

७) मुकल्लफ (धार्मिक दायित्व भएको) हुनु।

**यसका आधारहरू:**

१) कियाम गर्नु।

२) चार तक्बीरहरू।

३) सूरह फातिहा पढ्नु।

४) नबी (सल्लल्लाहु अलैहि वसल्लम) माथि सलात (दरूद) पठाउनु।

५) मृतकको लागि दुआ गर्नु।

६) तर्तीब (क्रम) ।

७) सलाम फेर्नु।

**यसका सुन्नतहरू:**

१) हरेक तक्बीरका साथ दुवै हातहरू उठाउनु।

२) अउजु बुल्लाह पढ्नु।

३) आफ्नो लागि र मुस्लिमहरूको लागि दुआ गर्नु।

४) किरात ठुलो स्वरमा न पढ्ने।

५) चौथो तक्बीर भनेपछि र सलाम फेर्नुअघि केही बेर रोकिनु।

६) दायाँ हातलाई बाँया हातमाथि राखेर छातीमाथि राख्नु।

७) सलाम फेर्दा दायाँतिर फर्किनु।

**यसको विधिः** इमाम र एक्लै नमाज पढ्ने व्यक्तिले पुरुषको छाती र महिलाको मध्य भागमा उभिनु, तकबीर-ए-तहरीमा भन्नु, अऊजु बिल्लाहि... पढ्नु, इस्तिफ्ताहको दुआ नपढ्नु, बिस्मिल्लाह पढ्नू र सूरह फातिहा पढ्नु।

त्यसपछि तकबीर भन्नु र नबी (सल्लल्लाहु अलैहि व सल्लम) माथि दरूद पढ्नु, त्यसपछि फेरि तकबीर भन्नु र मृतकको लागि प्रमाणित दुआहरू पढ्नु। उहाँ (सल्लल्लाहु अलैहि वसल्लम) को यस भनाईमा छः

«اللَّهُمَّ اغْفِرْ لِحَيِّنَا وَمَيِّتِنَا، وَصَغِيرِنَا وَكَبِيرِنَا، وَذَكَرِنَا وَأُنْثَانَا، وَشَاهِدِنَا وَغَائِبِنَا، اللَّهُمَّ مَنْ أَحْيَيْتَهُ مِنَّا فَأَحْيِهِ عَلَى الإِيمَانِ، وَمَنْ تَوَفَّيْتَهُ مِنَّا فَتَوَفَّهُ عَلَى الإِسْلَامِ، اللَّهُمَّ لَا تَحْرِمْنَا أَجْرَهُ، وَلَا تُضِلَّنَا بَعْدَهُ».

"अल्लाहुम्मग्फिर लि हैयिना व मैयितिना, व सगीरिना व कबीरिना, व जकरिना व उन्साना, व शाहिदिना व गाइबिना, अल्लाहुम्म मन अह्-यैतहु मिन्ना फअह्यिहि अलल्-इमान, व मन तवफ्फैतहू मिन्ना फतवफ्फहु अलल्-इस्लाम, अल्लाहुम्म ला तुहर्रिम्मना अज्रहू वला तुजिल्लना बाअदहू।"

अर्थः "हे अल्लाह! हाम्रा जीवित र मृतकहरूलाई, हाम्रा साना र वृद्धहरूलाई, हाम्रा पुरुष र महिलाहरूलाई र हाम्रा उपस्थित र अनुपस्थितहरूलाई क्षमा गर्नुहोस्। हे अल्लाह! हामीमध्ये जसलाई जीवित राख्नुहुन्छ, उसलाई इमानमा जीवित राख्नुहोस् र जसलाई मृत्यु दिनुहुन्छ उसलाई इस्लाममा मृत्यु दिनुहोस्। हे अल्लाह! हामीलाई

उसको प्रतिफलबाट वञ्चित नगर्नुहोस् र त्यसपछि हामीलाई पथभ्रष्ट नगर्नुहोस्।"[1]

उहाँले भन्नुभएको छ:

«اللَّهُمَّ اغْفِرْ لَهُ وَارْحَمْهُ، وَعَافِهِ وَاعْفُ عَنْهُ، وَأَكْرِمْ نُزُلَهُ، وَوَسِّعْ مَدْخَلَهُ، وَاغْسِلْهُ بِالْمَاءِ وَالثلْجِ وَالْبَرَدِ، وَنَقِّهِ مِنَ الْخَطَايَا كَمَا نَقَّيْتَ الثَّوْبَ الْأَبْيَضَ مِنَ الدَّنَسِ، وَأَبْدِلْهُ دَارًا خَيْرًا مِنْ دَارِهِ، وَأَهْلًا خَيْرًا مِنْ أَهْلِهِ، وَزَوْجًا خَيْرًا مِنْ زَوْجِهِ، وَأَدْخِلْهُ الْجَنَّةَ، وَأَعِذْهُ مِنْ عَذَابِ الْقَبْرِ، وَمِنْ عَذَابِ النَّارِ».

"अल्लाहुम्मग्-फिर लहु वर्-हम्हु, व आ-फिही वअ्-फु अन्हु, व अक्रिम नुजुलहु, व वस्सिअ् मद-खलहु, वग्-सिल्हु बिल-माइ वस्-सल्जि वल्-बरदि, व नक्किही मिनल् खताया कमा नक्कतस्-सौबल् अब-य-द मिनद्-दनसि, व अब्दिल्-हु दारन् खैरम्-मिन् दारिही, व अहलन् खैरम्-मिन् अलिही, व जौजन् खैरम्-मिन् जौजहि, व अद-खिलहुल्-जन्नत, व अ-इज्हु मिन् अजाबिल्-कब्री व मिन् अजाबिन्-नार।"

अर्थः "हे अल्लाह! यस मृतकलाई क्षमा गर्नुहोस्, ऊ माथि दया गर्नुहोस्, उसलाई दुर्भाग्यबाट मुक्त गर्नुहोस्, उसलाई क्षमा गर्नुहोस्, उसलाई स्वर्गको उच्च स्थानले सम्मानित गर्नुहोस्, उसको प्रवेशद्वार फराकिलो गर्नुहोस्, उसलाई पानी, बरफ, हिउँ र असिनाले धोइदिनुहोस्, उसलाई पापहरूबाट त्यसरी नै स्वच्छ र शुद्ध पार्नुहोस् जसरी सेतो कपडाबाट फोहर र दाग सफा गरिन्छ। उसलाई उसको घर भन्दा उत्तम घर, उसको

[1] यसलाई अबू दाऊदले (३२०१) नम्बरमा र तिर्मिजीले (१०२४) नम्बरमा वर्णन गरेका छन्। तिर्मिजीले भने: "यो हदीस 'हसन सहीह' हो।

परिवार भन्दा उत्तम परिवार र उसको पति/पत्नी भन्दा उत्तम पति/पत्नी दिनुहोस्। उसलाई स्वर्ग प्रदान गर्नुहोस् र उसलाई कब्र (चिहान) र नर्कको यातनाबाट बचाउनुहोस्।"[1] त्यसपछि तकबीर भन्नु, त्यसपछि केही बेर उभिनु अनि आफ्नो दायाँतिर सलाम फेर्नुहोस्।

## तेस्रो विषय: जकात

### १) जकातको परिभाषा र यसको महत्व:

**जकातको शाब्दिक अर्थ:** वृद्धि र बढोत्तरी हो।

**शरिअतमा जकातको अर्थ:** केही विशेष धनसम्पत्तिमा कुनै विशेष समूहलाई निश्चित रकम तिर्न अनिवार्य गरिएको हक हो।

यो इस्लामको तेस्रो स्तम्भ हो। कुरआनमा ८२ स्थानमा यसलाई नमाजसँग जोडिएको छ, जसले यसको महत्त्वलाई दर्शाउँछ। अल्लाहले भन्नुभएको छः

﴿وَأَقِيمُواْ ٱلصَّلَوٰةَ وَءَاتُواْ ٱلزَّكَوٰةَ...﴾

अर्थ: " नमाज पढ्दै गर र जकात दिंदै गर..।" (अल्-बकरह: ४३)

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«بُنِيَ الإِسْلَامُ عَلَى خَمْسٍ: شَهَادَةِ أَنْ لَا إِلَهَ إِلَّا اللَّـهُ، وَأَنَّ مُحَمَّدًا رَسُولُ اللَّـهِ، وَإِقَامِ الصَّلَاةِ، وَإِيتَاءِ الزَّكَاةِ، وَحَجِّ الْبَيْتِ، وَصَوْمِ رَمَضَانَ».

[1] मुस्लिम (९६२)।

अर्थः “इस्लाम पाँच स्तम्भहरूमा आधारित छ: अल्लाह बाहेक कोही सत्य ईश्वर छैन र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका रसूल हुनुहुन्छ भन्ने गवाही दिनु, सलाह (नमाज) कायम गर्नु, जकात (दान) दिनु, पवित्र घरको हज गर्नु र रमजानको ब्रत बस्नु।”[1]

सम्पूर्ण मुस्लिमहरूको यसको अनिवार्यतामा सर्वसम्मति रहेको छ। जसले यसको अनिवार्यतालाई अस्वीकार गर्छ त्यो काफिर हो। जकात नदिनेहरूसँग युद्ध गर्नुपर्छ।

## २) जकात अनिवार्य हुनुका शर्तहरू:

क) आजादी: दाससँग पैसा नभएकोले ऊमाथि जकात अनिवार्य छैन र जे छ त्यो उसको मालिकको हो, त्यसैले उसको जकात उसको मालिकमाथि अनिवार्य हुन्छ।

ख) इस्लाम: यो काफिरको लागि अनिवार्य छैन; किनकि यो उपासना र आज्ञाकारिताको कार्य हो र काफिर उपासक र आज्ञाकारीहरू मध्ये होइन।

ग) निसाबको स्वामित्व: निसाबभन्दा कममा जकात अनिवार्य हुँदैन र यो धनसम्पत्तिको एक ज्ञात मात्रा हो।

घ) पूर्ण स्वामित्व: धनसम्पत्ति पूर्ण रूपमा व्यक्तिको स्वामित्वमा हुनुपर्छ। जुन धनसम्पत्तिमा पूर्ण स्वामित्व छैन त्यसमा जकात अनिवार्य छैन,

[1] यो हदीसलाई इमाम बुखारीले (८) नम्बर र इमाम मुस्लिमले (१११) नम्बरमा वर्णन गरेका छन्।

जस्तै लिखित रुपमा लिएको ऋण।

ङ) त्यो धनसम्पत्तिमा एक वर्ष बितेको हुनु पर्छ: आइशा (रजियल्लाहु अन्हा) बाट वर्णित मर्फूअ हदीसका आधारमा:

«لَا زَكَاةَ فِي مَالٍ حَتَّى يَحُولَ عَلَيْهِ الْحَوْلُ».

अर्थः "धनसम्पत्तिमा एक वर्ष पूरा नभएसम्म जकात लाग्दैन।"[1]

**३) जकात अनिवार्य हुने सम्पत्तिहरू:**

**पहिलो: पशुधन, ती हुन्: ऊँट, गाईवस्तु र भेडाबाख्रा।**

यसमा दुई शर्तका साथ जकात अनिवार्य हुन्छ:

१) दूध र सन्तान उत्पादनको लागि पालिएको होस्, कामको लागि होइन।

२) चर्ने जनावर हुनुपर्छ, त्यसैले किनेको चारा वा घाँस वा अन्य स्रोतबाट सङ्कलन गरिएको चाराबाट खुवाइएका जनावरहरूमा जकात अनिवार्य छैन।

वर्षको केही भाग चर्ने जनावरहरूमा जकात छैन, तर वर्षभरि वा धेरैजसो भागमा चर्ने जनावरहरूमा हुन्छ।

[1] यसलाई इब्ने माजहले (१७९२) नम्बरमा र तिर्मिजीले (६३) र (६३१) नम्बरमा वर्णन गरेका छन्।

**४) गाईवस्तुका निसाबहरू:**

**१) उँटमा जकात:**

शर्तहरू पूरा भएमा; प्रत्येक पाँच ऊँटमा एउटा भेडा वा बाख्रा, दशवटामा दुईवटा, पन्ध्रवटामा तीनवटा र बीसवटामा चारवटा दिनुपर्छ। सुन्नत र इज्माले पनि यस कुरालाई पुष्टि गरेको छ।

२५ ऊँटमा 'बिन्ते मखाद' दिनु पर्नेछ; यो एक वर्ष पूरा गरी दोस्रो वर्षमा प्रवेश गरेको पोथी ऊँट हो, यदि यो उपलब्ध छैन भने यसको सट्टामा 'इब्ने लबून' (दोस्रो वर्षमा रहेको भाले ऊँट) पर्याप्त हुन्छ।

३६ ऊँटमा '“बिन्त लबून’ दिनु पर्नेछ; यो दुई वर्ष पूरा भएको पोथी ऊँट हो।

४६ ऊँटमा एउटा 'हिक्का' दिनु पर्नेछ; यो तीन वर्ष पूरा भएको (पोथी ऊँट) हो।

६१ ऊँटमा एउटा 'जजअह' दिनु पर्नेछ; यो चार वर्ष पूरा भएको ऊँट हो।

७६ ऊँटमा दुईवटा ‘बिन्त लबून’ दिनु पर्नेछ; यो दुई-वर्षे पोथी ऊँट हो।

९१ ऊँटमा दुईवटा 'हिक्का' दिनु अनिवार्य हुन्छन्।

यदि ऊँटहरूको कुल संख्या एक सय बीस भन्दा बढी छ भने तीनवटा ‘बिन्त लबून’ दिनु पर्नेछ; त्यसपछि प्रत्येक चालीसमा एउटा ‘बिन्त लबून’ र प्रत्येक पचासमा एउटा 'हिक्का' जकातको रूपमा तिर्नुपर्नेछ।

**२) गाईवस्तुमा जकात:**

शर्तहरू पूरा भएमा; प्रत्येक ३० गाईमा एक वर्ष पूरा गरी दोस्रो वर्षमा प्रवेश गरेको एउटा बाछो वा बाछी जकातको रूपमा दिनु पर्नेछ।

३० भन्दा कममा जकात अनिवार्य छैन।

४० गाईमा दुई वर्ष पूरा भइसकेको गाई दिनु पर्नेछ।

यदि गाई-गोरुको कुल संख्या चालीसभन्दा बढी भएमा, प्रत्येक तीस मा एक वर्षीय बाछो वा बाछी र प्रत्येक चालीस मा दुई वर्षीय गाई दिनु अनिवार्य हुन्छ।

**३) भेडा-बाख्रामा जकात:**

यदि भेडाबाख्राको कुल संख्या चालीस पुग्यो भने, त्यसमा एउटा भेडा जकातको रूपमा दिनुपर्छ, चाहे त्यो भेडा होस् वा बाख्रा। चालिसभन्दा कम भेडाबाख्राहरूमा जकात छैन।

जब भेडा-बाख्राहरूको कुल संख्या १२१ पुग्छ भने त्यसमा दुईवटा भेडा जकातको रूपमा तिर्नुपर्नेछ।

जब भेडा-बाख्राहरूको कुल संख्या २०१ पुग्छ भने त्यसमा तीनवटा भेडा जकातको रूपमा तिर्नुपर्नेछ।

यो संख्यापछि जकातको परिमाण स्थिर हुन्छ र प्रत्येक १०० मा एउटा भेडा अनिवार्य हुन्छ, जस्तै ४०० मा चारवटा र यस्तै ...।

**दोस्रो: कृषि उत्पादनमा जकात:**

**भुमिबाट दुई प्रकारका चीजहरू निस्कन्छन्:**

**१) अन्न तथा फलफूल।**

**२) खनिज।**

**पहिलो किसिम: अन्न र फलफूल:** अन्नमा जकात अनिवार्य हुन्छ; जस्तै: गहुँ, जौ र धान। फलहरूमा; जस्तैः खजूर र किसमिस। यो बाहेक अन्य वनस्पतिहरूमा जस्तै गेडागुडी र सागसब्जीमा अनिवार्य छैन।

**अन्न र फलफूलमा जकात अनिवार्य हुने शर्तहरू:**

१) भण्डार गर्ने योग्य वस्तु हुनुपर्छ: भण्डार गर्न नसकिने वस्तुहरूमा जकात हुँदैन, जस्तै फलफूल र रकारीहरू।

२) नापेर बेचिने वस्तु हुनुपर्छ: तसर्थ गन्ती वा तौल गरेर बेचिने वस्तुहरूमा जकात छैन; जस्तै, खरबुजा, प्याज, अनार आदि।

३) निसाब (न्यूनतम मात्रा) पुगेको हुनुपर्छ: जुन पाँच वसक होर यसभन्दा कममा जकात छैन।

४) जकात अनिवार्य हुँदा आफ्नो स्वामित्वमा हुनुपर्छ।

तसर्थ जसले जकात अनिवार्य हुने समयपछि त्यसको स्वामित्व प्राप्त गर्छ, त्यसमाथि जकात अनिवार्य हुँदैन, जस्तै यदि कसैले बाली काटिसकेपछि त्यसलाई किन्छ वा उपहारमा पाउँछ भने।

**यसको जकातको अनिवार्यताको समय:**

अन्न र फलफूल पाक्न थालेपछि त्यसमा जकात निकाल्नु पर्छ। फलफूल पाक्नका संकेतहरू यस प्रकार छन्:

क) अन्नमाः जब त्यो कडा र साह्रो भएर ठोस बन्छ।

ख) खजूरको फलमाः जब त्यो रातो वा पहेँलो हुन्छ।

ज) अंगूरमा: नरम र गुलियो हुनु।

**यसको निसाबः**

अन्न र फलफूलको निसाब (न्यूनतम मात्रा): पाँच वसक हो र एक 'वसक' ६० साअ को हुन्छ। तसर्थ नबीको साअको हिसाबले निसाब (न्यूनतम मात्रा) तीन सय साअ हो र किलोग्राममा न्यूनतम मात्रा लगभग ९०० किलोग्राम हो।

**यसमा अनिवार्य जकातको मात्रा:**

जुन बालीनाली बिना कुनै परिश्रम र लागत सिँचाइ हुन्छ, त्यसमा दशौँ भाग (१०%) अनिवार्य हुन्छ; जस्तै वर्षाको पानी र मुहानबाट सिँचाइ गरिएको।

अनि परिश्रम र लागतले सिँचाइ गरिएको बालीनालीमा दशौँ भागको आधा (५%) जकात अनिवार्य हुन्छ; जस्तै, जनावर वा आधुनिक मेसिनहरूद्वारा कुवा र नदीहरूबाट पानी तानेर सिँचाइ गरिने वस्तु।

**दोस्रो किसिमः खनिजहरूः**

भूमिबाट निस्कने पदार्थहरूका किसिमहरूमध्येः खनिज, यो जमिनबाट निकालिने त्यस्तो वस्तु हो जुन आफ्नो प्रकृतिभन्दा भिन्न हुन्छ; जस्तै सुन, चाँदी, फलाम र रत्नहरू।

**यसमा जकात अनिवार्य हुने समयः**

आफ्नो स्वामित्वमा आएपछि तुरुन्तै यसको जकात (दान) निकाल्नुपर्छ, किनकि यसको लागि एक वर्ष बितिसकेको हुनु आवश्यक छैन। यसको निसाब पनि सुन र चाँदीको निसाब हो र यसको मूल्यबाट दशको एक चौथाइ (२.५%) निकालिन्छ।

**तेस्रोः सुन, चाँदी र नगदको जकातः**

**मुद्राहरूः** सुन, चाँदी र नगदी जिन्सी हुन् र यसमा जकात अनिवार्य हो। प्रमाण: अल्लाहले भन्नुभएको छ:

﴿...وَالَّذِينَ يَكْنِزُونَ الذَّهَبَ وَالْفِضَّةَ وَلَا يُنْفِقُونَهَا فِي سَبِيلِ اللَّهِ فَبَشِّرْهُمْ بِعَذَابٍ أَلِيمٍ ﴿٣٤﴾﴾

अर्थ: "जसले सुन र चाँदी जम्मा गर्छन् र अल्लाहको मार्गमा खर्च गर्दैनन्, तिनीहरूलाई पीडादायी सजायको खबर सुनाइदेऊ।" (३४) (तौबा: ३४) हदीसमा छ:

«مَا مِنْ صَاحِبِ ذَهَبٍ وَلَا فِضَّةٍ لَا يُؤَدِّي فِيهَا حَقَّهَا؛ إِلَّا إِذَا كَانَ يَوْمَ الْقِيَامَةِ صُفِّحَتْ لَهُ صَفَائِحُ مِنْ نَارٍ».

अर्थः "सुन वा चाँदीको कुनै पनि मालिकले त्यसको हक अदा गर्दैन भने

कयामतको दिन उसको लागि आगोका थालहरू तयार पारिनेछन्।"[1]

सुन र चाँदीमा जकात अनिवार्य हुनुमा विद्वानहरूको सर्वसम्मति छ। कागजी मुद्राको हुक्म पनि सुन र चाँदीकै जस्तो छ; किनभने यसले मौद्रिक कारोबारमा त्यसको स्थान लिएको छ।

## सुन, चाँदी र नगदको निसाब र त्यसमा अनिवार्य हुने जकातको परिमाणः

यसको निसाब सुन वा चाँदीको निसाब हो, किनभने नगदले मूल्यको हिसाबले यिनीहरूको स्थान लिएको छ। तसर्थ, जब यो ती दुईमध्ये कुनै एकको निसाब बराबर पुग्छ, तब त्यसमा जकात अनिवार्य हुन्छ।

आजकल नगदको निसाब प्रायः चाँदीको आधारमा निर्धारण गरिन्छ; किनभने यो सुनभन्दा सस्तो छ, जसले गर्दा यसको निसाब पहिले पूरा हुन्छ। जब कुनै मुस्लिमसँग (५९५) ग्राम चाँदी बराबरको रकम हुन्छ र त्यसमाथि एक वर्ष बितिसकेको छ भने त्यसमा जकात अनिवार्य हुन्छ।

चाँदीको मूल्य समय-समयमा परिवर्तन भइरहन्छ, तसर्थ जोसँग थोरै धनसम्पत्ति छ र उसलाई त्यो निसाब बराबर पुगेको छ वा छैन भन्ने थाहा छैन भने, उसले चाँदीका व्यापारीहरूसित एक ग्राम चाँदीको मूल्य सोधेर त्यसलाई (५९५) ले गुणा गर्नुपर्छ र जुन परिणाम आउँछ त्यही नै निसाब हो।

---

[1] बुखारी (१४०२) र मुस्लिम (२२८७)।

**फाइदा:** यदि कसैले आफ्नो धनसम्पत्तिको जकात निकाल्न चाहन्छ भने, निसाबलाई चालीसले भाग लगाउनु पर्छ र निस्कने रकम त्यही अनिवार्य मात्रा हो।

**चौथोँ: व्यवसायिक सामानमा जकात:**

यो नाफाको लागि किनबेच गर्न तयार गरिएको सामान हो। व्यवसायिक सरसामानमा नगद बाहेक सबै प्रकारका सामानहरू समावेश हुन्छन्; जस्तै कार, लुगा, कपडा, फलाम, काठ र व्यापारको लागि तयार पारिएका अन्य वस्तुहरू।

**व्यवसायिक सरसामानमा जकात अनिवार्य हुने शर्तहरू:**

१) आफ्नो कार्य मार्फत यसको स्वामित्व प्राप्त गर्नु; जस्तै बिक्री, भाडामा लिने र नाफाका अन्य रूपहरू।

२) व्यापार गर्ने उद्देश्यले त्यसको मालिक हुनु; अर्थात् उसले यसबाट नाफा कमाउने उद्देश्य राखेको छ, किनभने कार्यहरू नियतमा आधारित हुन्छन् र व्यापार एक कार्य हो, त्यसैले अन्य सम्पूर्ण कार्यहरू जस्तै यसमा पनि नियत हुनु अनिवार्य छ।

३) यसको मूल्य सुन वा चाँदीमध्ये कुनै एकको निसाबसम्म पुग्नुपर्छ।

४) त्यसमाथि एक वर्ष पूरा भएको हुनुपर्छ।

**व्यवसायिक सरसामानको जकात निकाल्ने तरिका:**

एक वर्ष पूरा भएपछि व्यापारिक मालसामानको मूल्याङ्कन सुन वा

चाँदी, दुई मध्ये कुनै एक मुद्रामा गरिन्छ। मूल्याङ्कनपछि सुन वा चाँदीमध्ये कुनै एकको निसाबमा पुग्छ भने यसको मूल्यबाट दशको एक चौथाइ (२.५%) निकालिन्छ।

**पाँचौं: जकातुल-फित्र:** रमजान महिना समाप्त भएपछि दिइने अनिवार्य दान हो। यो दुई हिजरीमा फर्ज भएको थियो।

**यसको हुकुम:**

जकातुल-फित्र हरेक मुस्लिममाथि अनिवार्य छ, जोसँग ईदको दिन र रातमा आफ्नो र आफ्नो परिवारको लागि पर्याप्त हुने भोजनभन्दा बढी भोजन छ। यो प्रत्येक मुस्लिममाथि अनिवार्य छ, चाहे त्यो पुरुष होस् वा महिला, युवा होस् वा वृद्ध, स्वतन्त्र होस् वा दास, यसको प्रमाण:

«فَرَضَ رَسُولُ اللَّهِ ﷺ زَكَاةَ الفِطْرِ عَلَى الْعَبْدِ وَالْحُرِّ، وَالذَّكَرِ وَالْأُنْثَى، وَالصَّغِيرِ وَالْكَبِيرِ، مِنَ الْمُسْلِمِينَ».

अर्थः "रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मुस्लिम दास र स्वतन्त्र, पुरुष र महिला, युवा र वृद्ध सबैमाथि जकात अल फित्र अनिवार्य गर्नु भएको छ।"[1] फर्जको अर्थ हो: अनिवार्य गर्नु र वाजिब गर्नु।

**यसको हिक्मत:** इब्ने अब्बास (रजियल्लाहु अन्हुमा) ले भनेका छन्:

«فَرَضَ رَسُولُ اللَّهِ ﷺ زَكَاةَ الْفِطْرِ؛ طُهْرَةً لِلصَّائِمِ مِنَ اللَّغْوِ وَالرَّفَثِ، وَطُعْمَةً

[1] बुखारी (१४३२), मुस्लिम (९८४)।

لِلْمَسَاكِينِ».

अर्थः "अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले जकात अल-फित्रलाई व्रत बस्ने व्यक्तिलाई बेकारको कुरा र अश्लीलताबाट शुद्ध पार्न र गरिबहरूको लागि खानाको रूपमा अनिवार्य गर्नुभयो।"[1]

**यसको अनिवार्यता र अदा गर्ने समयः**

ईदको रात ईदको रात सूर्यास्त भएपछि जकातुल-फित्र अनिवार्य हुन्छ। ईदको नमाज पढ्न जानु अघि निकाल्नु मुस्तहब हो। यसलाई ईदको नमाजभन्दा पछि ढिलो गर्न अनुमति छैन।

यदि उसले यसलाई ईदको नमाजभन्दा ढिलो गर्यो भने, उसले कजा स्वरूप निकाल्नु पर्छ र ढिलो गरेकोमा उसलाई पाप लाग्नेछ। यसलाई ईद भन्दा एक वा दुई दिन पहिला दिनु जाइज छ।

**यसको मात्रा र कुन वस्तुबाट निकालिन्छः**

त्यस ठाउँका मानिसहरूको सामान्य खानाबाट एक साअ, जस्तैः चामल, खजूर, गहुँ वा अन्य।

'साअ' को परिमाण लगभग तीन किलोग्राम हुन्छ। यसको बदलामा नगद दिनु जायज छैन; किनकि यो रसूल (सल्लल्लाहु अलैहि वसल्लाम) को आदेशको विपरीत हो।

---

[1] अबू दाउद (१६०९), इब्ने माजह (१८२७) र इमाम अल्बानीले सही अबू दाउद (१६०९) मा सही भनेका छन्।

**जकात दिनु र यसका हकदारहरू:**

**यसको निकाल्ने समय:**

जकात अनिवार्य हुने समय भएमा तुरुन्तै निकाल्नुपर्छ, कुनै बाध्यता बाहेक यसलाई ढिलो गर्न अनुमति छैन, जस्तै सम्पत्ति टाढाको देशमा हुनु र त्यसको लागि प्रतिनिधि नियुक्त गर्ने कोही नहुनु।

**यसलाई निकाल्ने स्थान:**

जुन देशमा पैसा छ त्यही देशमा जकात तिर्नु उत्तम हुन्छ। निम्न अवस्थामा पैसा रहेको देशबाट अर्को देशमा स्थानान्तरण गर्न सकिन्छ:

क) यदि शहरमा जकातको हकदार कोही छैन भने।

ख) यदि अर्को देशमा कुनै गरिब आफन्त भएमा।

ग) यदि त्यहाँ कुनै वैध कारण छ जसको लागि यसलाई स्थानान्तरण गर्न आवश्यक छ, जस्तै: अनिकाल र बाढीबाट पीडित मुस्लिमहरूको क्षेत्रमा यसलाई स्थानान्तरण गर्ने।

सामान्य प्रमाणका कारण, बच्चा र मानसिक रोगी व्यक्तिको पैसामा जकात अनिवार्य छ र उनीहरूको तर्फबाट उनीहरूको मालको वलीले यसलाई निकाल्नेछ। नियत बिना जकात दिनु जायज छैन। किनभने नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«إِنَّمَا الْأَعْمَالُ بِالنِّيَّاتِ».

अर्थः "कर्महरू नियतमा आधारित हुन्छन्।"[1]

---

[1] यो हदीसलाई बुखारीले नं. (१) र मुस्लिमले नं. (१९०७) मा उल्लेख गरेका छन्।

**जकातका हकदारहरू:**

**जकातका हकदारहरू आठ किसिमका छन्:**

**पहिलो वर्ग: गरिब (फकीर) हरू:** तिनीहरू ती हुन् जोसँग आवास, खाना र कपडा जस्ता पर्याप्त आधारभूत आवश्यकताहरू छैनन्। उनीहरूलाई दिइने जकातको मात्रा त्यति हुनुपर्छ जसले उनीहरू र उनीहरूका परिवारहरूलाई एक वर्षसम्म पुगोस्।

**दोस्रो वर्ग: निमुखा (मिस्कीन):** तिनीहरू ती हुन् जोसंग केही कुरा पर्याप्त छ, तर पूर्ण रूपमा पर्याप्त हुँदैनन्, जस्तै कसैको तलब छ, तर त्यो उसको लागि एक वर्षको लागि वर्षभरि पुग्दैन।

**उनीहरूलाई जकातबाट दिइने मात्रा:** उनीहरू र उनीहरूले पालनपोषण गर्नेहरूको एक वर्षको पूर्ण गुजारा।

**तेस्रो वर्ग: यसमा काम गर्नेहरू:** उनीहरू ती व्यक्तिहरू हुन् जसलाई प्रशासकले जकात संकलन गर्न वा रक्षा गर्न वा त्यसलाई हकदारहरूसम्म पुर्याउन जिम्मेवारी दिएका हुन्छन्।

**उनीहरूलाई जकातबाट दिइने मात्रा:** उनीहरूको लागि राज्यबाट कुनै ज्याला वा तलब तोकिएको छैन भने उनीहरूको कामको ज्याला बराबर दिइनेछ।

**चौथो वर्ग: तालिफे कल्ब (मन जित्नको लागि):** उनीहरू ती सबै हुन् जसलाई केही उपहार दिएर निम्न कुराको आशा गरिन्छ: उसले इस्लाम स्वीकार गरोस्, अथवा उसको ईमान बलियो होस् वा उसको दुष्टताबाट मुस्लिमहरू सुरक्षित रहुन्।

**उनीहरूलाई जकातबाट दिइने मात्रा**ः जतिले उनीहरूको मन जित्न सकियोस्।

**पाचौं वर्गः दास-मुक्त गर्नको लागिः** यसको अभिप्राय: दास र मुकातब (मुक्ति-पत्र लेखेका दास) हरूलाई मुक्त गर्नु हो।

**मुकातबः** त्यो दास हो जसले आफूलाई मालिकबाट मुक्त गर्न पैसाले किनेको छ। यसमा मुस्लिम युद्धबन्दीहरूको फिदया (फिरौती) पनि समावेश छ।

**छैठौं वर्गः ऋणीहरू र यिनीहरू दुई प्रकारका छन्ः**

**पहिलोः** आफ्नो आवश्यकताको लागि ऋण लिएको व्यक्ति र उसित आफ्नो ऋण तिर्ने कुनै उपाय छैन। उसलाई उसको ऋण तिर्न पर्याप्त दिइने छ।

**दोस्रोः** मानिसहरू बीच मेलमिलाप गराउने प्रयासको कारण ऋणी भएको व्यक्ति। ऊ धनी भए पनि, उसलाई ऋण तिर्न पर्याप्त रकम दिइन्छ।

**सातौं वर्गः अल्लाहको मार्गमा**ः उनीहरू ती हुन् जसले अल्लाहको मार्गमा जिहाद गर्छन्।

**जकातबाट उनीहरूलाई दिइने मात्रा**ः अल्लाहको बाटोमा लड्न पर्याप्त हुने रकम; सवारी साधन, हतियार, खाना र अन्य चीजहरूको हिसाबले।

**आठौँ वर्गः यात्रुः** ऊ त्यो यात्री हो जसको खर्च सकिएको छ वा उसको सामान चोरी भएको छ र ऊसँग आफ्नो देश पुग्न पर्याप्त पैसा छैन।उसलाई आफ्नो गाउँ सहरसम्म पुऱ्याउने रकम दिइन्छ, चाहे ऊ त्यहाँ धनी नै किन नहोस्।

## चौथो विषय: सौम (रोजा)

**सौमको अर्थ:** अल्लाहको उपासनाको नियतले फज्रको उदयदेखि सूर्यास्तसम्म रोजा तोड्ने कुराहरूबाट टाढा रहनु।

यो इस्लामका स्तम्भहरू मध्ये एक हो। अल्लाहले अनिवार्य गर्नुभएको कर्तव्यहरूमध्ये एक कर्तव्य हो। यो अनिवार्य हो भन्ने कुरा इस्लाम धर्ममा स्वतः सिद्ध छ। यो अनिवार्य हो भन्ने कुरा कुरआन, सुन्नत र मुस्लिमहरूको सहमतिबाट प्रमाणित छ।
अल्लाहले भन्नुभएको छः

﴿شَهۡرُ رَمَضَانَ ٱلَّذِيٓ أُنزِلَ فِيهِ ٱلۡقُرۡءَانُ هُدٗى لِّلنَّاسِ وَبَيِّنَٰتٖ مِّنَ ٱلۡهُدَىٰ وَٱلۡفُرۡقَانِۚ فَمَن شَهِدَ مِنكُمُ ٱلشَّهۡرَ فَلۡيَصُمۡهُ...﴾

अर्थ: "रमाजान त्यो महिना हो जसमा कुरआन अवतरित भएको थियो, जुन मानव जातिको लागि मार्गदर्शन हो। जसमा मार्गदर्शन र सत्य र असत्यलाई छुट्टयाउने निशानीहरू छन्। त्यसैले तिमीहरूमध्ये जसले यो महिना पाउँछ, उसले यसको व्रत राखोस्..।" (अल्-बकरह: १८५)

**रमजानको उपवास (रोजा) फर्ज हुने शर्तहरू:**

१) इस्लाम, त्यसैले यो गैर-मुस्लिमबाट मान्य छैन।

२) बालिग हुनु, त्यसैले यो नाबालिगको लागि अनिवार्य छैन। विवेकशील बालकको व्रत मान्य हुन्छ र उसको हकमा नफिल मानिन्छ।

३) बुद्धि: पागलको लागि उपवास अनिवार्य छैन न त नियतको कमीको कारणले गर्दा तिनीहरूबाट यो मान्य छ।

४) ब्रत राख्ने सक्षम हुनु, त्यसकारण, असमर्थ बिरामीमाथि अनिवार्य छैन। नत यात्रीमाथि। वैधानिक कारण (विरामी र यात्रा) समाप्त भएपछि उनीहरूले त्यसको कजा गर्नेछन्। महिलाबाट यो मान्य हुनको लागि, निम्न सर्तहरू पूरा गर्नुपर्छ: महिनावारी र रक्तस्राव (निफास) बन्द हुनुपर्छ।

**रमजान महिनाको आगमन दुईमध्वये एकले प्रमाणित हुन्छ, यी दुई निम्न हुन्:**

क) रमजान महिनाको चन्द्रमा देखिनु, किनभने नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«صُومُوا لِرُؤْيَتِهِ، وَأَفْطِرُوا لِرُؤْيَتِهِ».

अर्थः "(चन्द्रमा) हेरेर रोजा राख र (चन्द्रमा) हेरेर इफ्तार गर।"[1]

ख) बादल, धुलो वा यस्तै कुनै चीजले रमजानको चन्द्रमा देखिएन भने शाबान महिनालाई तीस दिनमा पूरा गर्नु, किनकि पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो:

«فَإِنْ غُمَّ عَلَيْكُمْ؛ فَأَكْمِلُوا عِدَّةَ شَعْبَانَ ثَلاثِينَ يَوْمًا».

अर्थः "यदि बादल लाग्यो भने, शाबानका ३० दिन पूरा गर।"[2]

**सौम (रोजा) को नियत:**

अन्य इबादतहरू जस्तै सौम (रोजा) पनि नियत बिना सही हुँदैन।

---

[1] यो हदीसलाई इमाम बुखारीले (१८१०) नम्बर र इमाम मुस्लिमले (१०८६) नम्बरमा वर्णन गरेका छन्।

[2] यसलाई इमाम बुखारीले हदीस नम्बर (१९०९) मा वर्णन गरेका छन्।

अनिवार्य रोजामा नियत गर्नुपर्ने समय अन्य प्रकारका उपवासभन्दा फरक हुन्छ र यसलाई निम्नानुसार व्याख्या गरिएको छ:

**पहिलो: फर्ज (अनिवार्य) रोजा;** जस्तै रमजानको रोजा वा कजा वा नज्र (भाकल) को रोजा, यसको नियत राति फज्र हुनुभन्दा पहिले गर्नु अनिवार्य छ। किनभने नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«مَن لَمْ يُبَيِّتْ الصِّيَامَ مِنَ اللَّيْلِ فَلَا صِيَامَ لَهُ».

अर्थः "जसले रातमा रोजाको नियत गर्दैन, उसको रोजा हुँदैन।"[1]

**दोस्रो: स्वैच्छिक (नफ्ल) रोजा;** जसको नियत दिनमा पनि गर्न सकिन्छ। तर उसले फजर भएपछि उपवास तोड्ने कुनै पनि कुरा खाएको नहोस्।

**रोजा (व्रत) भङ्ग गर्ने तत्वहरू:**

**पहिलो: जिमाअ (यौनसम्पर्क):** जसले यौनसम्पर्क गर्छ, उसको रोजा भङ्ग हुन्छ र उसले यौनसम्पर्क गरेको दिनको कजा गर्नुपर्छ। कजाको साथसाथै उनीमाथि प्रयाश्चित पनि वाजिब हुन्छ, त्यो: एउटा दास मुक्त गर्नु हो। यदि उसले भेट्टाएन भने, उसले लगातार दुई महिना उपवास बस्नुपर्छ। यदि कुनै शरई कारणले असमर्थ छ भने, उसले ६० जना गरिबहरूलाई खाना खुवाउनु पर्छ, प्रत्येक गरिबलाई देशमा प्रचलित खानाको आधा सा' दिनु पर्छ।

[1] यसलाई अहमदले (२६४५७) नम्बरमा वर्णन गरेका छन् र अबू दाऊदले पनि (२४५४) नम्बरमा र निसईले पनि (२३३१) नम्बरमा र यो शब्द यिनका हुन्।

**दोस्रो: चुम्बन, स्पर्श, हस्तमैथुन वा बारम्बार हेराइको कारणले वीर्य स्खलन (इन्जाल) भयो** भने उसले कजा मात्र गर्नुपर्छ, कफ्फारा (प्रायश्चित) पर्दैन; किनकि प्रायश्चित यौन सम्पर्कको लागि विशिष्ट छ। तर सुतिरहेको व्यक्तिलाई स्वप्नदोष भएर वीर्य स्खलन भयो भने केही फरक पर्दैन; किनभने यो उसको आफ्नो नियन्त्रणमा हुँदैन। उसले जनाबतको गुस्ल (अनिवार्य स्नान) गरे पुग्छ।

**तेस्रो: जानीजानी खानु र पिउनु,** किनभने अल्लाहले भन्नुभएको छ:

﴿وَكُلُوا۟ وَٱشْرَبُوا۟ حَتَّىٰ يَتَبَيَّنَ لَكُمُ ٱلْخَيْطُ ٱلْأَبْيَضُ مِنَ ٱلْخَيْطِ ٱلْأَسْوَدِ مِنَ ٱلْفَجْرِ ۖ ثُمَّ أَتِمُّوا۟ ٱلصِّيَامَ إِلَى ٱلَّيْلِ... ﴾

अर्थ: “बिहानको सेतो धर्को कालो धर्कोबाट स्पष्ट नहोउन्जेल खाँदै र पिउँदै गर। त्यसपछि साँझसम्म रोजा पूरा गर..।” (अल्-बकरह: १८७)

यदि कसैले बिर्सेर खायो वा पियो भने उसलाई कुनै दोष छैन। किनभने हदीसमा छ:

«مَن نَسِيَ وَهُوَ صَائِمٌ، فَأَكَلَ أَوْ شَرِبَ، فَلْيُتِمَّ صَوْمَهُ، فَإِنَّمَا أَطْعَمَهُ اللَّهُ وَسَقَاهُ».

अर्थः "जसले उपवास बसेको बेला बिर्सेर खायो वा पियो भने, उसले आफ्नो उपवास पूरा गरोस्, किनकि अल्लाहले उसलाई खुवाएको छ र पिलाएको छ।"[1]

[1] यो हदीसलाई इमाम बुखारीले (६६६९) नम्बर र इमाम मुस्लिमले (२७०९) नम्बरमा वर्णन गरेका छन्।

**चौथो: जानीजानी बान्ता गर्नु,** तर जो व्यक्तिलाई अनैच्छिक रूपमा बान्ता हुन्छ, उसको उपवासमा यसले कुनै असर गर्दैन। किनभने नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«مَنْ ذَرَعَهُ الْقَيْءُ فَلَيْسَ عَلَيْهِ قَضَاءٌ، وَمَنِ اسْتَقَاءَ عَمْدًا فَلْيَقْضِ».

अर्थः "जसलाई आफै वान्ता हुन्छ, उसले कजा गर्नु पर्दैन र जसले जानीजानी वान्ता गर्छ, उसले कजा गर्नुपर्छ।"[1]

**पाँचौं: शरीरबाट रगत निकाल्नु;** चाहे कपिङ (हिजामा) गरेर, फ्लेबोटोमी गरेर वा बिरामीलाई मद्दत गर्न रगत दान गरेर; यी सबैले व्रत तोड्छ। तर, परीक्षणको लागि थोरै रगत निकाल्नुले रोजालाई प्रभावित गर्दैन। त्यस्तै, आफ्नो इच्छाविपरीत रगत निस्कनु, जस्तै: नकसीर फुट्नु, घाउ लाग्नु वा दाँत उखेल्नु; यसले रोजालाई प्रभावित गर्दैन।

**रमजानमा जसलाई रोजा नराख्न अनुमति छ:**

**पहिलो प्रकार:** जसलाई रोजा रोजा नराख्न अनुमति छ तर उसले पछि अनिवार्य रूपमा कजा गर्नुपर्छ, तिनीहरू हुन्:

**पहिलो:** निको हुने आशा भएको रोग लागेको बिरामी, जसलाई रोजा बस्दा हानि पुग्छ वा कठिनाइ हुन्छ।

**दोस्रो:** यात्री; चाहे उसले यात्रामा कठिनाइ अनुभव गरोस् वा नगरोस्।

---

[1] यसलाई अबू दाऊदले (२३८०) नम्बरमा, तिर्मिजीले (७१९) नम्बरमा र इब्ने माजहले (६७६) नम्बरमा वर्णन गरेका छन्।

**यी दुवैको प्रमाण:** अल्लाहको यो कथन हो:

﴿...وَمَن كَانَ مَرِيضًا أَوْ عَلَىٰ سَفَرٍ فَعِدَّةٌ مِّنْ أَيَّامٍ أُخَرَ... ﴾

अर्थ: ".. जो बिरामी छ वा यात्रामा छ, उसले पछि त्यति दिनको कजा गर्नुपर्छ..।" (अल्-बकरह: १८५)

**तेस्रो:** गर्भवती वा स्तनपान गराउने महिलाहरू, यदि उपवास राख्न गाह्रो छ वा उनीहरू वा उनीहरूका बच्चाहरूको लागि हानिकारक छ भने उनीहरूलाई बिरामी व्यक्तिहरूको श्रेणीमा रा मानिन्छ र रोजा नराख्न अनुमति छ। तर तिनीहरूले अर्को समयमा उपवासको कजा गर्नुपर्छ।

**चौथो:** महिनावारी भएकी र सुत्केरी महिलाले आफ्नो व्रत नराख्न अनिवार्य छ। किनभने उनीहरूको रोजा मान्य हुँदैन र उनीहरूमाथि अन्य दिनहरूमा कजा गर्नु अनिवार्य छ।

**दोस्रो प्रकार:** जसलाई रोजा नराख्न अनुमति छ र उनीहरूले कजा गर्नु पर्दैन, बरू कफ्फारह (प्रायश्चित) अनिवार्य छ, उनीहरू हुन्:

**पहिलो:** यस्तो बिरामी जसलाई निको नहुने रोग लागेको छ।

**दोस्रो:** रोजा राख्न नसक्ने वृद्ध व्यक्ति।

यी मानिसहरूले रोजा छोड्छन् र रमजान महिनाको हरेक दिनको बदलामा एक गरिबलाई खाना खुवाउँछन्। तर यदि कुनै वृद्ध व्यक्ति वृद्धावस्थाले गर्दा आफ्नो मानसिक असन्तुलन अवस्थामा पुगेको छ भने उसबाट दायित्व हटाइन्छ; त्यसैले उसले आफ्नो रोजा तोड्न सक्छ र उसमाथि केही छैन।

**कजा गर्ने समय र त्यसलाई ढिलो गर्ने नियम:**

रमजानको कजा अर्को रमजान आउनु अघि गर्नुपर्छ। छिटो कजा गर्नु उत्तम हो। छुटेका व्रतहरू अर्को रमजान पछिसम्म ढिलाइ गर्न अनुमति छैन। आइशा (रजियल्लाहु अन्हा) ले वर्णन गरेका छन्, उनले भने:

«كَانَ يَكُونُ عَلَيَّ الصَّوْمُ مِنْ رَمَضَانَ، فَمَا أَسْتَطِيعُ أَنْ أَقْضِيَ إِلَّا فِي شَعْبَانَ لِمَكَانِ رَسُولِ اللهِ ﷺ».

अर्थ: "ममाथि रमजानको रोजाको कजा हुन्थ्यो, तर म रसूलुल्लाह (सल्लल्लाहु अलैहि वसल्लम) को उपस्थितिको कारणले शाबान महिनाभन्दा पहिले कजा गर्न सक्दिनथेँ।"[1]

**जसले छुटेका व्रतहरू अर्को रमजान पछिसम्म ढिलाइ गर्छ, उसको दुई अवस्थाहरू छन्:**

**१) कुनै वैधानिक कारणले ढिलाइ गर्छ,** जस्तै: उसको रोग अर्को रमजानसम्म रह्यो भने, उसले केवल यसको कजा गर्नुपर्छ।

**२) यदि उसले कुनै वैध बहाना बिना ढिलाइ गर्छ भने**, ऊ पापी ठहरिनेछ, उसले तौबा (पश्चाताप) गर्नु, कजा गर्नु र प्रत्येक दिनको बदलामा एक मिस्किनलाई खाना खुवाउनु पर्दछ।

[1] यो हदीसलाई इमाम बुखारीले (१८४९) नम्बर र इमाम मुस्लिमले (१८४६) नम्बरमा वर्णन गरेका छन्।

## कजा गर्नुपर्ने व्यक्तिको नफ्ली रोजा:

जसको जिम्मामा रमजानको कजा रोजा बाँकी छ, उसले नफ्ली रोजा राख्नुभन्दा पहिले त्यसलाई पूरा गर्नु उत्तम हुन्छ, तर यदि नफ्ल उपवासको समय छुटेर जाने खालको छ, (जस्तै अरफा र आशुराको उपवास) भने उसले कजा गर्नु भन्दा पहिले नफ्ल राख्नुपर्छ; किनभने कजामा समय लामो छ जबकि अरफा र आशुराको समय छुटेर जान्छ। तर, कजा पूरा नगरी शव्वालको ६ वटा रोजा राख्न पाइँदैन।

## निषेधित उपवासहरू:

१) ईदुल फित्र र ईदुल अजहाको दिन रोजा राख्न निषेध गरिएको छ।

२) जिलहिज्जा महिनाका तश्रीकका दिनहरूमा रोजा बस्नु। हजमा तमत्तो र किरान गर्ने व्यक्तिले हदी (कुर्बानी) नपाएमा उसले राख्न पाउँछ। तश्रीकका दिनहरू जिलहिज्जा महिनाका ११औं, १२औं र १३औं दिनहरू हुन्।

३) शंकाको लागि शंकाको दिन रोजा बस्नु र यो शाबान महिनाको तीसौं दिन हो। जुन बादल वा धुलोले गर्दा चन्द्रमा देख्न नसकिएमा राखिन्छ।

## कस्तो उपवास बस्नु नराम्रो हो?

क) रजब महिनालाई रोजाको लागि खास गर्नु।

ख) शुक्रबारको दिनलाई व्रतको लागि विशिष्ट गर्नु, किनभने यसो गर्न मनाही छ।

यदि त्यो दिन भन्दा एक दिन अघि वा एक दिन पछि रोजा राख्यो भने, मकरूह (नापसन्द) को स्थिति समाप्त हुन्छ।

**सुन्नत रोजाहरू:**

क) शौवाल महिनाका ६ दिन।

ख) धुल-हिज्जाको पहिलो नौ दिनको उपवास, जसमध्ये सबैभन्दा महत्त्वपूर्ण अराफाको दिन हो, हजयात्री बाहेक; हज गर्ने व्यक्तिको लागि यो रोजा राख्नु सुन्नत छैन र यसले दुई वर्षका पापहरूको प्रायश्चित गर्दछ।

ग) प्रत्येक महिनाको तीन दिन उपवास राख्नु र यो 'अय्यामे वीज'; १३, १४ र १५ औं दिनहरूमा बस्नु उत्तम हो।

घ) हरेक हप्ता सोमवार र बिहीवारको उपवास राख्नु, किनभने नबी (सल्लल्लाहु अलैहि व सल्लम) त्यसमा उपवास राख्नुहुन्थ्यो र ती दिनहरूमा सेवकहरूको कर्म प्रस्तुत गरिन्छ।

**नफ्ली उपवास:**

क) दाऊद (अलैहिस्सलाम) को उपवास, उनी एक दिन उपवास बस्थे र एक दिन उपवास बस्दैनथे।

ख) अल्लाहको महिना मुहर्रमको रोजा राख्नु, जुन रोजा राख्ने सबैभन्दा उत्तम महिना हो र यसमा सबैभन्दा महत्त्वपूर्ण रोजा आशूराको दिनको रोजा हो; यो मुहर्रमको दसौँ दिन हो र यसको साथमा नवौँ दिनको पनि रोजा बस्ने गरिन्छ; किनभने नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«لَئِنْ بَقِيتُ إِلَى قَابِلٍ لَأَصُومَنَّ التَّاسِعَ».

अर्थः "यदि म आगामी वर्षसम्म जीवित रहेँ भने, म अवश्य नै नवौँ तारिखको रोजा राख्नेछु।"[1]

यसले अघिल्लो एक वर्षका पापहरूलाई पखालि दिन्छ।

[1] (मुस्लिम: ११३४)।

## पाँचौं विषय: हज र उमरह

**हजको शाब्दिक अर्थ:** नियत।

**शरइ अर्थ:** विशेष अनुष्ठानहरू पूरा गर्नका लागि अल्लाहको पवित्र घर र पवित्र स्थलहरूको यात्रा गर्नु हो।

**उमरहको शाब्दिक अर्थ:** जियारत (भ्रमण) हो।

**शरइ अर्थ:** विशेष अनुष्ठानहरू पूरा गर्नका लागि कुनै पनि समयमा पवित्र घरको जियारत गर्नु हो।

हज इस्लामको एक महान स्तम्भ र आधार हो। यो हिजरीको नवौं वर्षमा फर्ज भएको थियो। नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले एउटा मात्र हज गर्नुभयो र त्यो 'हज्जतुल-वदाअ' (विदाई हज) हो।

सक्षम व्यक्तिले जीवनमा एक पटक हज गर्नु अनिवार्य हो र एक भन्दा बढी नफ्ली हो। अधिकांश विद्वानहरूको भनाइ अनुसार उमरह पनि वाजिब हो, यो कुरा नबी (सल्लल्लाहु अलैहि वसल्लम) को भनाइबाट प्रमाणित हुन्छ जब उनलाई सोधिएको थियो: "के महिलाहरूको लागि जिहाद अनिवार्य छ?" उहाँले भन्नुभयो:

«نَعَمْ، عَلَيْهِنَّ جِهَادٌ لَا قِتَالَ فِيهِ: الْحَجُّ وَالْعُمْرَةُ».

अर्थः “हो, महिलाहरूको लागि पनि जिहाद छ, जसमा लडाइँ छैन: हज र उमरह।”[1]

---

[1] अहमद (२५१९८), निसई (२६२७), इब्ने माजह (२९०१)।

**हज र उमरह अनिवार्य हुने सर्तहरू:**

१) इस्लाम।

२) समझदारी (बुद्धि)।

३) बुलूग (वयस्क अवस्था)।

४) स्वतन्त्रता।

५) इस्तिताअत (सामर्थ्य)।

महिलाको लागि छैठौं शर्त थप्छिन्; हजको यात्रा गर्न महरमको उपस्थिति। किनभने उनलाई महरम बिना हज वा अन्य कुनै उद्देश्यको लागि यात्रा गर्न अनुमति छैन। किनभने नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«لَا تُسَافِرُ الْمَرْأَةُ إِلَّا مَعَ ذِي مَحْرَمٍ، وَلَا يَدْخُلُ عَلَيْهَا رَجُلٌ إِلَّا وَمَعَهَا مَحْرَمٌ».

अर्थः "कुनै पनि महिलाले महरम बिना यात्रा गर्नु हुँदैन र कुनै पनि पुरुषले महिलासँग एक्लै बस्नु हुँदैन जबसम्म उनीसँग महरम उपस्थित हुँदैन।"[1]

**महिलाको महरम भनेको:** उसको पति वा त्यो व्यक्ति हो जससँग स्थायी रूपमा निकाह गर्नु निषेध गरिएको छ; नाताले, जस्तैः उसको भाइ, उसको बुवा, उसको काका, उसको भतिजा र उसको मामा अथवा कुनै जायज कारणले; जस्तै दूधेभाइ वा वैवाहिक सम्बन्धको कारणले; जस्तै उनको आमाको पति र उनको पतिको छोरा।

[1] बुखारी (१८६२), मुस्लिम (१३४१)।

**क्षमता:** शारीरिक र भौतिक क्षमता हो, जसको कारणले गर्दा ऊ सवारी चलाउन र यात्रा सहन सक्षम हुन्छ र आउन-जाउनका लागि पर्याप्त धन होस्। साथै, ऊ फर्केर नआउन्जेलसम्म आफ्ना सन्तान र आफ्नो घरपरिवारको लागि पर्याप्त कुरा होस्। तीर्थयात्रा मार्ग उसको र उसको सम्पत्तिको लागि सुरक्षित हुनुपर्छ।

जो व्यक्ति आर्थिक रूपमा सक्षम छ तर शारीरिक रूपमा असमर्थ छ, जस्तै बुढ्यौली वा निको नहुने दीर्घकालीन रोगबाट पीडित, उसले हज र उमराह गर्न अरु कसैलाई नियुक्त गर्नु वाजिब हो।

हज र उमरहमा अरूको तर्फबाट प्रतिनिधित्व गर्ने व्यक्तिमा दुईवटा शर्तहरू हुनुपर्छ:

१) हज गर्ने व्यक्ति मुस्लिम, वयस्क र विवेकशील हुनुपर्छ।

२) आफ्नो इस्लामको हज गरिसकेको हुनुपर्छ।

**एहराम लगाउने मीकातहरू:**

**मवाकीत:** मीकातको बहुबचन हो, यसको शाब्दिक अर्थ सीमा हो र शरीअतमा यो इबादतको स्थान वा त्यसको समय हो।

**हजको महिना र मीकातहरू:**

क) हजको लागि निश्चित महिनाहरू छन्, अल्लाहले भन्नुभएको छ:

﴿ٱلۡحَجُّ أَشۡهُرٞ مَّعۡلُومَٰتٞۚ فَمَن فَرَضَ فِيهِنَّ ٱلۡحَجَّ...﴾

अर्थ: “हज (तीर्थयात्रा) निश्चित महिनाहरूमा गरिन्छ। त्यसैले जसले ती महिनाहरूमा तीर्थयात्रा गर्छ..।” (अल् बकरह: १९७)

**यी महिनाहरू हुन्:** शौवाल, जुल-कअ्दा र जिलहिज्जाका दश दिन।

ख) मीकातहरू: यी ती सिमानाहरू हुन्, जसलाई हजयात्रीले एहराम नबाँधीकन मक्कातिर पार गर्नु जायज छैन। ती यस प्रकार छन्:

१) जुल्-हुलैफह: मदीनाबासीको मीकात हो।

२) जुहफा: शाम, मिश्र र मुरक्को का बासिन्दाहरूको मीकात हो।

३) करनुल मनाजिल: यसलाई अहिले सैल भनिन्छ; यो नज्दबासीहरूको मीकात हो।

४) जाते-इर्क: इराकबासी र यो बाटो भएर आउने तीर्थयात्रीहरूको मीकात हो।

५) यलमलम: यमनबासीहरूको मिकात हो।

जो व्यक्ति मीकात भित्र बसोबास गर्छ, उसले हज र उमरहको लागि आफ्नो घरबाटै एहराम बाँध्नुपर्छ। मक्काका बासिन्दाहरूले मक्काबाटै एहराम बाँध्नुपर्छ र एहरामका लागि मीकातमा जानु आवश्यक पर्दैन। तर उमरहका लागि, उनीहरूले सबैभन्दा नजिकको हिल्लमा गएर एहराम बाँध्नुपर्छ।

हज वा उमरा गर्न चाहने व्यक्तिले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले तोकेका मीकातहरूबाट एहरामको अवस्थामा प्रवेश गर्नुपर्छ, जुन पहिले व्याख्या भैसकेको छ।

हज वा उमरा गर्न चाहने व्यक्तिले बिना एहराम त्यसलाई पार गर्नु जायज छैन।

मीकातको बासिन्दा नभए पनि यो बाटो भएर आउने प्रत्येक तीर्थयात्रीहरूले त्यहाँबाट एहराम बाँध्नु पर्छ।

जो कोही जमिन, समुद्र वा हवाई मार्ग भएर मक्काको यात्रा गर्दैछ र माथि उल्लेखित कुनै पनि मिकातहरूबाट गुज्रँदैन भने, उसले नजिकको मिकातबाट एहराम बाँध्नु पर्छ। किनकि उमर बिन खत्ताब (रजियल्लाहु अन्हु) ले भन्नुभएको छ: "आफ्नो बाटोमा वरपरका (मीकत) हेर्नु।"[1]

हज वा उमराहको अनुष्ठान गर्न हवाईजहाजबाट यात्रा गर्ने व्यक्तिले बाटोमा मिकातबाट विमान गुज्रियो भने एहराम गर्नुपर्छ। विमानस्थलमा अवतरण नभएसम्म एहरामलाई ढिलाइ गर्न अनुमति छैन।

**एहराम:**

हज वा उमरहमा प्रवेश गर्ने नियत हो। हजको समयमा: हजमा प्रवेश गर्ने नियत हो र उमरहको समयमा, उमरह गर्ने नियत हो। हज वा उमरहमा प्रवेश गर्ने नियत नगरेसम्म उसले एहराम बाँधेको हुँदैन। नियत बिना एहरामको लुगा लगाउनु मात्र एहराम हुँदैन।

**एहरामको समयमा मुस्तहब कार्यहरू:**

१) सम्पूर्ण शरीरमा पानी हलेर नुहाउनु।

२) पुरुषले शरीरमा सुगन्ध लगाउनु, एहरामको लुगामा होइन।

३) सेतो इजार र रिदा तथा चप्पलमा एहराम बाँध्नु।

४) सवारीमा हुँदा किब्लातर्फ फर्केर एहराम बाँध्नु।

[1] यसलाई इमाम बुखारीले (१५३१) नम्बरमा वर्णन गरेका छन्।

**हजका किसिमहरू:**

मोहरिमलाई हजका तीन किसिमहरूमध्ये एउटा रोज्न अधिकार दिइएको छ, ती हुन्:

१) तमत्तो; हजका महिनाहरूमा उमरहको लागि एहराम बाँध्ने र त्यसलाई पूरा गर्ने, अनि सोही वर्ष हजको लागि एहराम बाँध्ने।

२) इफराद; जसमा मीकातबाट केवल हजको लागि एहराम बाँधिन्छ र हजका कार्यहरू पूरा नभएसम्म एहरामको अवस्थामै रहनुपर्छ।

३) किरान: यस विधिमा हज र उमरह दुवैको लागि एकैसाथ एहराम बाँधिन्छ। यसमा मीकातबाटै दुवैको नियत गरिन्छ, अथवा पहिले उमरहको नियत गरेर त्यसको तवाफ सुरु गर्नुभन्दा अगाडि हजको नियत पनि थपिन्छ। त्यसपछि दुवैको लागि एउटै तवाफ र सई गरिन्छ।

हज तमत्तोअ र किरान गर्नेले फिदया (जरिवाना) दिनुपर्छ, यदि ऊ मस्जिदे हरामको निवासी होइन भने।

यी तीन प्रकारका हजहरूमध्ये सबैभन्दा उत्तम (अफजल) तमत्तो हो, किनभने नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्ना सहाबाहरूलाई यो गर्न आदेश दिनुभएको थियो। त्यसपछि किरान हो, किनभने यसमा हज र उमरह दुवै हुन्छ र त्यसपछि इफराद हो।[1]

ग) यदि उसले यीमध्ये कुनै एक हजको लागि एहराममा प्रवेश गर्छ भने,

---

[1] मुस्लिम (१२११)।

उसले तलबियाह पढ्नुपर्छ र भन्नुपर्छ:

«لَبَّيْكَ اللَّهُمَّ لَبَّيْكَ، لَبَّيْكَ لَا شَرِيكَ لَكَ لَبَّيْكَ، إِنَّ الْحَمْدَ وَالنِّعْمَةَ لَكَ وَالْمُلْكَ لَا شَرِيكَ لَكَ».

"लब्बैक अल्लाहुम्म लब्बैक, लब्बैक लाशरीक लक लब्बैक, इन्नल् हम्द वन्नेअ्मत लक वल् मुल्क, लाशरीक लक।"

अर्थ: हे अल्लाह, म तिम्रै निम्ति हाजिर छु, तिम्रो कोही साझेदार छैन। सम्पूर्ण प्रकारको प्रशंसा, वरदान र राज्य सबै तिम्रै हो। वास्तवमा, तिम्रो कोही साझेदार छैन।[1]

यो सुन्नत हो र यसलाई बारम्बार पढ्नु मुस्तहब हो। पुरुषहरूले ठूलो स्वरमा र महिलाहरूले सानो स्वरमा भन्नु।

**यसको समय:** एहरामको अवस्थामा प्रवेश गरेपछि सुरु हुन्छ र यसको अन्तिमसमय यस प्रकार छ:

पहिलो: उमरह गर्ने व्यक्तिले तवाफ सुरु गर्नुअघि यसलाई बन्द गर्नु।

दोस्रो: हाजीले ईदको दिन जमरात-उल-अकबामा रमी गर्न थालेपछि बन्द गर्छ।

[1] यसलाई इमाम बुखारीले हदीस नम्बर (१५४९) मा वर्णन गरेका छन्।

**एहरामको अवस्थामा निषेधित कार्यहरू:**

**पहिलो निषेध:** आफ्नो शरीरको कुनै पनि भागबाट रौं खौरनु, काट्नु वा उखेल्नु।

**दोस्रो निषेध:** वैध कारण बिना हात वा खुट्टाको नङ काट्नु। यदि नङ स्वत: भाँचियो र उसले त्यसलाई निकाल्यो भने, कुनै फिद्या दिनु पर्दैन।

**तेस्रो निषेध:** पुरुषले कुनै वस्तुले टाउको छोप्नु, जस्तै टोपी वा स्कार्फ लगाउनु।

**चौथो निषेध:** पुरुषले आफ्नो शरीर वा त्यसको कुनै भागमा सिलाएको शर्ट, पगडी वा पाइन्ट लगाउनु।

सिलाइएको अभिप्राय: शारीरिक आकारमा सिलाइएको वस्तु हो, जस्तै मोजा, पंजा र शर्ट।

महिलाले एहरामको अवस्थामा शरीर ढाक्न आफूलाई चाहिने जस्तोसुकै लुगा लगाउन सक्छिन्, तर उनले बुर्का लगाउनु हुँदैन र पर-पुरूषहरू अगाडि पर्दा शल वा अन्य लुगाले आफ्नो अनुहार छोप्नुपर्छ।

त्यसैगरी महिलाले आफ्नो हातमा पन्जा लगाउनु हुँदैन।

**पाँचौं निषेध:** अत्तर दल्नु, किनकि मोहरिमले विलासिता, सांसारिक आनन्द र सुखविलासबाट टाढा रही परलोक तिर ध्यान केन्द्रित गर्नुपर्दछ।

**छैठौं निषेध:** शिकार गर्नु, मोहरिमले जनावरको शिकार गर्नु,

शिकारीलाई कुनैपनि तरीकाले सहयोग पुर्याउनु वा त्यसलाई जबह गर्नु हुँदैन।

मुहरिमले आफैले शिकार गरेको वा उसको लागि शिकार गरिएको वा शिकारमा सहयोग पुऱ्याएको जनावरको मासु खानु हराम छ, किनभने यो उसको लागि मृत जनावर सरह हो।

तर मुहरिमले समुद्री जनावरको शिकार गर्न र कुखुरा, भेडाबाख्रा जस्ता पालुवा जनावरहरूलाई जबह गर्न जायज छ; किनभने यो शिकार होइन।

**सातौं निषेध:** आफ्नो लागि वा अरूको लागि विवाह गर्नु वा साक्षी हुनु।

**आठौं निषेध:** यौनसम्पर्क; यदि कसैले पहिलो तहल्लुलभन्दा पहिले यौनसम्पर्क गर्छ भने उसको हज अमान्य हुन्छ, उसले आफ्नो हजका बाँकी कार्यहरू पूरा गर्नुपर्छ र अर्को वर्ष त्यसको कजा गर्नुपर्छ र उसले ऊँटको बलिदान दिनुपर्छ।

यदि पहिलो ताहल्लुल पछि भएको हो भने, उनको हज अमान्य हुँदैन र उनले दम दिनुपर्छ।

यदि महिला यसमा राजी छिन् भने उनी पुरुष जस्तै हुन्।

**नवौं निषेध:** गुप्ताङ्ग बाहेक प्रत्यक्ष यौन आनन्द लिनु: मुहरिमले महिलालाई प्रत्यक्ष छुनु अनुमति छैन, किनभने यो वर्जित सम्भोगको माध्यम हो, प्रत्यक्ष छुनु भन्नाले कामवासनाका साथ महिलालाई यताउता स्पर्श गर्नु हो।

**उमरहः**

**क) उमरहका अर्कानहरू:**

१) एहराम।

२) तवाफ (परिक्रमा) गर्नु।

३) सई गर्नु।

**ख) उमरहका वाजिबातहरू:**

१) निर्धारित मीकातबाट एहराम बाँध्नु।

६) कपाल खौरनु वा छोटो पार्नु।

**ग) उमरहको तरिका:**

उमरह गर्ने व्यक्तिले सबैभन्दा पहिले ७ चक्कर तवाफ गर्छ, जुन हज्र अल-अस्वदबाट सुरु भएर त्यहीँ समाप्त हुन्छ। तवाफ गर्दा, धार्मिक शुद्धताको अवस्थामा हुनुपर्छ र नाभिदेखि घुँडासम्म आफ्नो गुप्तांग ढाकेको हुनुपर्छ।

सम्पूर्ण तवाफमा इजतिबा गर्नु सुन्नत हो; जसमा दाहिने काँधलाई खुला राखिन्छ र चादरलाई दाहिने काँधमुनिबाट लगेर त्यसका दुवै छेउलाई देब्रे काँधमाथि राखिन्छ। सातौं चक्कर पूरा गरेपछि आफ्नो चादरले दुवै काँध छोप्नुपर्छ।

हज्र अस्वदको सामुन्ने उभिएर, यदि सम्भव छ भने चुम्नु, नभए दाहिने हातले छोएर आफ्नो हात चुम्नु।

यदि उसले हज्र अल-असवदलाई छुन असमर्थ छ भने, आफ्नो दाहिने हात उठाएर त्यसतर्फ इसारा गर्दै एक पटक "الله أكبر" (अल्लाहु अक्बर) भन्नु पर्दछ र आफ्नो हात चुम्नु हुँदैन र त्यहाँ रोकिनु पनि हुँदैन। त्यसपछि कअ्बालाई आफ्नो देब्रेतिर राखेर तवाफ गर्न अगाडि बढ्नुपर्छ र पहिलो तीन चक्करहरूमा रमल गर्नु सुन्नत हो।

**रमल** भनेको कदमलाई नजिक राखेर छिटो हिँड्नु हो।

**रुकने यमानी;** (काबाको चौथो कुना) बाट गुज्रिँदा, उसले "अल्लाहु अकबर" नभनी वा चुम्बन नगरी दाहिने हातले छुन सक्छ।

यदि छुन सम्भव छैन भने, इसारा नगरी र तकबीर नभनी अगाडि बढ्नु पर्दछ। रुकने यमानी र हज्र अल-असव बीचमा पढिने दुआ:

﴿...رَبَّنَآ ءَاتِنَا فِي ٱلدُّنۡيَا حَسَنَةٗ وَفِي ٱلۡأٓخِرَةِ حَسَنَةٗ وَقِنَا عَذَابَ ٱلنَّارِ﴾

"रब्बना आतिना फिद्-दुनिया हस-नतन् व फिल्-आखिरति हस-नतन् व किना अजाबन्-नार।"

अर्थ: " हे हाम्रा पालनकर्ता! हामीलाई यस संसारमा पुण्य प्रदान गर्नुहोस् र आखिरतमा पनि पुण्य प्रदान गर्नुहोस् र नर्कको यातनाबाट बचाउनुहोस्।" (अल्-बकरह: २०१)

तवाफ पूरा गरिसकेपछि; मकामे इब्राहीम पछाडि सम्भव भए दुई रकअत नमाज पढ्नु, नभए मस्जिद हराममा जहाँ पढे पनि हुन्छ,पहिलो रकअतमा सूरह फातिहा पछि सूरह अल-काफिरून पढ्नु सुन्नत हो र दोस्रो रकअतमा सूरह फातिहा पछि सूरह अल्-इख्लास पढ्नु सुन्नत हो।

त्यसपछि साई क्षेत्रमा गेर सफा र मारवा बीचमा सात पटक सई (हिँड्नु) पर्छ; सफादेखि मरवा जानु एक फेरो (चक्कर) हो र मरवाबाट फर्कनु अर्को फेरो हो।

सफाबाट सई आरम्भ हुन्छ, त्यसैले त्यसमाथि चढ्नु वा त्यसको नजिक उभिनु पर्छ र यदि सहज भए सफामाथि चढ्नु उत्तम हो। सफामा अल्लाहको यो कथन पढिन्छ:

﴿إِنَّ ٱلصَّفَا وَٱلْمَرْوَةَ مِن شَعَآئِرِ ٱللَّهِ... ﴾

"इन्नस्-सफा वल्-मर्वत मिन् श-आइरिल्लाह....।"

अर्थ: "निःसन्देह, सफा र मर्वा (पर्वत) अल्लाहका निशानीहरूमध्ये हुन्।" (अल्-बकरह: १५८)

किब्लातर्फ फर्किएर अल्लाहको प्रशंसा गर्नु, "अल्लाहु अकबर" भन्नु र यसरी भन्नु मुस्तहब हो:

«لَا إِلٰهَ إِلَّا اللَّهُ، وَاللَّهُ أَكْبَرُ، لَا إِلٰهَ إِلَّا اللَّهُ وَحْدَهُ لَا شَرِيكَ لَهُ، لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ، يُحْيِي وَيُمِيتُ، وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيرٌ، لَا إِلٰهَ إِلَّا اللَّهُ وَحْدَهُ، أَنْجَزَ وَعْدَهُ، وَنَصَرَ عَبْدَهُ، وَهَزَمَ الْأَحْزَابَ وَحْدَهُ».

"ला इलाह इल्लल्लाहु वहदहू ला शरीक लह, लहुल्मुल्कु व लहुल् हम्दु व हुव अला कुल्लि शैइन कदीर, ला इलाह इल्लल्लाहु वहदह, अन्ज ज वाअ्दह, व न स र अब्दह, व ह ज मल् अह्जाब वहदह।"

अर्थ: अल्लाह बाहेक कोही सत्य पूज्य छैन, उहाँको कोही साझेदार छैन।

सम्पूर्ण राज्यहरू उहाँकै हुन्। सम्पूर्ण प्रशंसाहरू उहाँकै लागि हुन्। उहाँ हरेक कार्यमाथि सामर्थ्य हुनुहुन्छ। अल्लाह बाहेक कोही सत्य पूज्य छैन, उहाँ एक्लै हुनुहुन्छ। उहाँले आफ्नो वाचा पुरा गर्नुभयो। आफ्नो भक्तको मद्दत गर्नुभयो र एक्लै सम्पूर्ण फौज र जमातहरूलाई पराजित गर्नुभयो। [1]

त्यसपछि हात उठाएर दुआ गर्ने र यो जिक्र र दुआलाई तीन पटक दोहोर्याउने। त्यसपछि मरवा तर्फ हिँड्नुपर्छ र दुवै हरियो बत्तीको बीचमा पुरुषले तीव्र गतिमा दौडनुपर्छ। महिलाहरूले दुवै हरियो बत्तीको बीचमा दौड्नु उचित छैन, किनभने तिनीहरूलाई पर्दाको पालना गर्नुपर्छ, बरु उनीहरूले सम्पूर्ण सई (सफा र मारवा) मा हिंड्नु उचित छ।

त्यसपछि हिँडेर मरवामा चढ्नुपर्छ वा त्यहाँ उभिनुपर्छ र यदि सहज भएमा त्यसमाथि चढ्नु उत्तम हुन्छ।

मरवामा पनि सफामा जस्तै भन्नु र गर्नु पर्ने हुन्छ, तर सफामा पढेको आयत पढ्नु हुँदैन, जुन अल्लाहको भनाइ हो:

﴿إِنَّ ٱلصَّفَا وَٱلۡمَرۡوَةَ مِن شَعَآئِرِ ٱللَّهِۖ...﴾

“इन्नस्-सफा वल्-मर्वत मिन् श-आइरिल्लाह....।”

अर्थ: “निःसन्देह, सफा र मर्वा (पर्वत) अल्लाहका निशानीहरूमध्ये हुन्।”

- पहिलो चरणमा सफामा चढ्दा मात्र यो पढ्न निर्धारित गरिन्छ।
- त्यसपछि, हिंड्ने ठाउँमा हिँड्नुपर्छ र दौडिने ठाउँमा दौडिनु

[1] यसलाई इमाम मुस्लिमले हदीस नं. (१२१८) मा वर्णन गरेका छन्।

पर्छ।

- जबसम्म ऊ सफामा पुग्दैन, यसो सात पटक गरिन्छ, जानु एक चक्कर र फर्कनु अर्को चक्कर हो।
- सई गर्ने क्रममा आफूलाई सहज हुने जिक्र र दुआ धेरै गर्नु उचित मानिन्छ।
- सानो र ठूलो अपवित्रताबाट शुद्ध हुनुपर्छ, तर अपवित्र अवस्थामा सई गरे तापनि त्यो मान्य हुन्छ।
- यसैगरी, यदि कुनै महिलालाई तवाफपछि महिनावारी वा सुत्केरीको रक्तस्राव (निफास) हुन्छ भने, उनले सई गर्न सक्छिन् र त्यो उनको लागि मान्य हुनेछ; किनभने सईको लागि शुद्धता अनिवार्य छैन, बरु यो केवल मुस्तहब हो।
- जब उसले सई सम्पन्न गर्छ; उसले आफ्नो कपाल खौरन्छ वा कपाल छोटो पार्छ र पुरुषको लागि खौरनु उत्तम हो।
- यसरी उनले उमरहको अनुष्ठान पूरा गरेका छन्।

## हज:

**क) हजका अर्कानहरु:**

१) एहराम।

२) अरफातमा बस्नु।

३) तवाफे इफाजा गर्नु।

४) सई गर्नु।

**ख) हजका वाजिबातहरू:**

१) मीकात बाट एहराम बाँध्नु।

२) नवौं जिल्-हिज्जाको दिन अरफातमा सूर्यास्तसम्म बस्नु।

३) जिल्-हिज्जाको दशौं रात मध्यरातसम्म मुज्दलिफामा रात बिताउनु।

४) अय्यामे तशरीकका रातहरूमा मिनामा रात बिताउनु।

५) जमरातलाई रमी गर्नु।

६) कपाल खौरनु वा छोटो पार्नु।

७) अल-विदाइ तवाफ गर्नु।

### ग) हज गर्ने तरिका:

यदि कुनै मुस्लिम मिकातमा पुग्छ र समय कम छ भने, उसले इफराद हजको लागि तल्बिया पढ्नुपर्छ। मक्का पुगेपछि तवाफ र सई गर्नुपर्छ। नवौं दिन (अरफातको दिन) अरफात प्रस्थान नगरेसम्म एहरामको अवस्थामै रहनुपर्छ र सूर्यास्त नभएसम्म त्यहाँ बस्नुपर्छ।

त्यसपछि तल्बिया पढ्दै मुज्दलिफा तर्फ प्रस्थान गर्नुपर्छ र फज्रको नमाज नपढुन्जेलसम्म त्यहाँ बस्नु पर्छ। अनि बिहान पूर्ण रूपमा उज्यालो नहुन्जेलसम्म अल्लाहको जिक्र, तल्बिया र दुआ गर्नु पर्छ।

उज्यालो भएपछि सूर्योदय हुनुभन्दा अगाडि मिनाको लागि प्रस्थान गर्नु पर्छ, जमरात अल-अकाबामा सातवटा ढुङ्गा हान्नुपर्छ, त्यसपछि आफ्नो कपाल खौरनु वा काट्नु पर्छ, खौरनु राम्रो हुन्छ।

त्यसपछि तवाफ इफाजा गर्नु पर्छ र पहिलो गरेको सई नै पर्याप्त हुन्छ। यससँगै उसको हज सम्पन्न हुन्छ र पूर्ण रुपमा हलाल हुन्छ।

यदि ऊ चाँडै फर्कन चाहन्छ भने, उसले ११औं र १२औं दिन जमरातमा ढुङ्गा हान्नुपर्छ; उसले तीनवटै जमरातलाई सात-सातवटा ढुङ्गाले एक एक गरेर हान्नुपर्छ र प्रत्येक ढुङ्गा हान्दा 'अल्लाहु अकबर' भन्नुपर्छ। उसले अल-खैफ मस्जिदको छेउमा रहेको सबैभन्दा सानो जमरातबाट सुरु गर्छ, त्यसपछि बीचको जमरातबाट, त्यसपछि जमरात अल-अकाबाबाट, जुन अन्तिम हो। उसले प्रत्येक जमरातमा सातवटा ढुङ्गा हान्नुपर्छ। यदि कसैले बाह्रौं दिनपछि पनि बस्न चाहन्छ भने, उसले तेह्रौं दिनमा पनि एघारौं र बाह्रौं दिनमा जस्तै ढुङ्गा हान्नुपर्छ।

**रमीको समय:** तीनवटै दिनहरूमा जवाल (जुहर) पछि हो।

यदि कसैले बाह्रौं दिन सूर्यास्त हुनुभन्दा अगाडि प्रस्थान गर्छ भने, त्यसमा कुनै हानि छैन। तर यदि ऊ तेह्रौं दिन दिउँसो सूर्य ढलेपछि पछि ढुङ्गा हान्ने बेलासम्म बस्यो भने, यो राम्रो हो, किनभने अल्लाहले भन्नुभएको छ:

﴿...فَمَن تَعَجَّلَ فِي يَوۡمَيۡنِ فَلَآ إِثۡمَ عَلَيۡهِ وَمَن تَأَخَّرَ فَلَآ إِثۡمَ عَلَيۡهِۖ لِمَنِ ٱتَّقَىٰۗ...﴾

अर्थ: "यदि कसैले छिटो गर्छ र दुई दिनमै प्रस्थान गर्छ भने उसलाई कुनै पाप छैन र जसले ढिलाइ गर्छ उसलाई कुनै पाप छैन, यो उसको लागि जो अल्लाहसँग डराउँछ...।" (अल्-बकरह: २०३)

अनि यात्रा गर्नु भन्दा पहिले काबाको सात चक्कर बिदाईको तवाफ गर्नुपर्दछ, यसमा सई गर्नु पर्दैन। यदि हाजीले हदी (कुर्बानी) को जनावर साथमा ल्याएको छैन भने, उसको लागि हज तमत्तो गर्नु सबैभन्दा उत्तम हो।

यसमा पहिले उमरहको नियत गर्नु र उमरहबाट हलाल भएपछि आठौं दिन हजको एहराम बाँधेर हजका कार्यहरू सम्पन्न गर्नु।

यदि उसले हज र उमरह दुवैको लागि एकैसाथ एहराम बाँध्छ भने, त्यसमा पनि कुनै आपत्ति छैन। यसलाई किरान भनिन्छ, जसमा उमरह र हजको लागि एकैसाथ एहराम बाँधिन्छ र दुवैको लागि एउटै तवाफ र सई गरिन्छ।

# तेस्रो *अध्याय*

## लेनदेनको सम्बन्धमा

विद्वानहरूले प्रत्येक व्यक्तिले सिक्नु पर्ने अनिवार्य ज्ञानलाई स्पष्ट पार्नुभएको छ। प्रत्येक मुस्लिमले व्यक्तिगत रूपमा अनिवार्य (फर्ज ऐन) सिक्नुपर्ने ज्ञानको मात्राको बारेमा चर्चा गरेका छन् र त्यसमध्ये व्यवसायीहरुका लागि 'किनबेच को प्रावधान' सिक्नु पर्ने उल्लेख गरेका छन्। ताकि ऊ अन्जानमा निषेधित कुरा वा ब्याजमा फस्न नपरोस्। केही सहाबा (रजियल्लाहु अन्हुम) हरूबाट यसलाई समर्थन गर्ने कुरा वर्णित छ।

उमर बिन खत्ताब (रजियल्लाहु अन्हु) ले भनेः "हाम्रो बजारमा दीनको बारेमा ज्ञान हासिल गरेको व्यक्ति बाहेक अरु कसैले बिक्री नगरोस्।"[1]

अली बिन अबू तालिब (रजियल्लाहु अन्हु) ले भनेका छन्: "जसले दीनको समझ हासिल नगरी व्यापार गर्छ, ऊ रिबा (ब्याज) मा डुब्छ, फेरि डुब्छ र फेरि डुब्छ। अर्थात्, ऊ रिबामा फस्छ।"[2]

इब्ने आबिदीनले अल्लामीको हवाला दिँदै भनेका छन्: "धर्म र मार्गदर्शनको ज्ञान सिकेपछि प्रत्येक जिम्मेवार पुरुष र महिलाको लागि वुजू, गुस्ल, नमाज र रोजाको ज्ञान र निसाब पुगेकाहरूका लागि जकातको ज्ञान; हज अनिवार्य भएको व्यक्तिको लागि हजको ज्ञान र

---

[1] तिर्मिजी (४८७) र भने: 'हसन गरीब' र अल्बानीले हसन भनेका छन्।

[2] हेर्नुहोस्: मुग्नी अल्-मुहताज (२/२२)।

व्यापारीहरूका लागि व्यापार-व्यवसायको ज्ञान सिक्नु अनिवार्य छ, ताकि तिनीहरू सबै लेनदेनमा शंका र मन नपर्ने कुराहरूबाट बच्न सकून्। त्यसैगरी पेशाकर्मीहरू र कुनै पेशामा संलग्न व्यक्तिहरुले यसको ज्ञान र नियम जान्न अनिवार्य छ ताकि निषेधित कुराहरूबाट बच्न सकोस्"।[1]

इमाम नववी (रहेमहल्लाह) ले भन्नुभएको छः खरिद विक्री, विवाह र यस्तै अन्य कुराहरू जुन मूलतः अनिवार्य छैनन्, तैपनि त्यसको जानकारी प्राप्त नगरुन्जेल त्यसमा अगाडी बढ्न निषेध गरिएको छ।[2]

**इस्लामिक शरियतद्वारा स्थापित आर्थिक लेनदेनसँग सम्बन्धित केही नियमहरू यस प्रकार छन्:**

१) विशुद्ध वा प्रमुख हित भएका सबै कुरा जायज हुन्; जस्तै वैध वस्तुहरूको खरिद-बिक्री, इजारा (भाडामा दिने) र शुफ्आ (साझेदारको हिस्सा फिर्ता गर्ने अधिकार) ।[3]

२) मानिसहरूको अधिकारहरूलाई सुनिश्चित र संरक्षण गर्ने सबै कुराको वैधता; जस्तै धितो र साक्षी राख्नु।

३) करार गर्ने दुवै पक्षको हितमा हुने सबै कुराको वैधता; जस्तै खारेजी, विकल्प र किनबेच गर्दा राखिने शर्तहरू।

---

[1] हाशियह इब्न आबिदीन (१/४२) ।

[2] हेर्नुहोस्ः अल्-मजमूअ (१/५०) ।

[3] अश्शुफ्अहः साझेदारलाई आफ्नो साझेदारको हिस्सा जसलाई आर्थिक क्षतिपूर्तिको बदलामा हस्तान्तरण गरिएको थियो, त्यसबाट खोस्ने अधिकार हुन्छ।

४) मानिसहरूलाई दमन गर्ने र अन्यायपूर्ण रूपमा उनीहरूको पैसा खाने सबै कुरा निषेध गर्ने; जस्तै ब्याज, डकैती र एकलअधिकार।

५) भलाइको काममा सहयोग हुने हरेक कार्यको वैधता; जस्तैः ऋण, सापटी र नासो।

६) बिना काम र बिना परिश्रम उपभोग गर्ने सबै कुरालाई निषेध गर्ने; जस्तै जुवा र ब्याज।

७) अज्ञानता र अनिश्चितता व्याप्त हुने हरेक लेनदेनलाई निषेध गर्ने; जस्तै कुनै व्यक्तिले आफ्नो स्वामित्वमा नभएको कुरा बेच्ने र अज्ञात कुरा बेच्ने।

८) निषेधित काम गर्न चाल चल्ने सबै कुरालाई निषेध गर्ने, जस्तै 'इनह' को बिक्री।[1]

९) अल्लाहको आज्ञापालनबाट विचलित गर्ने कुरालाई निषेध गर्नु; जस्तै जुम्माको दोस्रो अजान पछि किनबेच गर्नु।

१०) हानिकारक वस्तु वा मुस्लिमहरूबीच शत्रुता निम्त्याउने प्रत्येक कुरालाई निषेध गर्नु; जस्तै हराम वस्तुहरू बेच्ने र आफ्नो भाइको खरिद-बिक्रीमाथि खरिद-बिक्री गर्ने।

कुनै मुस्लिमलाई कुनै विषयको नियमबारे समस्या पर्दा, उसले

---

[1] ईनाको किनबेचः कुनै व्यक्तिले अर्को व्यक्तिलाई उधारो केही बेच्छ र उसलाई त्यो दिन्छ, त्यसपछि उसले त्यो मूल्यभन्दा कम नगदमा पैसा पाउनु अघि किन्छ।

विद्वानहरूलाई सोध्छ र त्यसमा शरिअतको नियम थाहा नभएसम्म कुनै कदम चाल्दैन।

अल्लाहले भन्नुभएको छः

﴿...فَاسْأَلُوا أَهْلَ الذِّكْرِ إِنْ كُنْتُمْ لَا تَعْلَمُونَ﴾

अर्थ: "यदि तिमीहरूलाई थाहा छैन भने ज्ञानीहरूसँग सोध।" (अन्-नहल: ४३)

हामीले संकलन गर्न सकेको कुरा यति हो, हामीलाई लाभदायक ज्ञान र धर्मकर्महरू प्रदान गर्ने अल्लाह नै हुनुहुन्छ। वास्तवमा, उहाँ उदार र दयालु हुनुहुन्छ।

अल्लाहको दया र प्रशस्त शान्ति अवतरित होस् हाम्रो नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि।

***

# विषय सूची


प्रस्तावना........................................................2

**पहिलो अध्याय: अकीदाको बारेमा ..............................3**

**पहिलो विषय: इस्लामको अर्थ र स्तम्भहरू: ....................3**

तौहीद (एकेश्वरवाद) को महत्त्व: .........................................4

'लाइलाहा इल्लल्लाहको गवाही' को अर्थः............................5

'ला इलाह इल्लल्लाह' का शर्तहरू:....................................6

मुहम्मद अल्लाहका सन्देष्टा हुनुहुन्छ भन्ने गवाहीको अर्थ:.........8

**दोस्रो विषय: इमानको अर्थ र आधारहरू: .....................10**

१) अल्लाहमाथि ईमान ................................................11

१. उहाँको रूबूबियतमाथि ईमान: .....................................11

२. उहाँको उलूहियत (ईश्वरत्व) माथि ईमान:.........................13

३. उहाँको अस्मा व सिफातमाथि ईमान: .............................16

२) फरिश्ताहरू माथि ईमान ल्याउनु: ................................24

३) किताबहरूमाथि इमान: ..............................................25

४) रसूल (सन्देष्टा) हरूमाथि ईमान:....................................26

५) अन्तिम दिनमाथि ईमान:...............................................28

क) पुनः जीवित हुनुमाथि ईमान: ........................................28

ख) कर्मको हिसाब-किताब र प्रतिफलमाथि ईमान:...............28

ग) स्वर्ग र नर्कमाथि ईमान: ..............................................29

६) राम्रो र नराम्रो भाग्यमाथि ईमान:....................................29

**तेस्रो विषय: एहसान:....................................................32**

**चौथो विषयः अहले सुन्नत वल् जमाअतका आधारभूत सिद्धान्तहरूको संक्षिप्त परिचय: ...................................33**

**दोस्रो अध्याय उपासनाको बारेमा.................................34**

**पहिलो विषय: तहारत (पवित्रता): ................................34**

पहिलो: पानीका प्रकारहरू: ..............................................34

दोस्रो: नजासत (अशुद्धता): ..............................................35

तेस्रोः नापाक (अशुद्ध) व्यक्तिले गर्न नहुने कार्यहरूः...............38

चौथो: दिसापिसाब गर्ने शिष्टाचारहरू: ................................40

पाचौं: इस्तिन्जा र इस्तिन्जमार सम्बन्धी नियमहरू:................41

छैठौं: वुजूका विधानहरू: ...............................................42

सातौं: खुफ्फैन र मोजाहरूमाथि मसह गर्ने नियमहरू: .............45

आठौँ: तयम्मुम सम्बन्धी नियमहरू:...................................47

नवौं: महिनावारी र सुत्केरी सम्बन्धी नियमहरू:......................50

**दोस्रो विषय: सलाह (नमाज) .......................................53**

पहिलो: अजान र इकामत सम्बन्धी नियमहरू: ......................53

दोस्रो: सलाहको स्थान र सद्गुण: ........................................57

तेस्रो: सलाहका शर्तहरू: ......................................................59

चौथो: सलाहका स्तम्भहरू:..................................................61

पाँचौं: नमाजका वाजिब कार्यहरू: .......................................66

छैठौं: नमाजका सुन्नतहरू: ..................................................68

सातौं: सलाह (नमाज) पढ्ने तरिका: ....................................71

आठौं: नमाजका मकरूह कार्यहरू:.......................................78

नवौं: नमाजलाई रद्द गर्ने कुराहरू: .......................................78

दशौँ: सुजूदु अस्सहव: .........................................................79

एघारौं: सलाह (नमाज) पढ्ने निषेधित समयहरू: ..................82

बाह्रौँ: जमाअतको सलाह (नमाज):.....................................82

तेह्रौँ: सलातुल् खौफ (डरको नमाज):.................................85

डरको नमाजको कैफियत: ................................................86

चौथौँ: जुमाको सलाह: ................................................87

पाँचौं: जुमाको दिन गरिने मुस्तहब कार्यहरू: ..........................89

जुमा पाउनु:...................................................................91

पन्ध्रौं: वैध कारण भएकाहरूको सलाह:..................................91

सोह्रौँ: सलातुल ईदैन (ईदको नमाज):....................................95

सत्रौं: ग्रहण (सूर्य वा चन्द्रमा) को सलाह: ............................97

अठारौं: सलातुल् इस्तिस्काः (वर्षाको नमाज): .......................99

उन्नाइसौं: जनाजह (अन्त्येष्टि) सम्बन्धी नियमहरू: ..............101

**तेस्रो विषय: जकात.......................................................105**

१) जकातको परिभाषा र यसको महत्व:.............................105

२) जकात अनिवार्य हुनुका शर्तहरू: .................................106

३) जकात अनिवार्य हुने सम्पत्तिहरू:..................................107

**चौथो विषय: सौम (रोजा): .........................................120**

रमजानको उपवास (रोजा) फर्ज हुने शर्तहरू: .......................120

**पाँचौं विषय: हज र उमरह .........................................130**

हज र उमरह अनिवार्य हुने सर्तहरू: .................................131

एहराम लगाउने मीकातहरू: ............................................132

एहराम: ..........................................................................134

उमरह: ...........................................................................139

हज: ...............................................................................144

**तेस्रो अध्याय: लेनदेनको सम्बन्धमा ............................147**

***

رئاسة الشؤون الدينية
بالمسجد الحرام والمسجد النبوي

# رسالة الحرمين

# Message of The Two Holy Mosques

Guidance content for the visitors of the Holy Mosque and the Prophet's Mosque in languages.

978-603-517-122-9